सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ कात्तिक २०८१, बिहीबार (7 Nov 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २०० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ट्रम्पको पुनरागमन

'अमेरिकी फर्स्ट'को नारा अगाडि सारेका ट्रम्पको ह्वाइटहाउसमा पुनरागमनले रुस-युक्रेन युद्ध, मध्यपूर्व तनाव, आप्रवासन र विश्व व्यापार नीतिमा के हुन्छ भन्नेमा विश्वकै चासो



नेपालसहित विश्वका नेताको बधाई

राष्ट्रपति रामचन्द्र पौडेलले अमेरिकी राष्ट्रपतिमा जितका लागि डोनाल्ड ट्रम्पलाई बधाई दिएका छन्। सामाजिक सञ्जाल एक्समा न्यानो बधाई सन्देश राष्ट्रपतिले उल्लेख गरेका छन्, 'संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिको रूपमा दोस्रो कार्यकालका लागि तपाईंलाई सफलताको शुभकामना ! तपाईंको कार्यकालमा नेपाल-अमेरिका सम्बन्ध थप सुदृढ हुनेमा म विश्वस्त छु।' कठोर र अनुदारवादी म्यान्डेटसहित ह्वाइटहाउस पुनरागमन गर्न लागेका ट्रम्पलाई बधाई दिएका छन्।

एजेन्सी

विश्व महाशक्ति अमेरिकामा दोस्रो कार्यकालका लागि राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको जित तय भएको छ। राष्ट्रपतीय निर्वाचनको अन्तिम नतिजा आउन अझै केही समय लाग्न सक्छ, तर ह्वाइटहाउसमा ट्रम्पको पुनरागमन भने सुनिश्चित भइसकेको हो। अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्पले २० जनवरी २०२५ मा शपथ लिनेछन्। उनी पहिलोपटक २०१६ मा राष्ट्रपति भएका थिए। अमेरिकी राष्ट्रपतिमा को आउँछ भन्ने विषयले खास गरेर विश्व राजनीति, सैन्य क्षेत्र र अर्थव्यवस्थामा प्रभाव पार्ने भएकाले संसारभर यसलाई चासोका साथ हेरिन्छ।

ट्रम्पको दोस्रो कार्यकालमा कस्तो होला विदेश नीति ?
पृष्ठ ५ मा

ट्रम्पको जितले नेपाललाई पर्ने असरबारे विज्ञहरूको धारणा
पृष्ठ २ मा

रिपब्लिकन पार्टीका ट्रम्पले कुल ५३८ मध्ये राष्ट्रपति पदमा विजयी हुन आवश्यक २७० इलेक्टोरल कलेज मतभार पार गरिसकेका छन्। अग्रता हेर्दा उनले ३१२ मत आफ्नो पक्षमा सुरक्षित गर्न सक्ने देखिन्छ। ट्रम्पको कार्यकाल सहज हुने गरी आँकडाले सिनेट र हाउस अफ रिप्रिजेन्टेटिभमा पनि रिपब्लिकनकै वर्चश्व हुने देखाएका छन्। रिपब्लिक पार्टीले सय सदस्यीय सिनेटमा बहुमत पार गर्दै ५२ स्थान पक्का गरिसकेको छ भने हाउसमा पनि बहुमतको २१८ को आँकडा पार गर्ने देखिँदै छ।

ट्रम्पले यस निर्वाचनमा लोकप्रिय मत र मत प्रतिशतसमेत राम्रो नतिजा प्रदर्शन गर्ने देखिएको छ। यसपटक ट्रम्पले कम्तीमा ५१ प्रतिशत मत पाउने संकेत मिलेको छ। साथै, लोकप्रिय मतमा पनि उनले प्रतिद्वन्द्वी ह्यारिसलाई उल्लेख्य अंकले पछि पार्ने भएका छन्। पछिल्लो नतिजामा उनी ह्यारिसभन्दा करिब ५० लाख मतले अगाडि छन्।

अघिल्लोपटक निर्वाचन जित्दा ट्रम्पले खसेको कुल मतको ४६.१ प्रतिशत मात्रै प्राप्त गरेका थिए, जब कि प्रतिद्वन्द्वी

» पृष्ठ २ मा क्रमशः

जित सुनिश्चित गर्ने ट्रम्पका एजेन्डा

अमेरिकालाई हरहालतमा फेरि महान् बनाउने ट्रम्पको सबैभन्दा आकर्षक नारा

ट्रम्पले चुनावी अभियानका क्रममा अघि सारेका 'एजेन्डा ४७' निकै आक्रामक र अनुदार छन्। अमेरिकालाई हरहालतमा फेरि महान् बनाउने उनको सबैभन्दा आकर्षक नारा थियो। विशेष गरी अवैध आप्रवासीप्रति उनको नीति अत्यन्त कडा देखिन्छ। ट्रम्प अमेरिकी जनताले आप्रवासीका कारण अवसरहरू गुमाउनुका साथै अनेक दुःख पाएको ठान्छन्। केही मुलुकका नागरिकलाई उनी अमेरिका भ्रमणमा प्रतिबन्धित गर्ने पक्षमा छन्। उनी आप्रवासीहरूलाई कुनै अधिकार नदिने र आफ्नै मुलुक फिर्ता गर्ने पक्षमा छन्। अमेरिका र मेक्सिकोबिचको पर्खाल पूरा गर्ने ट्रम्पको भनाइ छ। पुरानो कार्यकालमै उनले यस्तो वाचा गरेका थिए। उनको आर्थिक नीतिको केन्द्रमा 'अमेरिका फर्स्ट'को नीति देखिन्छ। सुन्दा आकर्षक लाग्ने यो नाराका पछाडि नीति भने निकै कठोर र वर्तमान विश्व व्यवस्थाको प्रतिकूल छन्। उनी विदेशी सामानमाथिको शुल्कलाई ६० प्रतिशतसम्म पुऱ्याउने पक्षमा छन्। उनको 'ट्यारिफ' अवरोधको निसाना भने चीन हो। शुल्क वृद्धिको सहारामा उनी अमेरिकी उत्पादनलाई बढावा दिलाउन चाहन्छन्। यसकारण उनको नेतृत्वमा चीनसँगको व्यापार युद्ध चर्किन सक्छ। उनी करका दरका साथै संघीय नियमनलाई पनि कटौती गर्न चाहन्छन्। ट्रम्पले खर्बौंको कर कटौती गर्ने बताएका छन्। अघिल्लो कार्यकालमा पनि उनले यस्तो निर्णय लिएका थिए, जसले धनीहरूलाई फाइदा पुगेको थियो। अर्थव्यवस्थाको वृद्धि गरेर कर कटौतीको भर्पाइ गर्ने ट्रम्पको दाबी छ। महँगी कम गर्ने उनको अर्को एजेन्डा हो। यसबाहेक यसैगरी उनले गर्भपातको विषयमा पनि ठोस निर्णय लिने बताएका छन्।

विदेश नीतिमा उनी युक्रेन युद्धको अन्त्य र मध्यपूर्वमा इजरायललाई थप साथ दिने पक्षमा छन्। युक्रेनलाई सित्तैमा सैन्य सहयोग दिएर अमेरिकाले आफ्नो प्रतिरक्षा प्रणालीलाई कमजोर पारेको उनको बुझाइ छ। उनले मिसाइल प्रतिरक्षालाई थप सुदृढ बनाउने वाचा गरेका छन्।

» पृष्ठ २ मा क्रमशः

मानव तस्करीमा मुछिए कोशीका आन्तरिक मामिलामन्त्री, दिए राजीनामा

प्रदेश र संघीय सरकारको अनुमतिविनै सुटुक्क जापान उडेका एमाले नेता तथा मन्त्री अधिकारीसँगै गएका तीन युवालाई टोकियो अध्यागमनले डिपोर्ट गऱ्यो, काठमाडौं उत्रिएपछि उनीहरू पक्राउ परे, मन्त्री भने राजीनामा दिएर उम्किए

■ मन्त्री अधिकारीको दाबी- निजी भ्रमणमा गएको हुँ, अनुसन्धानमा सहयोग पुऱ्याउन नै राजीनामा दिएँ

मन्त्रिपरिषद्बाट स्वीकृति नलिई निजी भ्रमण भनेर गएको हुँ। रातो पासपोर्ट होइन, निजी पासपोर्ट लिएर गएको थिएँ। गएका अन्य व्यक्तिमाथि शंका लागेपछि म कार्यक्रममा सहभागी नबनी फर्किएँ। केही मान्छे पक्राउ परेका छन्। उनीहरूबारे अनुसन्धान भइरहेको छ। अनुसन्धानमा सहयोग पुऱ्याउन नै मैले राजीनामा दिएको हुँ।

काठमाडौंमा **टेकराज थामी**
झापामा **चिरञ्जीवी घिमिरे**
विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी मानव तस्करी धन्दामा मुछिएका छन्। किर्ते कागजात तयार गरी उनीसँगै जापान गएका तीन युवा पक्राउ परेपछि यो तथ्य खुलेको हो। अनुसन्धानमा सघाउने भन्दै मन्त्री अधिकारीले भने बुधबार पदबाट राजीनामा दिएका छन्।

■ स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नपाएपछि मुख्यमन्त्री कार्कीले नै मागेका थिए राजीनामा

अधिकारीको जापान यात्रा पहिलो पाइलाबाटै शंकास्पद देखिन्छ। जापानको राजधानी टोकियोस्थित टोकियो महानगरपालिकामा हुने सांस्कृतिक कार्यक्रममा प्रमुख अतिथि बन्ने भन्दै १३ कात्तिकमा उनी जापान उडेका थिए। तर, मन्त्रिपरिषद् वा मुख्यमन्त्रीबाट अनुमति लिनुपर्ने कूटनीतिक मर्यादा तोडेर गएका थिए। उनीसँगै खोटाङ ऐँसेलुखर्कका जनक राई, खोटाङकै दावा शेर्पा र रसुवाका कञ्चन देवकोटा जापान पुगेकामा

» पृष्ठ २ मा क्रमशः



■ प्रदेश र संघीय सरकारलाई जानकारीसमेत नदिई सुटुक्क जापान उडेका थिए मन्त्री अधिकारी

मन्त्री लीलाबल्लभ अधिकारी निजी भ्रमण भन्दै १३ कात्तिकमा जापान उडेका थिए। तर, भ्रमणबारे संघीय र प्रदेश सरकारको मन्त्रिपरिषद्लाई जानकारीसमेत दिएका थिएनन्। जब कि वैदेशिक भ्रमणमा जाँदा सरकारबाट अनिवार्य अनुमति लिनुपर्छ। स्वीकृति नलिई विदेश भ्रमणमा जानु कूटनीतिक मर्यादाविपरीत हुन्छ। २३ भदौ ०७९ मा संघीय सरकारले प्रदेश र स्थानीय तहहरूलाई पत्राचार गर्दै यसबारे जानकारी गराएको थियो। उक्त पत्रमा वैदेशिक भ्रमणका लागि प्रदेशका पदाधिकारी र कर्मचारी मनोनयन गर्नुपूर्व प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६ को दफा ५ को उपदफा (१) र (२) बमोजिम परराष्ट्र मन्त्रालयको सहमति लिने र सहमति प्राप्त भएपछि मात्र निर्देशिकाको दफा ६ को उपदफा (३) बमोजिम मनोनयन गर्नुपर्ने उल्लेख गरिएको थियो।

फिर्ता पठाइएकासहित ६ जना पक्राउ परिसके, अनुसन्धानमा थप तथ्य खुल्दै जाला

● **एसपी काजीकुमार आचार्य**, प्रवक्ता
उपत्यका अपराध अनुसन्धान कार्यालय



जापानबाट डिपोर्ट भएर पक्राउ परेका तीनजनामाथि अनुसन्धानका क्रममा उनीहरूले बोकेका परिचयपत्र नक्कली रहेको खुल्यो। धन्दामा संलग्न अन्य तीनजना पनि पक्राउ परेका छन्। घटनामा अरू पनि संलग्न रहेको देखिन्छ। खोजीकार्य हुँदै छ। थप तथ्य खुल्दै जालान्।

डिपोर्टमा परेका तीनजनालाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाएका छौं

● **तीर्थराज भट्टराई**, प्रमुख
त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय



यताबाट मन्त्रीसँगै तीनजना जापान गएका रहेछन्। उनीहरूलाई जापानस्थित अध्यागमन कार्यालयले नेपाल डिपोर्ट गऱ्यो। यहाँ आएलगत्तै हामीले तीनजनालाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाएका छौं। घटना सम्बन्धमा अनुसन्धान हुँदै होला।

■ छठका लागि सिँगारियो कमलपोखरी



छठका लागि झकिझकाउ काठमाडौंको कमलपोखरी। काठमाडौं महानगरले कमलपोखरीसँगै नगरभित्रका आठ स्थानमा छठ मनाउने व्यवस्था गरेको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

मालपोतका कर्मचारी सरुवामा अनियमितता

गत असोजमा भूमि व्यवस्थापन विभागले करिब पाँच सय कर्मचारी सरुवा गर्दा कानुन र विधि मिचेको छानबिन समितिको निष्कर्ष, नमिलेका ६५ सरुवा रद्द गर्न सिफारिस, विवादित सरुवाको निर्णय गर्ने महानिर्देशकको सरुवा गरेर नयाँ पठाइयो

सुवास भट्ट/नयाँ पत्रिका

मालपोतका कर्मचारी सरुवामा अनियमितता भएको भेटिएको छ। गत असोजमा भूमि व्यवस्थापन तथा अभिलेख विभागले विभिन्न तहका करिब पाँच सय कर्मचारी सरुवा गर्दा अनियमितता भएको निष्कर्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गठन गरेको छानबिन समितिले निकालेको हो। अनियमितता भएको भेटिएपछि नमिलेका सरुवा रद्द गर्ने सिफारिस पनि छानबिन समितिले गरेको छ।

विभागले गत १ देखि १५ असोजसम्म विभाग र मालपोत कार्यालयसहितका करिब पाँच सय कर्मचारीको सरुवा गरेको थियो। विभागका तत्कालीन महानिर्देशक कृष्णप्रसाद सापकोटाले सरुवाको यस्तो निर्णय गरेका थिए। तर, सरुवामा विवाद भएपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले २ कात्तिकमा छानबिन समिति गठन गरेका थिए। मन्त्रालयको प्रशासन महाशाखा प्रमुख मदन कोइरालाको संयोजकत्वमा सोही महाशाखाका उपसचिव कृष्णप्रसाद भण्डारी र कानुन अधिकृत गोकुल भुजेल सदस्य रहेको

» पृष्ठ २ मा क्रमशः



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदनले निजामती सेवा ऐन र नियमावलीबमोजिम मालपोतका कर्मचारीको सरुवा नमिलेको निष्कर्ष निकालेको छ। खासगरी शाखा अधिकृत, नासु, खरिदार र कम्प्युटर अपरेटरको सरुवामा समस्या देखिएको छ। ऐन र नियमावलीबमोजिम दुई वर्षमा सरुवा हुनुपर्ने व्यवस्था पालना नभएको, सुगमबाट दुर्गम तथा दुर्गमबाट सुगमतर्फको सरुवा नमिलेको, प्राप्त माग/निवेदनबमोजिम सरुवा नभएको, सरुवापछिको गुनासो सम्बोधन नभएको, सरुवा मापदण्ड नै नबनाएको र दरबन्दीअनुसारको सरुवा नभएकोलगायतका समस्या छानबिन समितिले औंल्याएको छ।

विवादमा तत्कालीन महानिर्देशक सापकोटा, मन्त्रालयले पठायो नयाँ नेतृत्व



भूमि व्यवस्थापन तथा अभिलेख विभागले अनियमित सरुवा गर्दा महानिर्देशक थिए कृष्णप्रसाद सापकोटा। उनले असोजअघि पनि करिब ७२ कर्मचारीको काज सरुवा गरेका थिए। यो सरुवा पनि विवादमा छ। निजामती सेवा नियमावलीको नियम ३६ मा मन्त्रालय वा मन्त्रालयस्तरको केन्द्रीय निकाय वा विभागले प्रत्येक वर्षको असोज १ देखि १५ गतेभित्र कर्मचारी सरुवा गर्न सक्ने व्यवस्था छ। तर, त्यसअघि पनि सापकोटाले कर्मचारी सरुवा गरेका थिए। सापकोटाले आफूखुसी कर्मचारी सरुवा गरेको आरोप छ। असोजमा कर्मचारी सरुवा गरेपछि उनी बिदामा बसेको र गुनासो सम्बोधन नगरेकामा कर्मचारी रुष्ट छन्।

सापकोटाले भने निजामती सेवा ऐनको व्यवस्थाअनुसार नै कर्मचारी सरुवा गरेको दाबी गरे। 'निजामती सेवा ऐनको व्यवस्थाअनुसार नै सरुवा भएको छ,' उनले भने, 'वार्षिक रूपमा हुनुपर्ने यो सरुवा नियमअनुसार नै भएको छ, त्यस्तो केही छैन।' २ कात्तिकको मन्त्रिपरिषद्ले सापकोटालाई राष्ट्रिय योजना आयोगमा सरुवा गरेको छ। गत ५ असारमा विभागको महानिर्देशक बनेर गएका सापकोटाको करिब चार महिनामै सरुवा भएको हो। मन्त्रालयले विभाग महानिर्देशकको जिम्मा भने भूमि व्यवस्थापन महाशाखा प्रमुख सहसचिव शिवप्रसाद रेग्मीलाई दिएको छ। ६ कात्तिकमै जिम्मेवारी तोकिए पनि चाडबाड, बिदालगायतका कारण उनले जिम्मेवारी सम्हालिसकेका छैनन्। यसै साता रेग्मीले महानिर्देशकको जिम्मेवारी सम्हाल्ने मन्त्रालयले जनाएको छ।

गठबन्धन नगर्ने नीतिपछि उपनिर्वाचन कांग्रेसका लागि प्रतिष्ठा



०७९ को स्थानीय तह निर्वाचनमा माओवादीसँग गठबन्धन गरेको कांग्रेसका लागि आगामी १६ मंसिरमा हुने उपनिर्वाचन प्रतिष्ठा, केन्द्रीय संरचना परिचालन गरेर रणनीतिक तयारी

(विस्तृत पृष्ठ ३)

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक राख्न प्रधानमन्त्री उदासीन



प्रधानमन्त्रीको अध्यक्षतामा प्रत्येक तीन महिनामा बैठक बस्नुपर्ने प्रावधान छ, तर सात महिना बितिसक्दा पनि बैठक राख्न चैन चासो

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मानव...

पृष्ठ १ बाट क्रमशः

टोकियो अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले डिपोर्ट गरेको थियो । उनीहरू नेपाल ओर्लिएलगत्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयले तीन युवालाई पक्राउ गरी विमानस्थलस्थित सुरक्षागार्डलाई जिम्मा लगाएको थियो । मन्त्री अधिकारीलाई भने पक्राउ गरेको थिएन ।

विमानस्थलस्थित अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईले जापान अध्यागमनबाट डिपोर्ट भएपछि आइपुगेका तीन युवालाई पक्राउ गरेर प्रहरीलाई जिम्मा लगाएको बताए । 'यताबाट मन्त्रीसँगै तीनजना जापान गएका रहेछन् । उनीहरूलाई जापानस्थित अध्यागमन कार्यालयले नेपाल डिपोर्ट गऱ्यो । यहाँ आएलगत्तै हामीले तीनजनालाई पक्राउ गरेर प्रहरीको जिम्मा लगाएका छौं । घटना सम्बन्धमा अनुसन्धान हुँदै होला ।'

बुधबार पत्रकार सम्मेलन गरेर स्पष्टीकरण दिएका मन्त्री अधिकारीले भने तीन युवालाई जापान अध्यागमनले डिपोर्ट गरेपछि आफू पनि फस्ने डरले उनीहरूसँगै फर्किएको दाबी गरेका छन् । तर, अध्यागमन र प्रहरी स्रोतले भने तीन युवासँगै मन्त्री अधिकारीको पनि डिपोर्ट भएको जनाएको छ । मोरङका स्थापित कानुन व्यवसायीसमेत रहेका अधिकारी एमालेबाट उम्मेदवार बनेर मोरङ २ बाटै प्रदेश सभामा दुईपटक निर्वाचित सांसद हुन् । पहिलो कार्यकालमा पनि सुनकाण्डका तस्करको पक्षमा वकालत गरेको भन्दै उनी विवादमा परेका थिए । त्यतिबेला सनम शाक्य हत्या प्रकरणमा गोरे टिममा रहेका भनिएका प्रहरी अधिकारीहरूको तर्फबाट बहस गरेका अधिकारीलाई एमालेकै तत्कालीन संसदीय दलका नेता शेरधन राईले स्पष्टीकरण सोधेर एक वर्षभन्दा लामो समयसम्म प्रदेश सभामा बोल्न दिएका थिएनन् ।

प्रहरीका अनुसार पक्राउ परेका दावा र कञ्चनसँग मन्त्री अधिकारीको सचिवालय सहायक भनी उल्लेख भएको परिचयपत्र बरामद भएको छ भने जनकसँग खोटाङस्थित ऐँसेलुखर्क गाउँपालिकाको वडा सदस्य उल्लेख भएको परिचयपत्र फेला परेको छ । बरामद सबै परिचयपत्र नक्कली रहेको अनुसन्धानबाट खुलेको छ । त्यस्तै, परिचयपत्र बनाउने धन्दामा संलग्न युगल रिजाल, महेश पाण्डे र वीरबहादुर सुनारलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले मन्त्री अधिकारीसँगै जापानबाट डिपोर्ट भएकाहरूसँग नक्कली परिचयपत्र फेला परेको बताए । उनले भने, 'जापानबाट डिपोर्ट भएर पक्राउ परेका तीनजनामाथि अनुसन्धानका क्रममा उनीहरूले बोकेका परिचयपत्र नक्कली रहेको खुल्यो । धन्दामा संलग्न अन्य तीनजना पनि पक्राउ परेका छन् । घटनामा अरू पनि संलग्न रहेको देखिन्छ । खोजी कार्य हुँदै छ । थप तथ्य खुल्दै जालान् ।'

अध्यागमन स्रोतका अनुसार मन्त्री अधिकारी जापानको टोकियो महानगरपालिकामा हुने सांस्कृतिक कार्यक्रममा भाग लिने तयारीमा थिए । तर, टोकियो विमानस्थलस्थित अध्यामगन कार्यालयले डिपोर्ट गर्ने निर्णय गरेपछि अप्ठ्यारोमा परेका थिए । १४ कात्तिकमै हडकङ हुँदै जापान पुगेका उनले कार्यक्रममा सहभागी हुन सक्दो प्रयास गरेका थिए । तर, असफल भएपछि उनी पुनः हडकङ फर्किएका थिए । त्यसपछि पनि उनले कार्यक्रममा सहभागी हुन कोसिस गरेका थिए । सबै प्रयत्न असफल भएपछि १७ कात्तिकमा नेपाल फर्किएका थिए । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिनासाथ विमानस्थलस्थित अध्यागन कार्यालय पुगेका थिए । आफूसँग गएका युवालाई आफूले नचिन्ने र उनीहरूको गतिविधि शंकास्पद रहेको भन्दै पक्राउ गर्न अध्यागमन कार्यचारीलाई भनेका थिए । त्यसलगत्तै अध्यागमन कर्मचारीले जनक, दावा र कञ्चनलाई पक्राउ गरी प्रहरीलाई बुझाएको थियो ।

अध्यागमन स्रोतले भन्यो, 'जापानको अध्यागमनले मन्त्री अधिकारीसहित चारैजनालाई डिपोर्ट गरेपछि उनीहरू हामीकहाँ आए । मन्त्रीज्यूले सँगै गएका युवा आफूले नचिन्ने र उनीहरूको गतिविधि शंकास्पद रहेको बताए । हामीले तीनजनालाई पक्राउ गरेर प्रहरीलाई दियौं । मन्त्रीलाई भने छाडिदियौं ।'

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सानुराम भट्टराईले प्रारम्भिक अनुसन्धानमा मन्त्री अधिकारीको सीधा संलग्नता नदेखिएको, तर थप अनुसन्धानका क्रममा प्रमाण भेटिए प्रहरीले जिम्मेवारी पूरा गर्ने बताए । उनले भने, 'हालसम्म मन्त्रीज्यूको संलग्नता खुल्ने कुनै कागजात फेला परेको छैन । हामीले प्रारम्भिक अनुसन्धान सकेर काठमाडौं परिसरमा बुझाएका छौं । घटनामा अरू पनि संलग्न छन् । उनीहरू पक्राउ परेपछि मन्त्रीज्यूको नाम कसैले पोले प्रहरीले आफ्नो काम अघि बढाउला । बाँकी अनुसन्धान परिसरबाट हुँदै छ । थप तथ्य उतै खुल्ला ।'

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी वसन्त रजौरेले घटनाको अनुसन्धान भइरहेकाले थप तथ्य पछि मात्रै सार्वजनिक गरिने बताए । 'घटनाको अनुसन्धान चलिरहेको छ । बिचमा तिहार बिदा भएकाले थप अनुसन्धान हुन सकेको छैन । खुलेका तथ्य पछि मात्रै भन्न सकिन्छ,' उनले भने ।

स्पष्टीकरणमा चित्तबुझ्दो जवाफ नपाएपछि मुख्यमन्त्री कार्कीले नै मागेका थिए राजीनामा

अधिकारीको भ्रमण कानुनविपरीत रहेको पाइएपछि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले उनीसँग स्पष्टीकरण लिएका थिए । तर, चित्तबुझ्दो जवाफ नपाएपछि मुख्यमन्त्री कार्कीले उनलाई पदबाट राजीनामा दिन भनेका थिए । सोहीअनुसार नै अधिकारीले बुधबार पदबाट राजीनामा दिएको मुख्यमन्त्री कार्कीले बताए । 'मन्त्री अधिकारीको जापान भ्रमण कानुनविपरीत रहेको देखियो । भ्रमणका लागि उनले स्वीकृति लिएका छैनन् । त्यसो हुँदा उनीसँग स्पष्टीकरण लिइएको हो । चित्तबुझ्दो नभएपछि राजीनामा दिन भनिएको हो,' उनले भने ।

तर, अधिकारीले भने आफूले राजीनामा दिएर नैतिकता देखाएको प्रचार गरेका छन् । बुधबार पत्रकार सम्मेलन गरेर उनले आफू जाने कार्यक्रममा तीन युवा पनि गएको भनेर सुरुमा आफूलाई जानकारी नै नभएको दाबी गरेका छन् । भ्रमणको व्यवस्था एमालेकै एक कार्यकर्ताले मिलाएको र पछि युवाहरूको नक्कली कागजात देखेपछि आफू झस्किएको उनको भनाइ छ । उनीहरू शंकास्पद देखिएपछि आफू कार्यक्रममा बस्दा समस्या हुने ठानेर सँगै फर्किएको पनि उनको दाबी छ । मन्त्रिपरिषद्बाट स्वीकृति नलिई गएको विषय भने स्वीकार गरे ।

'मन्त्रिपरिषद्बाट स्वीकृति नलिई निजी भ्रमण भनेर गएको हुँ । म रातो पासपोर्ट होइन, निजी पासपोर्ट लिएर गएको थिएँ । गएका अन्य व्यक्तिमाथि शंका लागेपछि म कार्यक्रममा सहभागी नबनी फर्किएँ,' अधिकारीले भने, 'केही मान्छे पक्राउ परेका छन् । उनीहरूबारे अनुसन्धान भइरहेको छ । अनुसन्धानमा सहयोग पुऱ्याउन नै मैले राजीनामा दिएको हुँ । नैतिकताको खडेरी भएको अहिलेको समयमा मैले नैतिकताका लागि मार्गप्रशस्त गरेको हुँ ।' उनी गत ४ जेठमा मन्त्री नियुक्त भएका थिए ।

परराष्ट्र मन्त्रालयले २०७६ असार १६ गते 'प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि सम्बन्धमा निर्देशिका २०७६' स्वीकृत गरेको थियो। सो निर्देशिकाको दफा ५ मा प्रदेशका पदाधिकारी तथा प्रदेशका कर्मचारीले सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्नु अघि परराष्ट्र मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । यसमा कुनै पनि संस्थाबाट निमन्त्रणा पत्र प्राप्त भएपछि सम्भव भएसम्म सो संस्था र निमन्त्रणा पत्रको आधिकारिकता बुझ्नेर मात्र मनोनयन सम्बन्धी प्रक्रिया अघि बढाउने उल्लेख छ ।

सरकार सफल बनाउन कांग्रेस-एमालेको संयन्त्र

नयाँ पत्रिका

कांग्रेस-एमालेले प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार सञ्चालनमा समन्वय गर्न दुईदलीय राजनीतिक संयन्त्र बनाएका छन् । प्रधानमन्त्री ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा बनेको संयन्त्रमा दुवै दलका तर्फबाट आठ सदस्यीय कार्यदल पनि बनाइएको छ ।

संयन्त्रको कार्यदलमा कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगनकुमार थापा, गृहमन्त्री रमेश लेखक र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा छन् । एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल, महासचिव शंकर पोखरेल तथा उपमहासचिव विष्णु रिमाल छन् ।

बैठक र समन्वयका लागि संयन्त्रको हरेक महिना आलोपालो हुने गरी पहिलो नेतृत्व कांग्रेसले लिएको छ । पहिलो महिना २१ कात्तिकदेखि २० मंसिरसम्म कांग्रेस उपसभापति खड्काले कार्यदलको संयोजन गर्नेछन् । खड्काले सातबुँदे सहमतिबमोजिम गठन भएको अहिलेको सरकारको कामलाई प्रभावकारी र सफल बनाउन केन्द्रदेखि जिल्ला तहसम्म समन्वय गर्ने काम संयन्त्रले गर्ने बताए ।


'सातबुँदे सहमतिअनुसार बनेको सरकारको कामलाई प्रभावकारी र सफल बनाउनका लागि समन्वय गर्न दुई दलको संयन्त्र बनाइएको हो,' खड्काले भने, 'आपसी समन्वयमा आवश्यकताअनुसार वेलावेलामा बैठक बसेर संयन्त्रले सरकारी कामको समन्वय र समस्या समाधानमा केन्द्रित रहेर छलफल गर्नेछ ।' उनका अनुसार प्रदेश र जिल्ला तहमा पनि दुईदलीय राजनीतिक संयन्त्र बन्नेछ । जसअनुसार प्रदेश र जिल्ला दुवैतर्फको संयन्त्रको नेतृत्व सम्बन्धित कमिटीको दुवै पार्टीका प्रमुखहरूले केन्द्रकै मोडलअनुसार आलोपालो गरेर गर्नेछन् । १५ कात्तिकमा गुपचुपमै संयन्त्र बने पनि मंगलबार पहिलो बैठक बसेर निर्णय गरेपछि मात्र बुधबार दुईबुँदे निर्णय सार्वजनिक भएको छ ।

चीन भ्रमणको तयारी

संयन्त्रले प्रधानमन्त्री ओलीको चीन भ्रमणको तयारी गर्ने निर्णय गरेको छ । औपचारिक भ्रमणको तयारीसम्बन्धी गृहकार्य दुवै पार्टी प्रमुखको निर्देशनमा हुने भएको छ । 'चिनियाँ प्रधानमन्त्री ली छियाङको निमन्त्रणामा आगामी डिसेम्बर महिनामा हुने प्रधानमन्त्री केपी ओलीको चीनको औपचारिक भ्रमणको तयारी संयोजन प्रधानमन्त्री केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवाको निर्देशनमा परराष्ट्रमन्त्री आरजु राणा देउवाले गर्ने । दुई नेताको निर्देशनअनुरूप संयन्त्रको कार्यदलले भ्रमणका लागि आवश्यक गृहकार्यमा सहजीकरण गर्ने,' दोस्रो निर्णयमा भनिएको छ ।

प्रधानमन्त्री ओलीले आगामी १७ देखि २१ मंसिरसम्म चीन भ्रमण गर्ने मिति तय भएको छ । तर, भ्रमणको मिति औपचारिक रूपमा नेपाल र चीन दुवैले सार्वजनिक गर्न बाँकी छ । उच्च स्रोतका अनुसार दुई दलको संयन्त्रले चीन भ्रमणका क्रममा बिआरआई कार्यान्वयन योजनाका विषयमा साझा धारणा बनाउने प्रयास गर्नेछ । चिनियाँ ऋण लिन नहुने कांग्रेसको अडान छ भने सहुलियत ब्याजदरमा ऋण लिँदा फरक नपर्ने एमालेको धारणा छ । कांग्रेसको फरक धारणाका कारण कांग्रेस-माओवादी गठबन्धन सरकारका पालामा बिआरआई कार्यान्वयन योजनाको मस्यौदामा हस्ताक्षर भएको थिएन । प्रधानमन्त्री ओली कांग्रेससँगको सहमतिमा कार्यान्वयन योजनामा हस्ताक्षर गर्न चाहन्छन् । यसबारे सहमति भएमा मात्रै प्रधानमन्त्री ओली अघि बढ्नेछन् ।

छठका लागि दुलहीझैं सिँगारियो घडीअर्वा पोखरी



तस्बिर : **तिवारी यादव**/नयाँ पत्रिका

मालपोतका...

पृष्ठ १ बाट क्रमशः

समिति गठन गरिएको थियो । समितिलाई निजामती सेवा ऐन र नियमावलीअनुसार सरुवा भए/नभएको, प्रचलित सरुवा मापदण्ड भए सोअनुसार गरे/नगरेको, कर्मचारीले स्पष्ट कारण खोली सरुवा निवेदन दिएको अवस्थामा सोको सम्बोधन हुने गरी मानवीय संवेदनशीलतासमेतलाई ध्यानमा राखी सरुवा गरे/नगरेको र स्वीकृत दरबन्दीअनुसार कर्मचारी सरुवा व्यवस्थापन गरे/नगरेको विषय हेर्ने कार्यसर्त तोकिएको थियो । ती कार्यसर्तमा रहेर समितिले १३ कात्तिकमा प्रतिवेदन सचिव अर्जुनप्रसाद पोखरेललाई बुझाइसकेको छ ।

छानबिन प्रतिवेदनले निजामती सेवा ऐन र नियमावलीबमोजिम मालपोतका कर्मचारीको सरुवा नमिलेको निष्कर्ष निकालेको छ । खासगरी शाखा अधिकृत, नासु, खरिदार र कम्प्युटर अपरेटरको सरुवामा समस्या देखिएको छ । सरुवा सूचीको विश्लेषण गरेर समितिले प्रतिवेदन तयार गरेको हो । ऐन र नियमावलीबमोजिम दुई वर्षमा सरुवा हुनुपर्ने व्यवस्था पालना नभएको, सुगमबाट दुर्गम तथा दुर्गमबाट सुगमतर्फको सरुवा नमिलेको, प्राप्त माग/निवेदनबमोजिम सरुवा नभएको, सरुवापछिको गुनासो सम्बोधन नभएको, सरुवा मापदण्ड नै नबनाएको र दरबन्दीअनुसारको सरुवा नभएकोलगायतका समस्या छानबिन समितिले औंल्याएको छ ।

विभागले गरेको ६५ कर्मचारीको सरुवा नै नमिलेको छानबिन समितिले औंल्याएको छ । विभाग तथा काठमाडौं उपत्यकाका कार्यालयमा भएका ती सरुवा नमिलेको समितिले उल्लेख गरेको छ । मालपोतको परिभाषामा काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकलाई उपत्यका मानिन्छ । यी चार जिल्लामा १० मालपोत कार्यालय छन् । उपत्यकामा अवधि पुगेका कर्मचारीलाई बाहिर र बाहिर अवधि पुगेकालाई उपत्यकामा सरुवा गर्नुपर्नेमा त्यसो नगरी उपत्यकाका कर्मचारीलाई विभागले उपत्यकाका कार्यालयभित्रै सरुवा गरेको भेटिएको छ । उपत्यकाका कार्यालयबाट उपत्यकाभित्रैका कार्यालयमा सरुवा भएकामा चारजना मालपोत अधिकृत/शाखा अधिकृत, ३९ नासु, १५ खरिदार र सात कम्प्युटर अपरेटर छन् । उपत्यकाका आकर्षक मानिएका कार्यालयमा अनियमित तरिकाले कर्मचारी सरुवा गरिएको आरोप पनि उनीमाथि छ ।

उपत्यकाभित्रका कार्यालयका कर्मचारीलाई उपत्यकाकै अर्को कार्यालयमा सरुवा गर्दा उपत्यकाबाहिर तथा दुर्गमका कर्मचारीलाई अन्याय भएकोसमेत समितिको ठहर छ । अवधि पुगेका कर्मचारीलाई बाहिर पठाउनुपर्नेमा नपठाएको र उपत्यकाभित्रै सरुवा गर्दा आर्थिक चलखेलसमेत भएको आशंका गरिएको छ । निजामती सेवा ऐनले कर्मचारीलाई एउटा कार्यालयमा रहने अवधि दुई वर्ष कायम गरेको छ । नमिलेका यी कर्मचारीको सरुवा रद्द गर्न छानबिन समितिले सिफारिस गरेको छ । विभागको सरुवाको यो निर्णयमा निजामती कर्मचारी संगठनहरूले पनि विरोध जनाएका छन् ।

छानबिन समितिले विवादित सरुवा रद्द गर्न सुझाव दिए पनि यस विषयमा मन्त्रालयले निर्णय गरिसकेको छैन । विभागको महानिर्देशकबाट भएका निर्णय मन्त्रालयस्तरले मात्र काट्न सक्छ । तर, यसका लागि विभागबाटै प्रस्ताव आउनुपर्ने हुन्छ । हालसम्म विवादित सरुवा रद्दमाथि कुनै प्रक्रिया अघि नबढेको मन्त्रालय स्रोतले बतायो ।

सफ्टी हाइजिन प्रा.लि.
हेटौडा औद्योगिक क्षेत्र
हेटौडा, मकवानपुर, स्थाई लेखा नं. ६०५९९०६५०
सूचना प्रकाशित मिति : २०८१/०७/२२

सार्वजनिक जानकारीको लागि जारी सूचना

सफ्टी हाइजिन कम्पनीबाट उत्पादित तपसिल बमोजिमको सेनेटरी प्याड (न्यापकिन) को मूल्य सार्वजनिक गरिएको व्यहोरा सर्वसाधारणलाई यसै सूचना द्वारा जानकारी गराईन्छ ।

Product Name	Type	MRP
Miss teen Sanitary pad ultra thin : Grade 'A', Length 260±5mm	8 pcs per pack	80
Sanitary pad ultra thin : Grade 'A', Length 290±5mm	10 pcs per pack	100
Sanitary pad ultra thin : Grade 'A', Length 320±5mm	10 pcs per pack	110
Sanitary pad ultra thin : Grade 'A', Length 290±5mm	6 pcs per pack	60
Sanitary pad reagular pad : Grade 'A', Length 245±5mm	6 pcs per pack	40
Sanitary pad reagular pad : Grade 'A', Length 290±5mm	6 pcs per pack	50
Sanitary pad ultra thin : Grade 'A', Length 260±5mm	6 pcs per pack	55
Sanitary pad ultra thin : Grade 'A', Length 320±5mm	6 pcs per pack	70

ट्रम्पको...

पृष्ठ १ बाट क्रमशः

हिलारी क्लिन्टनले ४८.२ प्रतिशत मत प्राप्त गरेकी थिइन् । आफूले हार व्यहोरेको सन् २०२० को निर्वाचनमा भने उनको मत प्रतिशत केही बढेको थियो । उनले ४६.९ प्रतिशत लोकप्रिय मत प्राप्त गरेका थिए ।

अघिल्ला निर्वाचनमा ट्रम्पको प्रदर्शन

सन् २०१६ को राष्ट्रपतीय निर्वाचन ट्रम्पले जितेका थिए । ट्रम्पको पक्षमा ३०४ इलेक्टोरल कलेज परेको थियो । तर, लोकप्रिय मतमा भने ट्रम्प प्रतिद्वन्द्वी हिलारी क्लिन्टनभन्दा २८ लाखभन्दा बढीले पछि परेका थिए । उनले ४६.१ प्रतिशत मात्रै मत प्राप्त गरेका थिए भने उनीसँग पराजित हिलारीले ४८.२ प्रतिशत प्राप्त गरेकी थिइन् । सो निर्वाचनमा रिपब्लिकनले सिनेटको ५२ सिट सुरक्षित गरेको थियो भने २४१ सांसदसहित हाउसमा पनि बहुमत प्राप्त गरेको थियो ।

सन् २०२० मा ट्रम्पको स्थिति

सन् २०२० को निर्वाचनमा जो बाइडेन ३०६ इलेक्टोरल कलेजसहित विजयी भएका थिए । ट्रम्प भने २३२ मै सीमित भए । जित हासिल गरेका बाइडेनले ५१.३ प्रतिशतसहित आठ करोड १२ लाख ८४ हजार लोकप्रिय मत पाए । लोकप्रिय मतमा पनि बाइडेनकै अग्रता थियो । उनले ट्रम्पले भन्दा ७० लाख बढी मत प्राप्त गरेका थिए । सो निर्वाचनमा ट्रम्पले सात करोड ४२ लाख २४ हजार मत पाएका थिए ।



मतमा ट्रम्पको हिस्सेदारी ४६.९ प्रतिशत थियो । सन् २०२० को निर्वाचनमा ६६ प्रतिशतको कीर्तिमानी मत खसेको थियो । सन् २०२० को निर्वाचनमा हाउस अफ रिप्रिजेन्टेटिभमा पनि डेमोक्र्याटिक पार्टीले नै बहुमत प्राप्त गऱ्यो । डेमोक्रेटिकका २२२ सांसद विजयी भए भने रिपब्लिकन २१३ मै समेटियो । सिनेटमा भने रिपब्लिकनका ५० सदस्य रहेका थिए ।

नेपालसहित विश्वका नेताहरूको बधाई र प्रतिक्रिया

कठोर र अनुदारवादी म्यान्डेटसहित ह्वाइटहाउस पुनरागमन गर्न लागेका ट्रम्पलाई बधाई दिन विश्वभरका नेताहरूले 'को पहिलो भन्ने गरी' होड गरेको देखियो । निर्वाचनमा सामान्यतः जितको आँकडा पार गरेपछि बधाई आउनुलाई नौलो मानिँदैन, तर ट्रम्पलाई जितका लागि आवश्यक अंक नपुग्दै विभिन्न मुलुकका नेताहरूबाट बधाई आयो ।

बधाई दिनेहरूको अग्रपंक्तिमा हंगेरीका प्रधानमन्त्री भिक्टोर अर्वान देखापरे । 'अमेरिकी राजनीतिक इतिहासमा अभूतपूर्व पुनरागमन ! बधाई राष्ट्रपति ट्रम्पलाई महाविजयका निम्ति । विश्वको लागि अत्यावश्यक विजय,' उनले सामाजिक सञ्जालमा लेखिहाले । 'इतिहासको भव्यतम् पुनरागमनका लागि बधाई ! ह्वाइटहाउसमा तपाईंको ऐतिहासिक पुनरागमनले अमेरिकालाई नयाँ सुरुआत प्रदान गर्नेछ भने अमेरिका र इजरायलबिचको मित्रतालाई शक्तिशाली प्रतिबद्धता,' ह्वाइटहाउसमा ट्रम्प खोजिरहेका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले एक्समा लेखे । नेतन्याहु ट्रम्पले अमेरिकी सैन्य सहयोगको निरन्तरता दिने र इरानमाथि दबाब बढाउने आशामा छन् ।

क्रेमलिनले पनि प्रवक्ता दिमित्री पेस्कोभमार्फत अमेरिकी निर्वाचनको नतिजाप्रति नरम प्रतिक्रिया जनाएको छ । ट्रम्पको आलोचनाको निसानामा पर्ने गरेको नेटोका महासचिव मार्क रुटले पनि ट्रम्पलाई बधाई दिइसकेका छन् । 'ट्रम्पको नेतृत्व गठबन्धनलाई बलियो बनाउन महत्त्वपूर्ण हुनेछ । सामर्थ्यको माध्यमबाट शान्तिलाई अघि बढाउन म उहाँसँग काम गर्न उत्सुक छु,' मार्क रुटले बधाईमा भनेका छन् । यसैगरी, ट्रम्पसँग पहिलो कार्यकालमा उतारचढावपूर्ण सम्बन्ध रहेका फ्रान्सेली राष्ट्रपति इम्यानुअल म्याक्रोंले पनि मिलेर काम गर्न तयार रहेको प्रतिक्रिया दिएका छन् । 'थप शान्ति र समृद्धिका लागि आपसी विश्वास, सम्मान र महत्त्वाकांक्षासहित चार वर्षमा जसरी नै मिलेर काम गर्न तयार,' उनको प्रतिक्रिया छ ।

ट्रम्पको निसानामा पर्दै आएकी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लियनले भने सतर्कतापूर्ण प्रतिक्रिया दिएकी छिन् । उनले लाखौं आपसी रोजगारी र अर्बौं डलरको व्यापार तथा लगानी आर्थिक सम्बन्धको गतिशीलता र स्थिरतामा निर्भर गर्ने भन्दै मिलेर काम गर्न आह्वान गरेकी छिन् । चीनको विदेश मन्त्रालयले 'शान्तिपूर्ण सहअस्तित्व'मा जोड दिँदै पारस्परिक सम्मान र शान्तिपूर्ण सहअस्तित्व र विन-विनको सिद्धान्तका आधारमा चीन-अमेरिका सम्बन्ध अगाडि बढाउनुपर्ने प्रतिक्रिया दिएको छ ।

अधिल्लो निर्वाचनमा ट्रम्पको प्रचार गरेको भनेर आलोचित भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि बधाई दिएका छन् । उनले एक्समा लेखेका छन्, 'निर्वाचनमा तपाईंको ऐतिहासिक विजयमा मेरो मित्र डोनाल्ड ट्रम्प हार्दिक बधाई । भारत-अमेरिका विश्वव्यापी तथा रणनीति साझेदारी थप सुदृढ हुने विश्वास छ ।'

ट्रम्पको जितले नेपाललाई भूराजनीतिक असर कस्तो पर्छ ?

मधुरमण आचार्य, पूर्वपरराष्ट्रसचिव

अब ट्रम्प २.० का रूपमा उनको पुरानै नीति र घोषणा कार्यान्वयन होला । नेपाललाई धेरै ठुलो फरक पर्छ जस्तो मलाई लाग्दैन । उनले रुस-युक्रेन तथा पश्चिम एसियामा चलेका युद्ध बन्द गरे भने ठुलो उपलब्धि हुनेछ । यसबाट हामी पनि लाभान्वित हुनेछौं । ट्रम्पले आप्रवासीहरूप्रति अनुदारवाद अपनाउँदा यसको असर नेपालीहरूलाई पर्न सक्छ । भारत-क्यानडा सम्बन्ध सुधारका लागि ट्रम्पले सहजीकरण गर्न सक्छन् । अर्कातिर चीनसँग उनले कुनै पनि वेला अँगालो हाल्ने अवस्था पनि हुन सक्छ । ट्रम्पको विजयलाई यही रूपमा हेर्नुपर्ला ।

युवनाथ लम्साल, पूर्वराजदूत

अमेरिकाको हिन्द-प्रशान्त रणनीति (इन्डो प्यासिफिक स्ट्राटेजी) ट्रम्पकै पालामा आएको हो । हामी ठुला शक्ति नभएकाले नेपाललाई आधारभूत रूपमा धेरै फरक पर्दैन । चीन घेराउका सन्दर्भमा अघिल्ला सरकारहरूलाई जस्तै ट्रम्प सरकारले पनि नेपालको महत्त्व बुझेको छ र यस सन्दर्भमा नेपाललाई हेर्ने उसको नजर विगतकै निरन्तरता हुनेछ भन्ने लाग्छ । दक्षिणपन्थी धारका सन्दर्भमा मोदीसँग ट्रम्पको सहकार्य बलियो हुन सक्छ । नेपाललगायत दक्षिण एसियामा भारत र अमेरिकाबिच कतिपय मुद्दामा मेल र बेमेल दुवै छ । ट्रम्पका पालामा चीनसँग व्यापार युद्ध बढ्छ । अमेरिकाले ताइवान, तिब्बत र ट्रेड (तीन टी)को आँखाबाट चीनलाई हेर्छ । त्यस हिसाबले ट्रम्प आउँदा चीनसँग दूरी बढ्न सक्ने स्थिति हुन्छ । नेपालले सतर्कतापूर्वक परिस्थिति नियाल्नुपर्छ ।

पूर्वराजदूत विजयकान्त कर्ण

ट्रम्पको विजयले अमेरिकाको दक्षिण एसिया नीति र त्यसमा पनि नेपाल नीतिमा धेरै फरक पर्दैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग उसको राम्रो सम्बन्ध छ । नेपालका सन्दर्भमा अघिल्लोपटक ट्रम्पको पालामा प्रजनन स्वास्थ्यको नाममा आउने सहायता बन्द भएको थियो, त्यसमा फरक पर्ला । यद्यपि, उनी चीनप्रति थप अनुदार हुन सक्छन् । अमेरिकाले व्यापार, उत्तर कोरिया र इन्डो प्यासिफिक रणनीतिका सन्दर्भमा उसको संवेदनशीलताको रेड लाइन क्रस गऱ्यो भने मात्रै नेपाललाई असर पर्छ, नभए केही फरक पर्दैन ।

नेपाली सेनाका पूर्वउपरथी डा. पूर्ण सिलवाल

चुनावमा ट्रम्पले बोलेको कार्यान्वयन गर्ने हो भने भूराजनीतिक परिस्थिति बदलिन्छ । अब नेटो कमजोर हुने सम्भावना छ । युक्रेनलाई हातहतियार रोके भने रुस-युक्रेन युद्ध रोकिने सम्भावना हुन्छ । चीनलाई छाडेर रुसले अमेरिकासँग सम्बन्ध अघि बढाउँछ कि बढाउँदैन भन्न सकिँदैन । मुख्य कुरा के हो भने ट्रम्प अब अमेरिकाकेन्द्रित हुनेछन् । चीनसँग आर्थिक युद्ध (इकोनोमिक वार)को सम्भावना छ । युरोपसँग उसको सम्बन्धको प्राथमिकतामा कमी आउनेछ । भारतसँग सम्बन्धमा तलमाथि नहोला । गैरकानुनी आप्रवासी निकाल्ने उनको घोषणा कार्यान्वयन भएमा यसको असर नेपाली विद्यार्थी र कामदारलाई पर्नेछ । अब अमेरिकाकेन्द्रित हुने अवस्थामा एमसिसीजस्ता ठुला परियोजना आउँदैनन् । महिलाहरूको प्रजनन स्वास्थ्यसँग सम्बन्धित सहायता रोकिनेछ । चीनसँग सैनिक रूपमा होइन, आर्थिक व्यापार युद्धमा केन्द्रित भएमा नेपालमा उसको रणनीतिक प्रभाव घट्नेछ ।

अरुणकुमार सुवेदी
तत्कालीन प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार

ट्रम्पको आगमनसँगै अमेरिकामा बलियो नेतृत्वको प्रत्याभूति भएको छ । अहिले विश्वमा चलिरहेका युद्धहरू अन्त्य हुने स्थिति छ । यसको सकारात्मक असर नेपाललाई पर्छ । विगतमा नेपाललाई हेर्ने कतिपय दृष्टिकोण र मुद्दामा अमेरिका र भारतबिच फरक हुँदा नेपाललाई परेको कूटनीतिक र राजनीतिक रणनीतिक दबाबबाट मुक्ति मिल्नेछ । अमेरिकाले मेरिटाइम सेक्युरिटी, स्टेट सेक्युरिटी र इन्टरनेसनल फाइनान्सियल ट्रान्जेक्सन सेक्युरिटीलाई चुनौती दिने कुनै पनि स्थितिबाहेकको हकमा अरू देशका बाह्य मुद्दा र द्विपक्षीय मुद्दामा अब उपस्थिति देखाउनेछैन । यो पनि नेपालका लागि ठुलो भू-राजनीतिक दबाबबाट छुटकारा हो ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

बोलपत्रको छनौटको आशयको सूचना

प्रकाशित मितिः २०८१/०७/२२

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८१/०४/३२ को नेपाल समाचार पत्र राष्ट्रिय दैनिकमा प्रकाशित निम्नानुसारको बोलपत्र आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरू मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न	ठेक्का नंवर / खरिदको विवरण	बोलपत्रदाताको नाम ठेगना	कबोल अंक (भ्याट बाहेक)	कैफियत
1	PoAHS/G/NCB-07/2081-82 Procurement of Furnitures	श्री Citizen Furniture Trade Link Pvt Ltd, Pokhara	रु ३३,८०,३२५/- (अक्षरुपि तेत्तीस लाख असि हजार तीन सय पच्चिस रुपैया मात्र)	सारभुत रुपमा प्रभावग्राही बोलपत्र

निर्देशक

गठबन्धन नगर्ने नीतिपछि उपनिर्वाचन कांग्रेसका लागि प्रतिष्ठाको विषय

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

निर्वाचनमा गठबन्धन नगर्ने नीति अख्तियार गरेको कांग्रेसले केन्द्रबाटै रणनीतिको गृहकार्य थालेको छ। ०७९ को स्थानीय तह निर्वाचनमा माओवादीसँग गठबन्धन गरेको कांग्रेसले आगामी १६ मंसिरमा हुने उपनिर्वाचनलाई प्रतिष्ठाको विषय बनाउँदै केन्द्रीय संरचना परिचालन गरेर रणनीतिक तयारी थालेको हो। यसका लागि उम्मेदवार छनोटदेखि प्रचारप्रसारलगायत तयारीका लागि केन्द्रीय संरचना परिचालन गरेको हो। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा नेतृत्वको समितिले बुधबारबाट रणनीतिकेन्द्रित तयारी थालेको हो। चार सहमहामन्त्री र तीन केन्द्रीय सदस्य रहेको स्थानीय तह उपनिर्वाचन केन्द्रीय संयोजन समितिलाई रणनीति बनाउने र परिणाम ल्याउने विशेष जिम्मेवारी छ।

सहमहामन्त्री जीवन परियार उपनिर्वाचनलाई पार्टीले प्राथमिकता दिएर तयारी गरिरहेको बताउँछन्। गठबन्धन नगर्ने पार्टी नीतिसँगै एक्लै परिणाम ल्याउन आवश्यक सबै रणनीतिक तयारीमा लागेको उनको भनाइ छ। 'हाम्रा लागि अन्य निर्वाचनसरह नै उपनिर्वाचन पनि महत्त्वपूर्ण छ। उम्मेदवारको टुंगो तल्लो तहबाटै लाग्छ। केन्द्रबाट आवश्यक सबै प्रकारका समन्वय गर्ने गरी कार्यविभाजन गरेका छौं,' उनले भने, 'पार्टीका सबै तहलाई क्रियाशील बनाएर परिचालन गर्दै छौं। एक्लै परिणाम ल्याउने गरी आवश्यक सबै रणनीतिको गृहकार्य भइरहेको छ।'

समिति सदस्य मधु आचार्यका अनुसार बुधबार पहिलो बैठकले निर्वाचन क्षेत्रको अवस्थाबारे जानकारी लिन नेताहरूलाई संयोजनको जिम्मेवारीसहित कार्यविभाजन गरेको छ। यससँगै सूचना संकलन र विश्लेषण गरेर रणनीति बनाउने कांग्रेसको तयारी छ। 'निर्वाचन हुने स्थानीय तहको राजनीतिक अवस्था र सबै डाइनामिक्सबारे सम्भव भएसम्म फिजिकल्ली पुगेर नभए डिजिटल्ली सूचना संकलनको काम अगाडि बढाएका छौं,' उनले भने, 'समिति बैठकमा उम्मेदवारको टुंगो लागेका र सिफारिस भएका उम्मेदवारको विषयमा विश्लेषण भयो। नेताहरूको कार्यविभाजन गरेर आवश्यक संयोजनको जिम्मा दिएका छौं।'

यसअघि निर्वाचनमा गठबन्धन गरेको कांग्रेसलाई आफूले पाएको मत जोगाउने चुनौती छ। कांग्रेसले २० कात्तिकसम्म उम्मेदवारको टुंगो लगाउन स्थानीय तहलाई परिपत्र गरेको थियो। आचार्यका अनुसार १० स्थानमा सर्वसम्मत उम्मेदवारको टुंगो लागेको छ। तल्लो तहबाट नाम सिफारिस भएर माथिल्लो तहबाट निर्णय हुन बाँकी रहेको स्थानमा दुई दिनभित्र टुंगो लगाउन समितिको निर्देशन छ।

बुधबारको समितिको पहिलो बैठकले प्रदेश, जिल्ला र स्थानीय कार्यसमितिसँग आवश्यक समन्वय र सहजीकरणका लागि नेताहरूलाई सात





हाम्रा लागि अन्य निर्वाचनसरह नै उपनिर्वाचन पनि महत्त्वपूर्ण छ। उम्मेदवारको टुंगो तल्लो तहबाटै लाग्छ। केन्द्रबाट आवश्यक सबै प्रकारका समन्वय गर्ने गरी कार्यविभाजन गरेका छौं। पार्टीका सबै तहलाई क्रियाशील बनाएर परिचालन गर्दै छौं। एक्लै परिणाम ल्याउने गरी आवश्यक सबै रणनीतिको गृहकार्य भइरहेको छ।

● **जीवन परियार**, सहमहामन्त्री, कांग्रेस

प्रदेश र अन्य आवश्यक जिम्मेवारी तोकेको छ। कार्यविभाजनअनुसार सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'लाई बागमती प्रदेश, सहमहामन्त्री भीष्मराज आङ्देम्बेलाई कोशी प्रदेश, सहमहामन्त्री महेन्द्र यादवलाई मधेश प्रदेश, सहमहामन्त्री परियारलाई कर्णाली र गण्डकी प्रदेश, डा. प्रकाशशरण महतलाई अन्तर्पार्टी समन्वयको जिम्मेवारी दिइएको छ। एनपी साउदलाई सुदूरपश्चिम प्रदेश, पुष्पा भुसाललाई लुम्बिनी प्रदेश र निर्वाचन आयोग समन्वय, प्रचार विभाग प्रमुख मीन विश्वकर्मालाई प्रचारप्रसार संयोजन, मधु आचार्यलाई स्थानीय तह समन्वय र नानु बास्तोलालाई सचिवालय व्यवस्थापनको जिम्मेवारी दिइएको छ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार ४४ स्थानका लागि उपनिर्वाचन हुँदै छ। उपनिर्वाचन हुन लागेकामध्ये २७ स्थानमा यसअघि कांग्रेसले जित हासिल गरेको थियो। कांग्रेसले दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरपालिकाका मेयर, एक उपमेयर, दुई गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष, १९ वडाध्यक्ष जितेको थियो। ३४ जिल्लाका ३८ स्थानीय तहमा १६ मंसिरमा उपनिर्वाचन हुँदै छ।

■ अपूर्ण संसदीय समिति : उम्मेदवार छनोटमा सधैंको झमेला

उपनिर्वाचनको उम्मेदवार छनोटसम्म पुग्दा पनि कांग्रेसका सबै तहका संसदीय समिति अपूर्ण छन्। उम्मेदवारको निर्णय र अन्तिम टुंगो लगाउने संसदीय समिति अपूर्ण छन्। विधानअनुसार संसदीय समितिमा पार्टीका विभिन्न तहका पदाधिकारीबाहेकका सदस्य मनोनीत गर्न नेतृत्व तयार नहुँदा उम्मेदवार छनोट गर्ने सबै तहका समितिमा पदेन रहने पदाधिकारी मात्रको हालिमुहाली देखिएको छ।

उपसभापति धनराज गुरुङ संसदीय समितिले पूर्णता पाइनसकेको स्वीकार गर्छन्। ढिला भए पनि पूर्णता दिने प्रक्रियामा रहेको उनको जिकिर छ। 'टिकट वितरणलाई चार तहका संसदीय समिति छन्। सबै तहका संसदीय समितिले पूर्णता पाइसकेको अवस्था छैन। कहिलेसम्म पूर्णता दिने भन्ने विषयमा पार्टीमा कुनै छलफल पनि भएको छैन,' उनले भने।

कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेल बाँकी सदस्य मनोनीत नभए पनि सबैलाई समेटेर टिकट वितरण गर्ने गरिएको दाबी गर्छन्। उनले तथ्यांकमा जानकारी नभए पनि सबै पूर्णता दिने क्रम भने चलिरहेको बताए। 'संसदीय समितिमा पदाधिकारी स्वतः पदेन सदस्य रहन्छन्। केन्द्रीय संसदीय समितिमा अहिले पदाधिकारीबाहेकका संसदीय समितिमा हुनुहुन्न। केन्द्रको टिकट वितरणमा सभापतिज्यूले पदाधिकारी, पूर्वपदाधिकारी र सबै नेतालाई राखेर टिकट वितरण गर्नुभएको छ। तल्लो तहका संसदीय समिति पनि सबै पूर्ण भएका छैनन्,' उनले भने। विधानले पदाधिकारीबाहेक समावेशिताका आधारमा थप सदस्य मनोनीत गरेर उम्मेदवार छनोट गर्ने व्यवस्था गरे पनि कांग्रेसले विधानको यो व्यवस्थालाई बेवास्ता गर्दै पदाधिकारी मात्रको निर्णयका आधारमा उम्मेदवार छनोट गर्ने गरेको छ। यो विषय कांग्रेसमा सधैं विवादमा पर्ने गरेको छ।

कांग्रेस स्थानीय तह समन्वय विभाग प्रमुख मधु आचार्य उपनिर्वाचनका उम्मेदवार विधानको यही व्यवस्थाअनुसार भएको बताउँछन्। अहिलेको उम्मेदवार छनोट विधानअनुसार हुन नसकेको र पदाधिकारी मात्रको निर्णयका आधारमा उम्मेदवार छनोटको विषय परिवर्तन गर्नुपर्ने आवाज पार्टीमा रहेको उनको भनाइ छ। 'विधानको व्यवस्थाअनुसारका पदाधिकारी पदेन रहने भएकाले स्वतः समिति सबै तहमा छन्। विधान संशोधन नहुँदासम्म त्यही व्यवस्थाअनुसार उम्मेदवार छनोट हुने हो। पार्टीमा उठेका मत र सुझावका आधारमा यी व्यवस्थालाई संशोधन गरेर सुधारको प्रयास भइरहेको छ,' भने।

कांग्रेसमा १४औं महाधिवेशनपछि कुनै पनि तहको संसदीय समिति विधानसम्मत बनेका छैनन्। उम्मेदवार छनोटमा समितिमा पदेन रहने पदाधिकारी मात्रको हालिमुहाली हुँदा कांग्रेसमा असन्तुष्टि हुने गरेको छ। यसको असर निर्वाचन परिणाममा देखिएको कांग्रेसको आन्तरिक प्रतिवेदनले नै औंल्याएको छ। विधानअनुसार उम्मेदवार छनोट गर्न प्रतिनिधिसभा, जिल्ला, प्रदेश र केन्द्रीय संसदीय समिति रहने कांग्रेस व्यवस्था छ। कांग्रेस विधानको दफा ३१ मा

■ एमालेमा सर्वसम्मत उम्मेदवार सिफारिस

स्थानीय तहको उपचुनावमा एमालेले सिट थप्ने रणनीतिसहित सबैतिर एकल उम्मेदवार सिफारिस गरेको छ। तीन वर्षपछि हुने निर्वाचनलाई लक्षित गर्दै अहिल्यैदेखि 'मिसन ०८४' लक्षित तयारी अभियान सुरु गरेको एमालेले उपचुनावलाई 'मिनी जनमत'का रूपमा लिएर सिट थप्ने रणनीति अख्तियार गरेको छ। ४४ स्थानमा हुन लागिरहेको निर्वाचनमा एमालेबाट आठजना वडाध्यक्ष निर्वाचित थिए। एमालेले आफूले जितेका सबै वडा सुरक्षित गर्दै बहुसंख्यक स्थानमा जित्ने गरी केन्द्रीयस्तरबाट नीति र योजना बनाएको छ। त्यही नीति कार्यान्वयनका लागि सबैतिर तल्लो कमिटीबाटै सर्वसम्मत एकल उम्मेदवारको नाम सिफारिस भएको केन्द्रीय निर्वाचन विभाग प्रमुख नीरज आचार्यले जानकारी दिए। एमाले काठमाडौंले जिल्लाभित्र उपचुनाव हुन लागेका चारवटै सिटमा सर्वसम्मत उम्मेदवार टुंग्याएको छ। जिल्ला कमिटीको बुधबारको बैठकले कीर्तिपुर नगरपालिकाको मेयरमा डा. सुरेन्द्र मानन्धरसहित चार उम्मेदवारको नाम सर्वसम्मत टुंगो लगाएको जिल्ला इन्चार्ज आनन्द पोखरेलले बताए।

■ कीर्तिपुरको मेयरमा माओवादीबाट महर्जन उम्मेदवार

माओवादीले प्राध्यापक शिवशरण महर्जनलाई कीर्तिपुर नगरपालिकाको मेयरको उम्मेदवार बनाउने भएको छ। माओवादी कीर्तिपुर नगर कमिटीको बैठकले उनको नाम सर्वसम्मत प्रस्ताव गरेको हो। महर्जन त्रिभुवन विश्वविद्यालय केन्द्रीय शिक्षाशास्त्र विभागका पूर्वप्रमुख तथा विश्वविद्यालय अनुदान आयोगको पूर्वसदस्यसमेत हुन्। नेपाल बुद्धिजीवी संगठनको केन्द्रीय सदस्य एवं काठमाडौं जिल्ला संयोजक हुन्। माओवादीले कीर्तिपुर- १ को वडाध्यक्षमा अष्टमान महर्जन र वडा-४ को वडाध्यक्षमा नारायण विष्टलाई सिफारिस गरेको छ। कीर्तिपुर नगरपालिकाका मेयर राजकुमार नकर्मी, वडा नम्बर १ का अध्यक्ष हिरालाल महर्जन र वडा नम्बर ४ का श्यामकुमार अधिकारीको निधन भएपछि उपनिर्वाचन हुन लागेको हो।

संसदीय समितिसम्बन्धी व्यवस्था छ। दफा ३१ (१) मा संघीय संसद्, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा उम्मेदवार चयन गर्न चार तहको संसदीय समितिको व्यवस्था गरेको छ। महानगरपालिकाबाहेकका स्थानीय तहको उम्मेदवार छनोटको अधिकार केन्द्रलाई छैन। गाउँ तथा नगर वडाका अध्यक्ष, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष र नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका प्रमुख र उपप्रमुखको उम्मेदवारको टुंगो लगाउने अधिकार फरक-फरक संसदीय समितिलाई छ।

'हनी ट्र्यापिङ'मा इन्स्पेक्टर र एसपी जोडिएपछि सिआइबीलाई अनुसन्धानको जिम्मा

काठमाडौं/ ललितपुरको बुङमती (भैंसेपाटी) प्रभागमा प्रहरीकै मिलेमतोमा व्यापारीलाई '**हनी ट्र्यापिङ**'मा फसाइएको घटनाको अनुसन्धानको जिम्मा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई दिइएको छ। यसअघि जिल्ला प्रहरी परिसर ललितपुरले अनुसन्धान गर्दै आएकोमा बुधबार पत्राउ परेका अभियुक्त र अनुसन्धान प्रतिवेदन सिआइबीमा बुझाइएको छ।

घटना संगठित प्रकृतिको भएको, अन्यत्र पनि सोही शैलीको अपराध भएको र यसमा प्रहरीका अधिकृत नै मुछिएपछि सिआइबीबाट अनुसन्धान हुन लागेको हो। सो घटनामा प्रहरी प्रभाग बुङमतीकी तत्कालीन इन्स्पेक्टर बिनुकुमारी शाहीको संलग्नता देखिएकोमा उनी फरार छिन् भने एसपी कमल थापाको समेत 'कनेक्सन' देखिएपछि अनुसन्धान अघि बढेको थियो।

तर, अनुसन्धानमा अनेक दबाब आएपछि ललितपुर प्रहरीले अनुसन्धानका लागि सिआइबीमा पठाएको प्रहरी स्रोत बताउँछ। ललितपुर प्रहरीका प्रमुख एसएसपी शेखर खनालले घटना संगठित प्रकृतिको भएको र अन्य जिल्लाको घटना पनि जोडिएकाले पत्राउ परेका अभियुक्तसहित अनुसन्धान प्रतिवेदन सिआइबीमा बुझाइएको बताए। 'यसमा प्रहरीका सिनियर अफिसर पनि जोडिए, अनुसन्धानमा अन्य जिल्लाको क्षेत्राधिकार पनि देखिएपछि सिआइबीमा सिफारिस गरेका हौं,' उनले भने। सोही समूहले गत जेठमा प्रहरी वृत्त दरबारमार्गमा पनि यसैगरी एक व्यवसायीलाई फसाएर १७ लाख रुपैयाँ असुलेको अनुसन्धानमा खुलिसकेको छ।



● **एसएसपी शेखर खनाल**, प्रमुख, ललितपुर प्रहरी

यसमा प्रहरीका सिनियर अफिसर पनि जोडिएको र अनुसन्धानमा अन्य जिल्लाको क्षेत्राधिकार पनि देखिएपछि सिआइबीमा सिफारिस गरेका हौं

ललितपुरको बुङमती प्रभागमा सो समूहले गत ७ असोजमा एक व्यवसायीलाई पत्राउ गरेको थियो। कुटपिटको सामान्य उजुरीमा पत्राउ गरेकोमा बलात्कार मुद्दामा फसाइदिने भन्दै ३० लाख दिन लगाएर मिलापत्र गरिएको थियो, जसमा प्रहरीले समेत डेढ लाख रुपैयाँ लिएको थियो। घटनामा प्रभागका प्रहरी हवल्दार महेन्द्र नेपाल, हनी ट्र्यापिङ गिरोहका नाइके ताज इस्लामसहित सुष्मा विक र भीमादेवी थापालाई प्रहरीले थुनामा राखी संगठित अपराध र आपराधिक लाभ मुद्दामा अनुसन्धान गरिरहेको छ। बुङमती प्रभागकी तत्कालीन प्रमुख रहेकी इन्स्पेक्टर बिनुकुमारी शाहीको समेत सो घटनामा संलग्नता देखिएपछि उनीविरुद्ध पत्राउ पुर्जी जारी भएको छ। तर, उनलाई पत्राउ गर्न प्रहरीले चासो दिएको छैन।

इन्स्पेक्टर र गिरोहबिच कमल थापाले भेटघाट गराइदिएको अनुसन्धानमा खुलेपछि एसपीको समेत बयान लिन जिल्ला सरकारी वकिल कार्यालय, ललितपुरले प्रहरीलाई निर्देशन दिएको छ। तर, दुई साता हुँदा पनि ललितपुर प्रहरीले बयान लिन सकेको थिएन। एसपी थापाले शक्तिकेन्द्रमार्फत आफूमाथिको अनुसन्धान लुकाउने प्रयास गरिरहेका छन्। जबकि दरबारमार्गमा पनि एक ठेकेदारलाई फसाएको घटनामा उनको संलग्नता देखिएको छ। साथै, अर्का एक व्यक्तिलाई लागुऔषध मुद्दामा फसाउने तयारी भइरहेकोसमेत पत्ता लागेको छ। अब तीनै घटनाको अनुसन्धान सिआइबीबाट हुने भएको छ। फरार रहेकी इन्स्पेक्टर शाहीले छानबिनमा संलग्न डिएसपीलगायतमाथि आफूलाई दुर्व्यवहार गरेको भनेर उजुरी दिएकाले पनि सिआइबीमार्फत अनुसन्धान गर्न लागिएको स्रोतले बतायो।

स्नातक तह पुनः तीन वर्षमा झार्ने योजना अन्योलमा



शिवहरि घिमिरे/नयाँ पत्रिका

स्नातक तहको चारवर्षे कार्यक्रम पुनः तीन वर्षमा झार्ने त्रिभुवन विश्वविद्यालयको योजना अन्योलमा परेको छ। उपकुलपति प्राडा केशरजंग बरालले गत ११ फागुनमा नियुक्ति भएलगत्तै प्राथमिकतामा राखेको उक्त योजनामाथि हालसम्म गृहकार्यसमेत सुरु भएको छैन।

शिक्षाविद् र सरोकारवालाले तीनवर्षे कोर्सलाई चारवर्षे बनाएर विद्यार्थीमाथि बोझ थपेको बताउँदै आएका थिए। उनीहरूले स्नातकलाई तीन वर्षकै बनाउँदा ड्रपआउट घट्ने र विद्यार्थीको आकर्षण बढ्ने दाबीसमेत गर्दै आएका थिए। उपकुलपति प्राडा बरालले पनि यस विषयलाई प्राथमिकतामा राखेका थिए। तर, त्रिविका रजिस्ट्रार, रेक्टर र डिनहरू सकारात्मक नदेखिँदा गृहकार्यमा समस्या देखिएको छ। 'तीन वर्षमै झार्नेबारे काम सुरु भइसकेको छैन, मैले नीतिमा चाहिँ समेटेको विषय हो, हाल केही संकायमा नयाँ डिन आउन बाँकी छ,' उपकुलपति प्रा.डा. बरालले भने, 'डिनहरू आइसकेपछि मात्रै यसमा गृहकार्य सुरु हुन्छ।' उनका अनुसार पाँच संकाय (चिकित्सा शिक्षा, इन्जिनियरिङ, कृषि तथा पशु विज्ञान, मानविकी तथा सामाजिकशास्त्र र शिक्षाशास्त्र)मादुई महिनादेखि डिनको कार्यकाल सकिएको छ। कार्यकाल सकिएका संकायमा डिन नियुक्तिका लागि छनोट समितिले काम गरिरहेको छ।

सरकारले शिक्षाशास्त्र, मानविकी र व्यवस्थापन संकायका विषयलाई ०७१/७२ देखि चारवर्षे बनाएको थियो। चारवर्षे कार्यक्रमका कारण 'ड्रपआउट' बढिरहेको उपकुलपति प्राडा बरालको ठम्याइ छ।हाल त्रिविको शिक्षाशास्त्र, मानविकी र व्यवस्थापनतर्फको स्नातक कार्यक्रममा विद्यार्थी संख्या घटेको र 'ड्रपआउट' बढेको तथ्यांकले देखाएको छ।

२२ साउन०८० मा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायका डिन चित्रकुमार बुढाथोकी र मानविकी संकाय प्रमुख कुसुम शाक्यले पहिले तीन वर्षमै रहेको स्नातक तहका केही संकायलाई पुरानै अवस्थामा ल्याउनुपर्ने माग राख्दै प्रस्ताव पेस नै गरेका थिए।

शिक्षाविद् विद्यानाथ कोइरालाले पनि यी कार्यक्रमलाई तीन वर्षमै राख्दा उत्तम हुने बताउँदै आएका छन्। 'त्रिविले वर्षभन्दा पनि क्रेडिट आवरतर्फ बढी ध्यान दिनुपर्छ, तोकिएको समयमा विद्यार्थीले के-कति विषय जान्यो र अध्ययन गऱ्यो भन्ने ठुलो हो,' उनले भने, 'धेरै वर्षपढाएर बुझ्यो भन्ने होइन, यस्तो कारणले झन्विद्यार्थीलाई जागिरको समस्या हुन्छ।'

सरकारले विश्व बैंक, शिक्षाविद्लगायतको सुझावअनुसार तीन वर्षमा सीमित केही संकायलाई चारवर्षे बनाएको थियो। शिक्षाशास्त्रमा ०७२, मानविकीमा ०७४, बिबिएसमा ०७३ देखि चारवर्षे नियम लागू भएको थियो। सरकारले तीनवर्षे कोर्सलाई चारवर्षे बनाउन ०७१ मै नयाँ कोर्स तयारसमेत पारेर अभ्यासमा लगेको थियो।

त्रिविका रजिस्ट्रार प्रा.डा. केदार रिजाल भन्छन्- तत्काल सम्भावना छैन

तीनवर्षे कार्यक्रमलाई चारवर्षे पुऱ्याइएपछि विद्यार्थीमा पनि अलमल बढेको छ। यस्तै बिचमै पढाइ छाड्ने विद्यार्थी पनि बढ्दो देखिन्छन्। तथ्यांकअनुसार त्रिविका आंगिक क्याम्पसमा शिक्षाशास्त्र संकाय बिएड प्रथम वर्षमा भर्ना हुने विद्यार्थी औसत ६५ हजार हुने भए पनि चौथो वर्षमा पुग्दा १९-२० हजारमा सीमित हुने गरेका छन्। चौथो वर्षपुग्दा आधाभन्दा बढी विद्यार्थीले पढाइ छाड्छन्। यसको एउटा कारण तीनवर्षे कार्यक्रमलाई चार वर्षमा लैजानु पनि रहेको शिक्षाविद्हरूको दाबी छ।

मानविकी संकायतर्फ ०७९ मा प्रथम वर्षमा १२ हजार हाराहारी विद्यार्थी थिए भने तेस्रो वर्ष ०८१ मा आइपुग्दाआठ हजार पाँच सय विद्यार्थी मात्रै अध्ययनरत छन्। बिबिएसतर्फ ०७९ मा एक लाख ११ हजार ६८० विद्यार्थी प्रथम वर्षमा अध्ययनरत थिए भने ०८१ मा तेस्रो वर्षमा ५९ हजार ४०३ विद्यार्थी छन्।

त्रिविका रजिस्ट्रार प्राडा केदार रिजालले विदेशी स्ट्यान्डर्ड र मान्यतालाई आत्मसात गर्ने हो भने चारवर्षेलाई तीनवर्षेमा झार्दा समस्या हुने बताए। 'चारवर्षे बनाइएका संकायलाई तीन वर्षमा झार्न कठिन छ, किनभने अध्ययन अनुसन्धान गरेरै लागू गरिएको हो, तत्काल तीन वर्षमा झार्न कठिन हुन्छ,' उनले भने।

■ राज्यलाई गिज्याइरहेको पुल



भक्तपुरको लोकन्थलीबाट काठमाडौं महानगरपालिका- ३२ नरेफाँटतर्फ आउँदै गर्दा मोटरसाइकलमा सवार बालक मनोहरा खोलामाथिको क्षतिग्रस्त पुल देखेपछि डराउँदै। गत असोजमा गएको बाढीले पुलको एकापट्टिको भाग भत्काएपछि मर्मत नै नगरी छाडिएको छ। ट्राफिक प्रहरीले एकातर्फी भनेर साइनबोर्ड राखेको छ। **तस्बिर : अमुल थापा**/नयाँ पत्रिका

पोखरामा रास्वपाको धर्ना

पोखरा/ पार्टी सभापति रवि लामिछानेको पत्राउको विरोधमा आन्दोलनरत रास्वपाले बुधबार पोखरामा एक घण्टा धर्ना दिएको छ। पोखराको मानव अधिकार चोकमा अपराह्न ४ देखि ५ बजेसम्म भएको धर्नामा पार्टीका नेता-कार्यकर्ताले प्लेकार्डसहित प्रदर्शन पनि गरे। धर्नामा सांसद शिव नेपालीसहित नेता-कार्यकर्ताको उपस्थिति थियो। धर्नामा सहभागीले 'मानव तस्करहरूलाई कारबाही गर, न्याय मार्न पाईंदैन, भ्रष्टहरूलाई कारबाही गर, भ्रष्ट सरकार चाहिँदैन, न्याय मार्न पाईंदैन, सहकारीपीडितलाई न्याय दे, न्यायका लागि शान्तिपूर्ण प्रदर्शन, काण्डैकाण्ड उदांगो छ, सरकार अब नांगो छ' लगायत नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए। सभापति लामिछानेलाई राजनीतिक पूर्वाग्रह प्रेरित भई गरिएको पत्राउविरुद्ध र सहकारीपीडितलाई न्यायको मागसहित आन्दोलन जारी रहेको सांसद नेपालीले बताए। मंगलबार पोखरामा भएको प्रदर्शनमा प्रहरीले बलसमेत प्रयोग गरेको थियो। रास्वपाले उक्त घटनाको पनि भर्त्सना गरेको छ। सहकारीको रकम गोर्खा मिडियामा लगिएको विषयमा २ कात्तिकमा काठमाडौंबाट पत्राउ परेका लामिछाने प्रहरी हिरासतमा छन्। सरकारले राजनीतिक प्रतिशोध साँधेको भन्दै रास्वपा आन्दोलनरत छ।



पूर्व-पश्चिम राजमार्ग विस्तारको काम सुस्त
नौ महिनामा सात प्रतिशत मात्र

झापामा **चिरञ्जीवी घिमिरे**

पूर्व-पश्चिम राजमार्गअन्तर्गत काँकडभिट्टादेखि लौकहीसम्म सडक विस्तारको काम नौ महिनामा सात प्रतिशत भएको छ। काँकडभिट्टादेखि इटहरीसम्म ९५.७६ किलोमिटर सडकलाई चौडा गर्दै चार लेन बनाउने योजनाअनुसार सडक विस्तारको काम पहिलो वर्षको नौ महिनामा सात प्रतिशत मात्र भएको हो।

१९ अक्टोबर ०२३ मा ठेक्का लागे पनि काम भने फेब्रुअरी ०२४ बाट सुरु भएको थियो। जसमा ६ वटा पुलसँगै सडक विस्तार गर्नुपर्नेछ। यो सडकलाई विभिन्न खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ। सडक विस्तारका लागि पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई खण्डको कार्यालयसमेत सञ्चालन गरिएको छ। पूर्वी खण्डमा काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटर पर्छ भने पश्चिम खण्डमा केर्खादेखि इटहरीसम्मको ५०.७६ किलोमिटर पर्छ। दुवै खण्डमा सडक निर्माणको काम भने करिब सात प्रतिशत मात्र भएको काँकडभिट्टा-लौकही सडक योजनाले जनाएको छ।

दुई खण्डमा ठूला नदीमा ६ वटा पुल निर्माण गर्नुपर्ने आयोजनाले जनाएको छ। पूर्वी खण्डमा निन्दा, बिरिङ र कन्काई पुल छ। पश्चिम खण्डमा रतुवा, बक्राह र लोहेन्द्र पुल पर्छ। पूर्वी खण्डको पुलको काम भने सुस्त गतिमा छ। पूर्वी खण्डको तीनवटा पुल निर्माणको काम चार प्रतिशत मात्र



पूर्व-पश्चिम राजमार्गअन्तर्गत मोरङको पथरीशनिश्चरे क्षेत्रमा राजमार्ग विस्तारका लागि खनिएको सडक। **तस्बिर : नयाँ पत्रिका**

भएको काँकडभिट्टा-लौकही सडक योजना (पूर्वी खण्ड)का प्रमुख सुनीलबाबु पन्तले जानकारी दिए। पश्चिम खण्डका तीनवटा पुलको काम करिब साढे सात प्रतिशत भएको काँकडभिट्टा-लौकही सडक योजना (पश्चिम खण्ड)का प्रमुख जगत प्रजापतिले बताए।

बंगलादेशको ढाका हुँदै नेपालको पूर्वी नाका काँकडभिट्टामा जोडिने एसियन राजमार्गसँग जोडिएको नेपालको पूर्व-पश्चिम राजमार्गलाई सहरी क्षेत्रमा सर्भिस लेन र फुटपाथ गरी ६ लेन र अन्य क्षेत्रमा चार लेन बनाउने गरी सडक स्तरोन्नति भइरहेको छ। जसअन्तर्गत काँकडभिट्टादेखि केर्खासम्मको ४५ किलोमिटर सडक दश अर्ब ६ करोडमा एभरासकोन-कालिका जेभीले ठेक्का लिएको छ। उसले सडकमा पर्ने साना खोलामा पुलसमेत निर्माण गर्नेछ। यस्तै, पूर्वी खण्डमा पर्ने कन्काई, निन्दा र बिरिङ नदीको पुल निर्माणका लागि कोभेक-सिआइजिसी-टुन्डी जेभीले पाँच अर्ब ९७ करोडमा ठेक्का लिएको छ।

केर्खादेखि पश्चिम मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक सिआरएफजी-टुन्डी जेभीले नौ अर्ब १३ करोडमा ठेक्का लिएको छ। गोठगाउँदेखि इटहरीसम्मको १०.७६ किलोमिटर कोभेक-सिआइजिसी-टुन्डी जेभीले चार अर्ब सात करोडमा निर्माणका लागि ठेक्का लिएको छ। पश्चिम खण्डमा पर्ने ठूला नदी रतुवा, बक्राह र लोहेन्द्र पुल निर्माणका लागि कोभेक-सिआइजिसी-टुन्डी जेभीले पाँच अर्ब ६५ करोडमा ठेक्का लिएको काँकडभिट्टा-लौकही सडक योजना कार्यालयले जनाएको छ। यी सबै ठेक्का १९ अक्टोबर ०२३ मा लागेको छ। सबै ठेक्काको काम तीन वर्षभित्र सक्नुपर्ने आयोजनाले जनाएको छ।

सडक विस्तारका लागि दुवै खण्डमा सडकमा पर्ने सबै रुख हटाइएको आयोजनाले जनाएको छ। अहिले सडकमा पर्ने सहरमा कति घर भत्काउने भन्ने तथ्यांक संकलनको काम भइरहेको छ। 'रुख सबै हटाइसकेका छौं। बिजुलीको पोल हटाउने काम पनि धमाधम भइरहेको छ। यो काम २५ प्रतिशत सकिएको छ,' पूर्वी खण्ड प्रमुख पन्तले भने, 'सहरमा कति घर भत्कन्छ भन्ने तथ्यांक संकलनको काम भइरहेको छ। पुरानो रिपोर्ट त छ, तर त्यसमा केही परिवर्तन हुन सक्छ। त्यसैले फेरि रिपोर्ट बनाउँदै छौं। घर भत्काउनुपरेमा मूल्यांकन गरेर क्षतिपूर्ति दिन्छौं।'

नौ महिनामा सात प्रतिशत काम हुनु सन्तोषजनक नै भएको पन्तको दाबी छ। 'नौ महिनाको समय हेर्दा काम थोरै लाग्छ। तर, अरू आयोजनाभन्दा काम भएको छ। पहिलो वर्षमा रुख र बिजुलीको पोल हटाउँदै साइड क्लियरेन्समा समय लाग्छ,' उनले भने, 'असारसम्मा एडिबी र सरकारले दिएको करिब ६५ करोडमध्ये ६२ करोड बजेट खर्च भएको छ। काम सुरु भएलगत्तै बर्खा लाग्यो। त्यसपछि चाडबाड। अब छठपछि लगातार काम गर्ने निर्माण कम्पनीको प्रतिबद्धता छ।'

बिआरआई सम्झौतामाथि बहस

बिआरआईमार्फत चीनसँग रेलवे कनेक्टिभिटी तयार गर्न सक्दा यो परियोजना नेपालको आर्थिक विकासका लागि कोसेढुंगा बन्न सक्छ



● प्रेमलकुमार खनाल

अग्रलेख

नेपाल र चीनबिच 'बेल्ट एन्ड रोड इनिसिएटिभ' परियोजना अर्थात् बिआरआई सम्झौता भएको सात वर्ष भयो। नेपालले सन् २०१४ मा यस परियोजनामा सैद्धान्तिक सहमति जनाउँदै २१ मार्च, सन् २०१६ मा 'ट्रान्जिट ट्रान्सपोर्ट एग्रिमेन्ट' हुँदै १२ मे, सन् २०१७ मा बिआरआई परियोजनामा हस्ताक्षर गरेको हो। तर, यो परियोजना अझै कार्यान्वयनमा भने गएको छैन। नेपाल र चीनका उच्च सरकारी अधिकारीबिच विगतमा भएका हरेक भ्रमण र छलफलमा यो विषय उठ्ने गरेको छ। तर, कार्यान्वयन कसरी हुन्छ भन्नेचाहिँ टुंगो लागेको छैन। तर, परियोजनाको मोडालिटीबारे कुनै काम हुन सकेको छैन।

बिआरआई परियोजनाअन्तर्गत नेपालले प्रस्ताव गरेका परियोजनामा रसुवागढी-काठमाडौं सडक स्तरोन्नति, किमाथांका सडक, दिपायलबाट चिनियाँ नाकासम्मको सडक, टोखा-विदुर सुरुङमार्गसहित सडक, गल्छी-रसुवागढी-केरुङ ४०० केभी प्रसारण लाइन, केरुङ-काठमाडौं रेलवे सम्भाव्यता अध्ययन, तमोर जलविद्युत् परियोजना, फुकोट कर्णाली जलविद्युत् परियोजना र मदन भण्डारी विश्वविद्यालय रहेका छन्। यसबिच बिआरआईमा सम्झौता गरिएका दुईवटा परियोजना भारतलाई निर्माण गर्न सरकारले दिएको भन्ने जुन विषय बाहिर आएको छ, यसले आगामी दिनमा समस्या उत्पन्न गर्न सक्छ। तर, कुन परियोजना कसरी अघि बढाउने, लगानी ककसले गर्ने भन्नेबारे नेपालले कुनै प्रस्ताव तयार गरेको विषय सार्वजनिक भने भएको छैन। अहिले आएर यो सम्झौतालाई रणनीतीकरण गर्न खोजिएको छ। परियोजनाको मोडालिटी तयार गरेर चिनसँग वार्ताको टेवुलमा नबसी अनुदान भए लिने, अन्यथा अस्वीकार गर्ने खालका अभिव्यक्ति आएका छन्। यस्ता अभिव्यक्तिले नेपालको निश्वसनीयता कायम हुँदैन।

बिआरआईअन्तर्गत नेपालले प्रस्ताव गरेका नौवटा परियोजनाको प्रगति सन्तोषजनक छैन। तीमध्ये केरुङ-काठमाडौं रेलमार्ग परियोजनाअन्तर्गत चीनकै लगानीमा सम्भाव्यता अध्ययन (डिपिआर) मात्र भएको छ। रेलमार्गमा चीनले सम्पूर्ण लगानी गर्ने प्रतिबद्धता जनाए पनि यो परियोजना डिपिआरभन्दा अगाडि बढेको पाइएको छैन।

प्रधानमन्त्री पुष्पकमल दाहालले गत वर्ष चीन भ्रमण गर्ने क्रममा बिआरआईबाहेकको परियोजनामा लगानी गर्न चीनलाई आग्रह गरे पनि चीन बिआरआईबाहेकका परियोजनामा लगानी गर्न उत्साहित देखिएको छैन। साम्राज्यवादी पश्चिमाहरूले बिआरआई परियोजना सञ्चालन गरेपछि नेपाल ऋणको पासोमा पर्ने अफवाह फैलाएका छन्।

र, साम्राज्यवादी पश्चिमाहरूले यसरी अफवाह फैलाएपछि नेपालका बुर्जुवा पुँजीवादीहरू पनि 'हो 'मा हो मिलाउँदै बिआरआईबाट ऋणको बोझ बढ्ने र छिमेकी भारतसँगको सम्बन्धमा असन्तुलन होला भनेर हच्किएको देखिन्छ। बिआरआई कार्यान्वयन गर्दा नेपाल चीनतिर ढल्किएको भन्ने गलत भाष्य तयार गर्ने अनि भारत र अमेरिकाको ऋण सहयोग भए सम्बन्ध सन्तुलित हुने भन्ने तर्क औचित्यहीन छ।

बिआरआईको अवधारणा चिनियाँ राष्ट्रपति सी जिङपिङले पहिलोपटक काजकस्तानजस्थित नजरबावेभ युनिभर्सिटीबाट ७ सेप्टेम्बर, सन् २०१३ मा घोषणा गरेका हुन्। उनले दोस्रोपटक एसियन मुलुकको भ्रमणका क्रममा इन्डोनेसियाली संसद्लाई सम्बोधन गर्ने क्रममा ३ अक्टोबर, सन् २०१३ मा बिआरआई घोषणा गरेका हुन्।

बिआरआईको अवधारणा पुरानो सिल्क रोडको नयाँ स्वरूप हो र यसले विश्वलाई 'एक क्षेत्र एक सडक'का माध्यमबाट जोड्ने लक्ष्य लिएको छ। यो एक विशाल र महत्त्वाकांक्षी परियोजना हो। विशाल लक्ष्य र उद्देश्य बोकेको यो परियोजना केवल रेललाइन र सडकको कनेक्टिभिटीसँग मात्र सम्बन्धित छैन। खासगरी यस परियोजनाले पाँचवटा विषयलाई मुख्य रूपमा समेटेको छ। नीतिगत समन्वय, रेलवे र हाइवेसहितको संरचना, खुला व्यापार, आर्थिक समन्वय र जनजनबिचको सम्बन्धजस्ता विषयलाई मुख्य आधारका रूपमा लिएको छ। यो परियोजना एसिया, युरोप हुँदै सिंगो विश्वलाई समेट्ने गरी तयार पारिएको छ। नेपालजस्तै गरी विशाल राष्ट्र चीनसित सिमाना जोडिएका २० छिमेकी मुलुक छन्। बिआरआईमा हालसम्म १५२ देशले सम्झौता गरिसकेका छन्। तर, यथार्थमा भारत र भुटानले सम्झौता गरेका छैनन्। मध्यपूर्व र युरोपीयन देशमा बिआरआई परियोजना सञ्चालन युद्धस्तरमा भइरहेका छन्। चीनले आफ्नो विकास र समृद्धिलाई छिमेकी राष्ट्रसँग समेत पारस्परिक रूपमा साटासाट गर्दै एसियालाई विश्वको पहिलो र सफल महादेशका रूपमा स्थापना गर्ने लक्ष्य लिएको देखिन्छ। एसियन इन्फ्रास्टक्चर इन्भेस्टमेन्ट बैंक र सिल्करोड फन्डको



सहभागितामा आर्थिक परिचालन गरी अगाडि बढाइने यो परियोजनामा सबै छिमेकी मुलुकको सहभागिता रहने चिनियाँ नेतृत्वको विश्वास रहेको छ।

बिआरआई परियोजनाका मुख्य रुटहरू ६ वटा छन्। चीन-मंगोलिया-रसिया, चीन-मध्य एसिया-पश्चिम एसिया, चीन-इन्डोनेसिया, चीन-म्यानमार-बंगलादेश-इन्डिया, चीन-पाकिस्तान आर्थिक कोरिडोर र मेरिनाइम सिल्करोड रहेका छन्। नेपाल भूपरिवेष्टित मुलुक हो। यदि बिआरआईमार्फत नेपालले चीनसँग रेलवे कनेक्टिभिटी तयार गर्न सक्दा यो परियोजना मुलुकको आर्थिक विकासको कोसेढुंगा बन्ने अवसरका रूपमा रहन सक्छ। र, यसबाट नेपाल 'ल्यान्ड लक्ड'बाट 'ल्यान्ड लिंक्ड'का रूपमा विकास हुँदै यस परियोजनामार्फत विश्वसँग जोडिने मौका नेपाललाई प्राप्त हुनेछ। यसबाट समुद्रसम्म नेपालको सोझै सम्पर्क विस्तार हुनेछ।

> बिआरआई कार्यान्वयनमा गए नेपालमा औद्योगिकीकरणका साथै जलविद्युत्, आइटी, कृषि, शिक्षा, पर्यटन, खानेपानी आदि क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक विकासमा कायापलट नै हुनेछ

बिआरआई सम्झौताले नेपालको विकासका सन्दर्भमा धेरै सम्भावना उजागर गर्छ। नेपाल र चीनलाई रेलमार्गले जोड्नेबित्तिकै धार्मिक पर्यटनको व्यापक विकास हुने देखिन्छ। एसियन मुलुकजस्तै म्यानमार, श्रीलंका, मंगोलिया, भुटान र चीनको स्वशासित क्षेत्र तिब्बतलगायत क्षेत्रमा लाखौंको संख्यामा बौद्ध धर्मावलम्बी रहेको हुँदा गौतम बुद्धको पवित्र जन्मभूमि रहेको लुम्बिनी नेपालको धार्मिक पर्यटन हबका रूपमा रहेको छ। तसर्थ, नेपालका लागि बिआरआई एउटा महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ। यस्तै हिन्दु धर्मावलम्बीको पवित्र तीर्थस्थलका रूपमा रहेको पशुपतिनाथलगायतलाई समेत उल्लेख्य मात्रामा पर्यटन प्रवर्द्धनको माध्यम बनाउन सकिन्छ। छिमेकी मित्रराष्ट्र भारतमा करोडौंको संख्यामा हिन्दु धर्मावलम्बी रहेको हुँदा रेलवेको सहज पहुँच भएमा नेपाल पर्यटनको महत्त्वपूर्ण गन्तव्य मुलुक बन्न सक्छ। यसका लागि बिआरआई एउटा कोसेढुंगा साबित हुन सक्छ।

यस्तै विश्वको सर्वोच्च शिखर सगरमाथा नेपाली भूमिमै रहेको छ। विश्वलाई आकर्षण गर्न यो अर्को महत्त्वपूर्ण गन्तव्यस्थल हुनेछ। यसले नेपालको आर्थिक विकासमा ठुलो मद्दत पुग्नेछ।

बिआरआई परियोजनामा प्रत्यक्ष वैदेशिक लगानी भित्रिएसँगै उत्पादन हुने वस्तु र सेवाबाट विश्व बजारसँग सीधै जोडिएर उत्पादन भएका वस्तुको रेल तथा सामुद्रिक मार्ग भएर समान ओसारपसार गर्नसमेत सहज हुनेछ। त्यसैगरी नेपाल कृषि प्रधान देश भएर पनि आफ्नै कृषि उत्पादनमार्फत आत्मनिर्भर हुन सकेको छैन। यदि यस परियोजनामार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र प्रविधीकरण गर्ने हो भने आगामी दिनमा कृषिजन्य वस्तुमा नेपाल आत्मनिर्भर हुने मात्रै होइन, छिमेकी मुलुक चीन, भारत हुँदै युरोपेली मुलुकसम्म निर्यात गर्न सकिन्छ। नेपालको पहाडी र हिमाली भेगमा कृषियोग्य क्षेत्रमा पशुपालन, फलफूल, जडीबुटी, तरकारी खेतीको प्रचुर सम्भावना रहेको छ। यति मात्रै होइन, हिमालबाट बग्ने स्वच्छ र चिसो पानीलाई प्रशोधन गरेर खानेपानी मात्रै अर्बौंका चीन, मध्यपूर्व र युरोपियन मुलुकमा निर्यात गर्न सकिन्छ। नेपालमा रेल आइपुग्दा उत्तरतिर चीन होस् वा दक्षिणतिर भारत, स्वतन्त्र व्यापार सम्झौता गरेर नेपालमा उत्पादित वस्तु रेलमार्फत नै यी दुवै देशका करोडौं उपभोक्ता हुदै दक्षिण-पूर्वी एसिया, युरोप हुँदै विश्व बजारमा पुऱ्याउन सकिन्छ। प्राचीन कालमा अन्तर्राष्ट्रिय व्यापार गरेरै नेपाल धनी र शक्तिसम्पन्न भएको इतिहास हाम्रा सामु रहेको छ।

नेपाल सडक सञ्जाल र रेलमार्गमार्फत चीनसँग आबद्ध हुनेबित्तिकै चिनलगायत विश्वस्तरबाट लगानी भित्रिन सक्ने प्रचुर सम्भावना रहेको छ। नेपालको स्वस्थ हावापानी, सस्तो श्रम तथा कच्चापदार्थको सहज उपलब्धतासमेत वैदेशिक लगानी भित्र्याउन सहज रूपमा सकिने स्थिति छ। नेपालको आर्थिक विकासलाई द्रुतगति प्रदान गर्न यी मेगा परियोजनामा नेपालले साहसी निर्णयसाथ अगाडि बढ्नुपर्छ। यी परियोजनाको निर्माणविना आर्थिक विकास प्रक्रियालाई अगाडि बढाउन सकिँदैन। आर्थिक वृद्धि अर्थात् अर्थतन्त्रको गतिशीलताका लागि बजारलाई सक्रिय गराउनुपर्ने हुन्छ। तर, सडक सञ्जाल, रेलमार्ग र ऊर्जा उपलब्धताको अभावमा अर्थतन्त्रलाई गतिशील बनाउन सकिन्न। अर्थतन्त्रमा ल्याउने गतिशीलता भनेको उत्पादन र उत्पादित वस्तुको बजारमा हुने खपतमा वृद्धि हो। खपत वृद्धि त्यसवेला मात्र हुन्छ, जब उपभोक्ताहरू सहज रूपमा बजार पुग्न सक्छन्।

हाल नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने मुलुकको सूचीमा चीन अग्रस्थानमा रहेको छ। अन्य मुलुकको लगानी र चिनियाँ लगानीको अन्तर ठुलो छ। आगामी दिनमा सहज रूपमा समुद्रसँग नेपालको सहज पहुँच पुग्न गएको खण्डमा नेपालमा लगानीका लागि अन्य मुलुकसमेत आकर्षित हुने र यो दिगो विकासका लागि एउटा प्रमुख माध्यम बन्न सक्छ। यसरी नेपालमा औद्योगिकीकरणका साथै जलविद्युत्, आइटी, कृषि, शिक्षा, पर्यटन, खानेपानी आदि क्षेत्रमा लगानी अभिवृद्धि भएर आर्थिक विकासमा कायापलट नै हुनेछ। यो परियोजनामार्फत अन्य मुलुकलाई समेत आकर्षित गर्न सकेको खण्डमा वैदेशिक लगानीका लागि कुनै एक राष्ट्रसँग मात्र भर पर्नुपर्ने अवस्थाबाट नेपाल मुक्त हुने स्थिति हुनेछ।

बिआरआई सम्झौतामा दुई देशबिच पारस्परिक लाभलाई समतामूलक ढंगबाट साझेदारी गर्ने र देशको सार्वभौमिकता र स्वतन्त्रताको रक्षामा प्रतिबद्ध रहने उल्लेख भएबाट बिआरआईका नाममा अहिले जुन ढंगका अफवाह सिर्जना भएका छन्, यसलाई नेपाल सरकारले जनमानसमा स्पष्ट पार्दै सम्झौतामा उल्लेख भएका परियोजना सञ्चालनको मोडालिटी बनाई चिनियाँ पक्षसँग वार्ता आरम्भ गरी यसलाई टुंग्याएर कार्यान्वयनमा लैजानुपर्छ।

---

३ प्रश्न

पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



■ अमेरिकी चुनाव परिणामबारे के विश्लेषण छ ?

ट्रम्पको प्रचण्ड विजयले राजनीतिक र सामरिक रूपमा गहिरो अर्थ राख्छ। अमेरिकाभित्र र बाहिर सबै देश निधारमा गाँठो पारेर बसेका छन्। अन्तर्राष्ट्रिय सम्बन्ध 'पर्ख र हेर'को अवस्थामा छ। अमेरिकी प्रजातन्त्रको स्वास्थ्य यसपालिको चुनावले सुधार्न सकेन। ३४ वटा मुद्दामा दोषी ठहरिएर सजाय तोकिन बाँकी रहेका ट्रम्पको विजयले अमेरिकी न्यायिक व्यवस्था र जनताको सामूहिक निर्णयको कानुनी र नैतिक वैधतामा द्वन्द्व खडा गरेको छ। उपराष्ट्रपति कमला ह्यारिसको चेतावनी 'ट्रम्पले चुनाव जिते भने अमेरिकी संविधान खारेज हुनेछ, तानासाही शासन स्थापना हुनेछ, हामी सबैलाई जेलमा थुनिनेछ' (२३ जुलाई, २०२४ को एक्स) र 'चुनाव जित्यौ भने के तिमी तानासाह हुन्छौ ?' को जवाफमा ट्रम्पको 'हुन्नँ, हुन्नँ, पहिलो दिनबाहेक' (दी गार्जियन, डिसेम्बर २०२३) स्वीकारोक्तिले विश्वको सबैभन्दा स्थिर तथा जीवन्त प्रजातन्त्रको भविष्यमा चिन्ता थपिएको छ।

■ नेपालको दृष्टिमा ट्रम्पको जितको अर्थ के छ ?

दौत्य सम्बन्ध नहुँदै नेपाल सरकारको विशेष दूतलाई सन् १९४५ मा र पहिलो सैनिक प्रतिनिधिमण्डललाई १९४६ मा डेमोक्रेटिक राष्ट्रपति ट्रुमनले ह्वाइट हाउसमा भेटेका थिए। अमेरिकी कंग्रेसका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने दक्षिण एसियाका पहिलो नेता राजा महेन्द्रलाई बनाउँदा रिपब्लिकन पार्टीका राष्ट्रपति थिए। नेपालसँग अमेरिकाका दुवै पार्टीको सम्बन्धको इतिहास धेरै पुरानो र सहयोगी रहेको छ।

■ नेपालले ध्यान दिनुपर्ने कुरा के हुन सक्छन् ?

भारत र चीनसँगको अमेरिकी सम्बन्धले कुन स्वभाव लिन्छ भन्ने कुरा नेपालका लागि महत्त्वपूर्ण हुन्छ। दुवै छिमेकीसँग नेपालको सम्बन्धमा रहेको असन्तुलन र अनपत्यारको अवस्था हितकर छैन। वैदेशिक सम्बन्धको व्यक्तीकरण गर्ने रोग लागेको नेपालले भूगोलको संवेदनशीलतामा संयमित बन्नुपर्छ। भूराजनीतिक अवस्थितिमा आवेग वा आग्रहमा खेल्नु विपत्तिलाई बोलाउनु हुन्छ। नेपाल भारत, चीन र अमेरिकाको सामरिक राडारमा परिसकेको छ। यसको जोखिम यी तीन देशबीचको सम्बन्धले घटबढ हुन्छ।

प्रेरक प्रसंग

छात्रको अठोट

त्यतिवेला भारत अंग्रेजको उपनिवेश थियो। अंग्रेजहरू भारतीयसँगसँगै उनीहरूको चाडपर्वलाई पनि घृणा गर्थे। अंग्रेजलाई डर लागिरहेको हुन्थ्यो, भारतीय नागरिक आफ्नो चाडपर्वमा भेला भएर कतै विद्रोहको बिगुल नबजाइदिऊन्। यसका लागि उनीहरू स्कुल, कलेजका विद्यार्थीबाट विशेष रूपमा सावधान रहन्थे।



एकपटक पटनाको एउटा कलेजमा विटमोर नामका एक नयाँ हेडमास्टर आए। उनी भारतीय विद्यार्थीसँग अत्यन्तै कडा व्यवहार गर्थे। उनी कलेजमा आएको धेरै समय भइसकेको थियो। दीपावली पर्व नजिक आउँदै थियो। सबै विद्यार्थीले सोचे, यसपटक मिलेर दीपावली मनाउनुपर्छ। त्यसक्रममा कलेजमा पनि दीपावली गर्नुपर्छ। उनीहरू हेडमास्टरकोमा यसका लागि अनुमति माग्न गए। तर, उनले कड्केर भने, 'बिल्कुलै हुँदैन, दीपावलीमा तिमीहरूको विशेष परीक्षा हुनेछ। जो विद्यार्थी अनुपस्थित रहनेछ, त्यसलाई कलेजबाट बाहिर निकालिनेछ।' सबै विद्यार्थी यस्तो कुरा सुनेर मौन भए। अंग्रेज हेडमास्टरको विरोध गर्ने साहस उनीहरूमा थिएन। तर, त्यसैवेला एक विद्यार्थी अगाडि बढे र भने, 'सर म यो परीक्षा बाहिष्कार गर्छु। त्यस दिन म घरमै बसेर रमाइलोसँग दीपावली मनाउँछु।

'तिम्रो यत्रो हिम्मत ?' हेडमास्टर गर्जिए र ती विद्यार्थीमाथि १०-१२ लठ्ठी बर्साए। तर, त्यति गर्दा पनि ती विद्यार्थी आफ्नो निर्णय फेर्न तयार भएनन्। उनको यो दृढता देखेपछि ती गोरा हेडमास्टरले भने, 'यो विद्यार्थीले कुनै दिन ठुलोभन्दा ठुलो शक्तिलाई पनि डगमगाउनेछ। ठिक छ, तिमीहरूलाई कलेजमा दीपावली गर्ने अनुमति दिइनेछ।' ती निडर र दृढ निश्चयी छात्र थिए, जयप्रकाश नारायण, जसलाई भारतीय समाजले लोकनायक भनेर सम्मान गर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सरकारले प्रतिशोध राखेको हो ?

सरकारले सहकारी ठगीसम्बन्धी उजुरीमा छानबिन गर्न भनी पूर्वगृहमन्त्री तथा रास्वपा अध्यक्ष रवि लामिछानेलाई हिरासतमा लिएको लामै समय भइसक्यो। सरकारले छानबिनका नाममा पटक-पटक म्याद थप्दै आएको छ। अहिले विभिन्न जिल्लामा उजुरी परेको भन्दै उनलाई एकपछि अर्को जिल्ला घुमाउने तयारी सरकारले गरेको छ। सरकार साँच्चै सहकारी ठगीसम्बन्धी उजुरीमा अनुसन्धान गर्न चाहन्छ भने उसले उजुरी परेकाजति सबैलाई हिरासतमा लिन सक्नुपर्थ्यो। होइन, छानबिनमा नाममा कसैमाथि प्रतिशोध साध्नु नै छ भने हाम्रो भन्नु केही छैन। आगामी निर्वाचनमा हामी सरकारमा सहभागी दललाई देखाइदिनेछौं।

● **गौरी श्रेष्ठ**, गोठाटार, काठमाडौं

उद्योगीले बक्यौता तिर्नैपर्छ

सर्वोच्च अदालतले पनि बिजुलीको बक्यौता महसुल तिर्न आलटाल गर्ने उद्योगीले दायर गरेको रिट खारेज गरी तिनले बक्यौता तिर्नैपर्छ भन्ने संकेत गरेको छ। अब कुनै पनि उद्योगीले यो या त्यो बहाना बनाएर अदालत जाने र वर्षौंसम्म मुद्दा लम्ब्याएर मोटो रकम राज्यलाई नतिर्ने दाउ नखोजे हुने भयो। अब सरकारले पनि प्राधिकरण नेतृत्वलाई बक्यौता नतिरे पनि लाइन नकाट्नू भन्ने आदेश जारी गर्नु व्यर्थ छ। अब जसरी भए पनि उद्योगीले बक्यौता तिर्नैपर्छ।

● **सुप्रिया कठायत**
कीर्तिपुर, काठमाडौं

सेवाप्रदायकबाट कर असुल

इन्टरनेट सेवा प्रदायकले छली गरेको कर तिर्न नपरोस् भनेर दायर गरेको रिट निवेदन खारेज गरेर सर्वोच्च अदालतले निकै राम्रो र जनपक्षीय फैसला गरेको छ। यस फैसलालाई हामी सबै स्वागत गर्छौं। अब कुनै पनि बहानाबाट इन्टरनेट सेवाप्रदायकबाट असुल्न बाँकी कर जरिवानासहित असुल्न ढिलो गर्नुहुँदैन। अब कसैले कर तिर्न आनाकानी गरेको अवस्थामा उसको सेवा प्रवाह गर्ने अनुमतिपत्र नै रद्द गर्नेसम्मको कारबाही प्रक्रियामा सरकार पुग्नुपर्छ। यसबारे सरकारको ध्यान जाओस्।

● **मुकुन्द पहारी**
अनामनगर, काठमाडौं

सरकारको निरन्तरतामा प्रश्न किन ?

सरकार चलाएको १०० दिनभित्रै प्रधानमन्त्री केपी ओलीलाई सात ठुला 'सेडब्याक' देखा परेका छन्। जुन निम्न छन् :

१. रातारात दल विभाजन अध्यादेश ल्याएर ससाना दल विभाजन गरी आफू संसद्को सबैभन्दा ठुलो दल बन्ने ओलीको सपना काग्रेसको विरोधका कारण पूरा हुन ओली 'ब्याक' हुन बाध्य भए।
२. उपसभामुख इन्दिरा रानालाई महाभियोग लगाई हटाएर संवैधानिक परिषद्मा बहुमत कायम गर्ने ओलीको योजना पूरा हुन नसक्दा पनि उनी ब्याक भए।
३. विद्युत् महसुल नतिरे पनि उद्योगको लाइन नकाट्नू भन्ने ओलीको आदेश नमान्ने कुलमान घिसिङलाई पदबाट हटाउन चाहे पनि कुलमानको लोकप्रियताका कारण ओली ब्याक भएका छन्।
४. ओलीले आफ्नो पहिलो विदेश भ्रमण भारतबाट गर्ने इच्छा राखे पनि भारतले निम्तो नदिँदा उनी भारतलाई देखाउनैका लागि भए पनि चीन भ्रमणमा जान लागेका छन्। उनले बिआरआई योजनालाई पनि साथ दिन खोजेका छन्। जसले गर्दा ओली सरकारबाट भारत र अमेरिका थप चिढिन सक्छन्।
५. सरकारको मुख्य घटक काग्रेसमा रहेका गुट, उपगुट र शेखर कोइराला समूहको सरकारप्रतिको आलोचनाले ओली सरकार सशंकित छ। देउवा मात्रको समर्थनले सरकार टिकिरहन सक्दैन।
६. संविधान संशोधनको बुँदा ओली सरकारलाई घाँडो बन्न पुगेको छ। यसमा सरकार ब्याक हुनेपर्छ।
७. मीनबहादुर गुरुङको करिब १५० करोड अवैध दान ग्रहणले ओली रक्षात्मक बनेका छन्, जसले २०८४ सम्मै ओलीलाई पिर्नेछ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

इरानी महिलाको अवज्ञा र शारीरिक स्वायत्तता

राजनीतिक शक्तिलाई स्थायी बनाइराख्न हिन्दु, मुसलमान, इसाई, सिख वा अन्य धर्मका मानिस महिलाको शरीरका मामिलामा एकै ठाउँमा छन्



देश / विदेश

● वर्षा तिवारी

इस्लामिक आजाद विश्वविद्यालय तेहरानकी एक इरानी छात्राले 'अनुचित ढंगले हिजाब' लगाएको भन्दै नैतिकता पुलिसबाट उत्पीडन व्यहोरेकी थिइन्। सो उत्पीडनका कारण क्रुद्ध भएकी युवतीले भित्री वस्त्र मात्रै रहने गरी लुगा फुकालेर विरोध जनाइन्। केशलाई खुला छोड्दै हात बाँधेर अर्धनग्न अवस्थामा विश्वविद्यालयपरिसरमा हिँड्दै उनले महिलाको शरीरमाथि नियन्त्रण र पहरेदारी गर्ने इरानी सत्ताको अवज्ञा गरेकी थिइन्।

आखिर कट्टर धार्मिक संहिता पालना गर्ने नैतिक व्यक्तिलाई महिलाको खुला केश किन खतरनाक लाग्यो ? वा भनौं, दशकौंसम्म स्थिर रहेर तपस्या गर्ने विवेकशील वृद्ध तपस्वी अप्सरा देख्दा श्राप दिने गरी किन सजिलै विचलित हुन्थे ? पितृसत्ता महिलाको शरीरदेखि यतिविधि किन आतंकित भएको हो ? राजनीतिक शक्तिलाई स्थायी बनाउन धर्मको प्रयोग गर्ने हिन्दु, मुसलमान, इसाई, सिख वा अन्य धर्मका मानिस किन महिलाको शरीरका मामिलामा एकै ठाउँमा छन् ? यसको सहज उत्तर हो सबै धर्मले पितृसत्तालाई संरक्षण गर्छन्।

धर्मका ठेकेदार महिलाको सुरक्षा आफैंले गर्ने गरेको दाबी गर्छन्। तर, यिनले सुरक्षाका लागि कुनै वास्तविक काम भने गरेका छैनन्। बरु भय मात्रै बढाएका छन्। यसका पछाडिको निहित मनसाय भनेको महिलालाई थप कडा लक्ष्मण रेखा भएको पिँजडामा कैद गर्नु हो। जति धेरै कैद गर्न सकियो, त्यति नै भयको धारणा बढाउन सकिन्छ। यस्तो किसिमको कैदले धार्मिक कट्टरपन्थीलाई आनन्दित बनाउँछ। आफ्नो घृणाले भरिएका अभिव्यक्तिलाई सांस्कृतिक-धार्मिक अनुशासनको कलेवरमा सजाएर जुन धार्मिक गुरुले महिलालाई बढी नियन्त्रण गर्ने औचित्यलाई पुष्टि गर्छ, तिनले तुरुन्तै वाहवाही र समर्थन पाउँछन्।

महिलाले पुरुषसमान काम गर्न सकिरहेका अवस्थामा उत्पीडनका लागि धार्मिक एवं सांस्कृतिक भाष्य प्रयोग गरेर महिलाको शरीर र स्वतन्त्रतालाई कैद गर्ने सबैभन्दा सजिलो उपाय हो। यो भाष्य एक गम्भीर विरोधाभासलाई दबाउन प्रयोग गरिन्छ। यदि महिला पूर्णतया सुरक्षित, समान र स्वतन्त्र हुन्छन्, अर्थात् महिलाले प्रेम गर्न, विवाह गर्न, लुगा लगाउन र इच्छाअनुसार बच्चा जन्माउन सक्छन् भने पितृसत्ताका अगुवाका लागि आफ्नो पुरुषत्व प्रदर्शन गर्ने कुनै ठाउँ बाँकी रहँदैन।

पञ्जाब विश्वविद्यालय चण्डीगढमा सन् १९८९-९० मा म विद्यार्थी हुँदा छात्रामाथि लागू गरिएको पोसाक संहिताबारे अहिले पनि सम्झिन्छु। हरमन्दर साहिब (स्वर्ण मन्दिर) बाट खालिस्तानी चरमपन्थीलाई 'निस्तेनाबुत' गरेको पाँच वर्षपछि हाम्रो जीवन्त क्याम्पसमा ती चरमपन्थीले ठाउँ पाएका थिए। निलो पगडी लगाएका र छातीसम्म लामो दाह्री पुगेका पुरुषको समूह बुलेट मोटरसाइकलमा घुम्दै महिलाले यस्ता-यस्ता किसिमका पोसाक मात्र लगाउन पाउँछन् भनेर उर्दी जारी गर्थे। क्याम्पसका भित्ता र होस्टेलका गेटमा पञ्जाबी भाषामा केटीले एक्लै बस्न पाउनेछैनन् वा केटासँग घुम्न पाउनेछैनन्, स्कर्ट र लिपस्टिक लगाउन पाउनेछैनन्, कपाल खुला छोड्न पाउनेछैनन् र टाउको एवं छाती छोप्नुपर्नेछ भन्ने व्यहोराका निर्देशन पोतिएका हुन्थे।

पहिले धेरैजसो छात्रा दुपट्टा मात्रै लगाउँथे तर यी उर्दीपछि महिलाले आफ्नो टाउको र अनुहार छोप्न थाले। होस्टेलमा नबस्ने छात्रा परिवारको निरीक्षणका कारण उर्दी मान्न बाध्य थिएनन् र सुरक्षित पनि



सम्पादित चित्र : द वायर

थिए। हामी होस्टेलका छात्रा वास्तविक तारो बनेका थियौं र हामी कक्षामा पढ्न जाँदा सधैंजसो उत्पीडन व्यहोर्थ्यौं। छात्रालाई चरमपन्थी प्रवर्तनकर्तालेरोकेको, थप्पड हानेको र अन्य ढंगले अपमानित गरेको धेरै घटना हुने गर्थे। र, यी घटनाको निन्दा गर्नु र रोक्नुको साटो हाम्रो सुरक्षाको जिम्मेवारी लिनुपर्ने प्रशासनका अधिकारी 'अब यी हिरोइन पल्टिने केटीलाई तह लगाइनेछ' भन्दै मुस्कुराउँथे।

विभिन्न समाचारले होस्टेलका वार्डेनलाई (संरक्षक) उद्धृत गर्दै 'छात्रालाई तह लगाएर यी चरमपन्थीले कम्तीमा राम्रो गरिरहेका छन्' भन्ने भनाइ प्रकाशित गर्थे। क्याम्पसका प्रमुख सुरक्षा अधिकारी 'केटीहरू हातबाट बाहिर निस्किरहेका छन्' भन्दै छात्रामाथिको पहरेदारीलाई समर्थन गर्थे। पत्रपत्रिकाले 'हाम्रो उद्देश्य पञ्जाबको संस्कृतिलाई कलंकित गर्ने यी केटीलाई पाठ सिकाउनु हो' भन्नेजस्ता चरमपन्थी नेताका भनाइलाई प्रकाशित गर्दै उर्दी अनुपालन गर्न आग्रह गर्थे। महिलाको सुरक्षा सुनिश्चित गर्न नसकेका वार्डेन, प्राध्यापक र प्रहरीले चरमपन्थी पोसाक संहितालाई सुविधाजनक समाधानका रूपमा हेरेका थिए।

विश्वव्यापी रूपमा कट्टरपन्थी स्वतन्त्र महिलाको शरीरलाई लिएर गम्भीर रूपमा भयग्रस्त छन्। एउटी महिलाको लुगा लगाउने, विवाह गर्ने वा नगर्ने, बच्चा जन्माउने वा नजन्माउने स्वतन्त्रताले यी कट्टरपन्थीसामु गम्भीर खतराको प्रतिनिधित्व गर्छ। पोसाक, विवाह, जन्म नियन्त्रण वा गर्भपतनमा पहुँचजस्ता व्यक्तिगत छनोटलाई स्वच्छन्द रूपमा महिलाले लागू गर्दा स्थायी राजनीतिक शक्तिमा कट्टरपन्थीको प्रभुत्व र पहिचानलाई चुनौती दिन्छ।

धार्मिक उत्पीडकले वास्तवमा पुरानो पितृसत्तात्मक भयलाई पुनर्जीवित गर्दै महिलाको सुरक्षाको दाबी गर्ने गर्छन्। यी उत्पीडक सामाजिक र वैवाहिक शक्तिबारे महिलाले के गर्न सक्छन् वा के गर्न सक्दैनन् भन्ने निर्धारण गर्न चाहन्छन्। यिनले यसलाई कानुन, 'नैतिक' निर्णय, वा महिलाका सुरक्षाका लागि हो भन्ने जोड दिएर लागू गर्न खोज्छन्। यो प्रायः सबै धर्म, संस्कृति वा समाजमा देखिने गर्छ। यी धार्मिक उत्पीडकले जति धेरै नियन्त्रण प्राप्त गर्छन्, त्यति नै यिनलाई सत्ताको उपल्लो सोपानमा कायम राखिराख्ने प्रतिगामी सामाजिक व्यवस्थाको पकड बलियो हुन्छ।

(तिवारी लेखक एवं अनुवादक हुन्)
द वायरबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ ट्रम्पको दोस्रो कार्यकाल
कस्तो होला अमेरिकी विदेश नीति ?



● जिलियन केस्टलर-डी'अमोर्स

जिलियन आप्रवासन, शरणार्थी, राजनीतिक द्वन्द्व र मानव अधिकारको मुद्दामा कलम चलाउँछिन् ।



अन्ततः अमेरिकाको ४७औँ राष्ट्रपतिको रूपमा ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको पुनरागमन भएको छ । निर्वाचन परिणामले विश्वको धेरै भागलाई प्रभाव पार्ने प्रायः निश्चित छ । यसपटकको चुनावी अभियानमा ट्रम्पले अध्यागमन र मुद्रास्फीतिलगायत विभिन्न घरेलु समस्या समाधान गर्ने वाचा गरे । उनले आफ्नो 'अमेरिका पहिला' विदेश नीतिमा फर्किने छनक पनि दिए, जसले ठुलो पृथकतावाद र न्यून अन्तर्राष्ट्रिय सहयोगतर्फ मोडिने संकेत गर्छ ।

तर, त्यसले ट्रम्पलाई पदभार ग्रहण गरेको २४ घण्टाभित्र युक्रेनविरुद्ध रुसी युद्ध अन्त्य गर्न, मध्यपूर्वमा शान्ति कायम गर्न र अमेरिकाको सबैभन्दा ठुलो भूराजनीतिक प्रतिद्वन्द्वी चीनमाथि प्रभुत्व जमाउन सक्ने भव्य दाबी गर्नबाट रोकेन ।

ट्रम्पले के भनेका छन् र उनले वास्तवमा के गर्न सक्छन् भन्नेबिचमा ठुलो अन्तर हुन सक्छ । सोही कारण विज्ञहरूले उनको भनाइमा पूर्ण रूपमा विश्वास गर्न नहुने चेतावनी दिएका छन् । विश्वले जलवायु संकटदेखि युक्रेन, गाजा र लेबननामा युद्धसम्मका अनगिन्ती चुनौतीको सामना गरिरहेको छ । ट्रम्पले विदेश नीतिमा लिने दिशाले व्यापक प्रभाव पार्नेछ । तसर्थ, दोस्रो ट्रम्प प्रशासनले अमेरिकी विदेश नीतिका लागि के अर्थ राख्छ ? यहाँ केही प्रमुख मुद्दामा चर्चा गर्ने प्रयास गरिएको छ ।

इजरायलको 'सबैभन्दा मिल्ने साथी'

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले एकपटक डोनाल्ड ट्रम्पलाई 'ह्वाइट हाउसमा इजरायलको सबैभन्दा राम्रो साथी' भनेर वर्णन गरे । पदमा रहँदा ट्रम्पले अमेरिकी दूतावास तेल अभिभबाट जेरुसेलम सार्ने कदममा प्यालेस्टिनीहरू र अन्तर्राष्ट्रिय कानुन विशेषज्ञहरूले कडा निन्दा गरेका थिए । उनले सिरियामा कब्जा गरेको गोलान हाइट्समा इजरायलको दाबीलाई पनि मान्यता दिए ।

इजरायल र मुठीभर अरब देशबिचको कूटनीतिक र आर्थिक सम्बन्धलाई औपचारिक बनाउने सम्झौताको शृंखलाको रूपमा उनको प्रशासनले तथाकथित अब्राहम सन्धिलाई मध्यस्थता गऱ्यो । ट्रम्पले 'समस्यामा पैसा फ्याँक्नु' नै मध्यपूर्वमा द्वन्द्व समाधान गर्ने जवाफ हो भन्ने कुरामा धेरै हदसम्म विश्वास गर्ने सेन्टर फर इन्टरनेसनल पोलिसी थिंक ट्यांककी अध्यक्ष तथा सिइओ न्यान्सी ओकेल बताउँछिन् ।

तर, उनी पुनः निर्वाचित भएमा यस क्षेत्रमा शान्त हुनेछ भन्ने ट्रम्पको दाबीविपरीत आलोचकहरू भन्छन् कि उनको 'शान्तिका लागि हतियार' ढाँचा असफल भएको छ- जसको प्रमाण गाजा र लेबननामा इजरायलको विनाशकारी सैन्य अभियानले मध्यपूर्वलाई सर्वव्यापी युद्धको छेउमा धकेल्यो । धेरैले मनन गरेका छन् कि ठुलो मात्रामा हतियारको स्थिर आपूर्ति र इजरायललाई कूटनीतिक समर्थनमार्फत अमेरिकाले पहिले नै ती द्वन्द्वलाई अगाडि बढाउन भूमिका खेलेको छ ।

'हामीले देखेको नियममा आधारित विश्व व्यवस्था र अमेरिकी घरेलु कानुनको संरक्षण साथै अन्तर्राष्ट्रिय कानुनहरू पहिले नै तोडिएको र कमजोर पारिएको छ,' ओकेलले भने । उनका अनुसार पदमा रहँदा ट्रम्पको अघिल्लो कार्यकाल उनको अस्थिरताले परिभाषित गरेको थियो । ह्वाइट हाउसमा ट्रम्पको अर्को चार वर्षको अस्थिरताले गम्भीर असर पार्न सक्छ । मध्यपूर्वमा द्वन्द्व पहिले नै बल्झिरहेको छ र उनको पुनरागमनले चिजहरूलाई अझै बिगार्न सक्ने ओकेल बताउँछिन् ।

युक्रेन र रुससँग ट्रम्पको सम्बन्ध कस्तो होला ?

ट्रम्पले ह्वाइट हाउसमा कमब्याक गरेको २४ घण्टाभित्र युक्रेन र रुसबिचको युद्ध सुल्झाउने दाबी गर्दै आएका छन् । 'यदि म राष्ट्रपति हुँदो हुँ त त्यो युद्ध एक दिनमा समाधान गर्नेछु,' उनले गत वर्ष सिएनएन टाउन हलमा भने ।

यो कसरी गर्नुहुन्छ भनेर सोध्दा ट्रम्पले केही विवरण पेस गर्दै आफू रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग भेट्ने योजनामा रहेको बताएका थिए । 'उनीहरू दुवैमा कमजोरी र सबल पक्ष दुवै छन् र २४ घण्टाभित्र युद्ध समाधान हुनेछ,' उनले भने ।

पुटिनसँग कथित रूपमा घनिष्ठ सम्बन्ध रहेको बताउने ट्रम्पले युक्रेनलाई थप अमेरिकी सहयोगका लागि जेलेन्स्कीको अनुरोधको पनि आलोचना गरेका छन् । 'यो युद्ध कहिल्यै समाप्त हुँदैन,' उनले भनेका छन् । रुस-युक्रेन युद्ध सुल्झाउने विषयमा संकेत गर्दै ट्रम्पले जुनमा एउटा कार्यक्रममा भनेका थिए, 'म ह्वाइट हाउसमा निर्वाचित राष्ट्रपति हुनुअघि नै यो कुरा मिल्नेछ ।'

लन्डनस्थित थिंक ट्यांक चथम हाउसमा अमेरिका कार्यक्रमकी निर्देशक लेस्ली भिन्जामुरी भन्छिन्, 'हामीले ट्रम्पलाई अंकित मूल्यमा लिनुपर्छ । 'उनले चाँडै सम्झौता गर्न सक्छन् र युक्रेनलाई थप सहयोग रोक्न सक्छन्,' उनले भनिन् ।

उदाहरणका लागि ट्रम्पले पुटिनसँग सम्झौता गर्न सक्ने सम्भावना छ, जसमा जेलेन्स्कीको प्रयासलाई बाइपास गर्छ र सम्भावित रूपमा युक्रेन र यस क्षेत्रको सन्दर्भमा धेरै कुरा स्वीकार गर्न सक्छ,' भिन्जामुरीले अल जजिरालाई भनिन् ।

'पुटिन र रुससँग उनको कस्तो प्रकारको सम्बन्ध हुनेछ भन्ने प्रश्न पनि छ र यसले युरोपेली सन्दर्भमा रुसलाई थप हौसला दिन्छ कि दिँदैन भन्ने पनि छ । मलाई लाग्छ कि यो धेरै मानिसका लागि वास्तविक चिन्ता हो ।'

■ इरानसँग शत्रुतापूर्ण सम्बन्ध


ह्वाइट हाउसमा रहँदा वा बाहिर हुँदा ट्रम्पले इरानविरुद्ध कडा अडान राखे । राष्ट्रपतिको रूपमा ट्रम्पको पहिलो कार्यकालमा अमेरिका २०१५ को सम्झौताबाट एकपक्षीय रूपमा फिर्ता भएको थियो, जसका कारण इरानले अन्तर्राष्ट्रिय प्रतिबन्धको बदलामा आफ्नो आणविक कार्यक्रमलाई पुनः सञ्चालन गरेको थियो ।

पछि उनको प्रशासनले तेहरानविरुद्ध कठोर प्रतिबन्ध लगायो र शीर्ष इरानी जनरल कासिम सुलेमानीको हत्यालाई समर्थन गऱ्यो । सुलेमानीको हमलाले मध्यपूर्वमा तनाव बढाएको थियो । 'जब म राष्ट्रपति थिएँ, इरान पूर्ण रूपमा नियन्त्रणमा थियो । तिनीहरू नगदको लागि भोका थिए र सम्झौता गर्न हतास थिए,' उनले अक्टोबरको सुरुमा एक चुनावी अभियानमा भने ।

ओकेल भन्छिन् कि ट्रम्पको अर्को कार्यकालले 'खतरनाक आणविक प्रसार'बारे चिन्ता बढाउन सक्छ । 'यद्यपि, यी नेताहरू मध्यपूर्वमा काम गरिरहेका सबै मानिस र समूहमाथि वास्तवमा कत्तिको नियन्त्रणमा छन् भन्ने कुराको यो एकदमै संकीर्ण दृष्टिकोण हो,' ओकेलले बताइन् । अमेरिकी कंग्रेसको संरचनाले पनि थप भूमिका खेल्न सक्छ । त्यहाँ वासिंगटन डिसीमा 'कर्कस आवाजहरू' छन्, जसले ट्रम्प प्रशासनलाई इरानविरुद्ध अझ चरम दृष्टिकोण अंगीकार गर्न दबाब दिन सक्छ । तर, ट्रम्पको 'अमेरिका पहिलो' सिद्धान्तलाई अँगालेका केही अमेरिकी रुढिवादीहरू हस्तक्षेपविरोधी छन् । 'त्यसैले त्यो गणनामा कारक हुन सक्छ,' ओकेल भन्छिन् ।

यसकारण इलेक्टोरल मतले चुनिन्छन् अमेरिकी राष्ट्रपति

> यस प्रणालीले उच्च जनसंख्या भएका राज्यहरू साना राज्यमाथि हाबी नहुने कुराको सुनिश्चितता हुने र अमेरिकी लोकतन्त्रमा अल्पसंख्यक प्रतिनिधित्वलाई प्रोत्साहित गरेको भन्दै कतिपयले यसको प्रतिरक्षा गर्छन्



नोभेम्बर ५ मा लाखौँ अमेरिकीले राष्ट्रपतिका लागि आफ्नो मतदान गरे । डेमोक्रेट उम्मेदवार कमला ह्यारिसलाई हराएर रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प देशको ४७ औँ राष्ट्रपति बन्नेका छन् । तर, यो जित देशव्यापी लोकप्रिय मतले होइन, राज्य-राज्यभित्र हुने प्रतिस्पर्धाले तय गरेको छ । अमेरिकाबाहिरका धेरै मानिस र कतिपय अमेरिकाभित्रकै मानिस पनि यो जटिल प्रणालीले कसरी काम गर्छ भन्नेबारे अस्पष्ट छन् । यो प्रणाली संयुक्त राज्य अमेरिकामा राष्ट्रपति चुनाव कसरी गरिन्छ भन्ने विषयको केन्द्रमा छ । तर, धेरैका लागि इलेक्टोरल कलेज एउटा रहस्य पनि हो ।

अमेरिकाका संस्थापक पिताहरूले राष्ट्रपतिका उम्मेदवारले विजय हासिल गर्न बहुमत राष्ट्रिय लोकप्रिय मतभन्दा फरक बाटो रोजेका थिए । उनीहरूले अमेरिकी संविधानको धारा दुईमा इलेक्टोरल कलेजको व्यवस्था गरिएको छ । यस प्रणालीअन्तर्गत प्रत्येक राज्यलाई त्यसको जनसंख्याको आकारको आधारमा इलेक्टोरल मतको एउटा निश्चित संख्या तोकिएको हुन्छ । उदाहरणका लागि २.९ करोडभन्दा बढी जनसंख्या भएको टेक्सास राज्यमा ५० इलेक्टोरल भोट छ । अर्कोतर्फ आठ लाखभन्दा कम जनसंख्या भएको उत्तरी डकोटामा जम्मा तीन भोट छुट्याइएको छ ।

इलेक्टोरल कलेज प्रणाली बुझनका लागि जोकोहीले पनि यो बुझ्न जरुरी छ अमेरिकी राष्ट्रपति राष्ट्रिय लोकप्रिय मतद्वारा चुनिदैनन् । लोकप्रिय मत भन्नाले प्रत्येक उम्मेदवारले प्राप्त गर्ने कुल मतको संख्या भन्ने बुझिन्छ । यसको सट्टा मतदातालो ५३८ सदस्यीय निर्वाचक मण्डल अर्थात् इलेक्टोर्सको समूहले राष्ट्रपति चयन गर्दछ । यही निर्वाचक मण्डललाई इलेक्टोरल कलेज भनिन्छ, जसले राष्ट्रपति चुन्छ ।

चुनावअघि प्रत्येक राज्यका राजनीतिक दलहरूले निर्वाचकहरूको विवरण छान्छन् । यिनै छानिएका प्रतिनिधिले अन्ततः राष्ट्रपतिका लागि भोट हाल्छन् । प्रायः इलेक्टर्स पार्टीका पदाधिकारी वा समर्थक हुन्छन् । प्रत्येक राज्यले अमेरिकी तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्स र माथिल्लो सदन सिनेटमा प्रतिनिधित्व गर्ने मतदाताको संख्या उस्तै पाउँछ । उदाहरणका लागि मिसिगनले १५ इलेक्टोरल कलेज भोट पाउँछ । त्यो दुई सिनेटर र कांग्रेसमा राज्यको प्रतिनिधित्व गर्ने तल्लो सदनका १३ जना संसद् सदस्यसँग मेल खान्छ ।

> अमेरिकी संविधानको धारा २ मा इलेक्टोरल कलेजको व्यवस्था गरिएको छ । यस प्रणालीअन्तर्गत प्रत्येक राज्यलाई त्यसको जनसंख्याको आकारको आधारमा इलेक्टोरल मतको एउटा निश्चित संख्या तोकिएको हुन्छ ।

यी निर्वाचक को हुन् र कतिजनाले विभिन्न राज्यको प्रतिनिधित्व गर्छन् र उनीहरूको भोट कसरी बाँडफाँड गरिन्छ ? अमेरिकाका लगभग सबै राज्यमा सबैभन्दा धेरै मत प्राप्त गर्ने राष्ट्रपतिको उम्मेदवारले ती राज्यका सबै इलेक्टोरल मत जित्छ । यो एउटा यस्तो प्रणाली हो, जहाँ भोटिङ ब्लकले सबै सिट जित्न सक्छ । यदि एक उम्मेदवारले एउटा राज्यमा झिनो मतले जित्यो भने पनि उसले त्यो राज्यमा छुट्टाइएको सबै इलेक्टोरल मत प्राप्त गर्छ । यो प्रणाली नपछ्याउनेमा दुई राज्य छन्, मेन र नेबास्का । यी राज्यले कांग्रेसको जिल्लास्तरहरूमा लोकप्रिय भोट प्रतिबिम्बित गर्ने थप जटिल प्रणालीको आधारमा आफ्ना इलेक्टोरल मत बाँडफाँड गर्छन् । डिस्ट्रिक्ट अफ कोलम्बिया (जुन राज्य होइन तर देशको राजधानीलाई समेट्छ) ले पनि तीन इलेक्टोरल कलेज भोट पाउँछ ।

तर, यहाँ सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ह्वाइट हाउसमा पुग्नका लागि राष्ट्रपति पदका उम्मेदवारले इलेक्टोर्सहरू (निर्वाचकहरू)को बहुमतको समर्थन जित्नुपर्छ । त्यसकारण कुल ५३८ इलेक्टोरल कलेज भोटमध्ये उम्मेदवारलाई जित्नका लागि कम्तीमा २७० मत चाहिन्छ । निर्वाचन सम्पन्न भएको करिब एक महिनापछि निर्वाचनकले अन्ततः डिसेम्बरमा मतदान गर्छन् ।

तिनीहरूको भोटहरू त्यसपछि जनवरीको सुरुमा कंग्रेसले प्रमाणित गर्छ । त्यसपछि उम्मेदवार राष्ट्रपतिमा निर्वाचित भएको पुष्टि हुन्छ र पद तथा गोपनीयताको शपथ लिन्छन् ।

अवश्य पनि अमेरिकी राष्ट्रपति पद जित्नका लागि उम्मेद्वारले त्यो जादुई इलेक्टोरल कलेजको २७० मत प्राप्त गर्न पर्याप्त मात्रामा मुख्य राज्यमा समर्थन प्राप्त गर्नुपर्छ । यस प्रणालीअन्तर्गत लोकप्रिय मत जित्ने उम्मेदवार (अमेरिकाभरि कुलमा सबैभन्दा बढी भोट) प्राप्त गर्नेले पनि राष्ट्रपतिमा निर्वाचित हुन नसकेका इतिहास छन् । उदाहरणका लागि एक पछिल्लो उदाहरणमा सन् २०१६ मा डेमोक्रेटिकबाट राष्ट्रपति पदकी उम्मेदवार हिलारी क्लिन्टनले लोकप्रिय भोट जिते पनि रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्पसँग चुनाव हारिन । इलेक्टोरल कलेज प्रणाली राज्यहरूको राजनीतिक शक्ति सुनिश्चित गर्न प्रभावकारी रूपमा डिजाइन गरिएको हो ।

लोकप्रिय मतको पक्षमा वकालत गर्ने कतिपय अमेरिकीले इलेक्टोरल कलेजलाई खारेज गरिनुपर्ने बताउँछन् । तर, यस प्रणालीका कारण उच्च जनसंख्या भएका राज्यहरू साना राज्यमाथि हावी नहुने कुराको सुनिश्चितता हुने र अमेरिकी लोकतन्त्रमा अल्पसंख्यक प्रतिनिधित्वलाई प्रोत्साहित गरेको भन्दै कतिपयले यसको प्रतिरक्षा गर्छन् । जे भए पनि इलेक्टोरल कलेज प्रणाली राज्यहरूको राजनीतिक शक्ति सुनिश्चित गर्न प्रभावकारी रूपमा डिजाइन गरिएको हो ।

अलजजिराबाट

इतिहासमा आज



सन् १९५६ : क्यानेडियन कूटनीतिज्ञ लेस्टर बी पियरसन र संयुक्त राष्ट्र संघका महासचिव ड्याग ह्यामरसोल्डको प्रयासमा संयुक्त राष्ट्र संघको आपत्कालीन फौज स्थापनासँगै स्वेज संकट अन्त्य भयो ।

सन् १८७४ : अमेरिकाको दुई प्रमुख पार्टीमध्ये रिपब्लिकन पार्टीको प्रतीक 'हात्ती' पहिलोपटक कार्टुनिस्ट थोमस नास्टको हारपर्स विक्ली कार्टुनमा स्तम्भमा देखियो ।

सन् १९१७ : दोस्रो विश्वयुद्धको क्रममा ब्रिटिस फौजले अटोमन साम्राज्यअन्तर्गत पर्ने गाजा क्षेत्रलाई कब्जामा लियो ।

सन् १९१७ : मध्यरातमा अन्तरिम सरकारको मुख्यालय विन्टर प्यालेस कब्जामा लिएको बोल्सोभिकले भ्लादिमिर लेनिनको नेतृत्वमा जन-कमिसार परिषद् स्थापना गर्दै रुसमा सोभियत गणतन्त्र स्थापना भएको घोषणा गऱ्यो ।

सन् १९१८ : जर्मन साम्राज्यको एक हिस्सा रहेको बाभारियामा कर्ट आइज्नरको नेतृत्वमा भएको समाजवादी क्रान्तिपछि सो भागका राजा अपदस्थ गरिए ।

सन् १९४४ : फ्र्यांकलिन डी. रुजबेल्टले रिपब्लिन उम्मेदवार थोमस ई. डेबीलाई हराउँदै चौथो कार्यकालका लागि अमेरिकी राष्ट्रपति पदमा पुनः निर्वाचित भए ।

सन् १९७३ : ६ वर्षअघिदेखि टुटेको अमेरिका र इजिप्टबिचको कूटनीतिक सम्बन्ध पूर्ण रूपमा पुनर्स्थापित भयो ।

सन् २००० : अमेरिकामा सम्पन्न राष्ट्रपतीय निर्वाचन अनिर्णीत बन्यो । पछि सर्वोच्च अदाललते रिपब्लिकन पार्टीका उम्मेदवार जर्ज डब्लु बुसको पक्षमा निर्णय गरेपछि यो संकट उल्टिएको थियो ।

सन् २००० : हिलारी क्लिन्टन अमेरिकी सिनेटमा चुनिइन् । उनी सो पदमा चुनिने पहिलो अमेरिकी राष्ट्रपति पत्नी (फर्स्ट लेडी) हुन् ।

सन् २०१८ : विश्वको सबैभन्दा प्राचीन चित्रकला मानिने ४० हजार वर्ष पुरानो इन्डोनेसियाको बोर्नियो क्षेत्रको लुबाङ जेरिजी सालेह गुफामा भेटियो ।

सन् २०२१ : याङ यापिङ अन्तरिक्षमा हिँड्ने पहिलो महिला चिनियाँ अन्तरिक्षयात्री बनिन् ।

नेतन्याहुले यसकारण गरे रक्षामन्त्री बर्खास्त

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले रक्षामन्त्री योभ ग्यालेन्टलाई बर्खास्त गरेका छन् । गत वर्ष अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमास नेतृत्वमा भएको आक्रमणपछि दुई नेताबिचको सम्बन्ध तिक्त बन्दै गएको थियो । नेतन्याहुले लामो समयदेखि अक्टोबर ७ मा भएको सुरक्षा त्रुटिका लागि आफू जिम्मेवार नभएको देखाउने प्रयास गरेका छन् । नेतन्याहुले अक्टोबर ७ मा भएको घटनाका लागि निरन्तर सुरक्षा निकायमाथि दोष दिँदै आएका छन् । हमासले अक्टोबर ७ को आक्रमणमा एक हजार १३९ जना मारेको थियो भने २५० जनालाई बन्धक बनाएर गाजा लगेको थियो ।

उसो त इन्टरनेसनल क्रिमिनल कोर्ट (आइसिसी) ले गाजामा प्यालेस्टिनीहरूलाई भोकमरीको अवस्थामा पुऱ्याएको र सर्वसाधारणको आमविनाशको कारण बनेको आरोप लगाउँदै गैलेन्ट र नेतन्याहुविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । गैलेन्टले प्यालेस्टिनीविरुद्ध भएको अत्याचारका लागि कुनै पश्चात्ताप नदेखाए पनि इजरायलले यस युद्धमा लिएको रणनीतिको आलोचना गर्दै यसलाई 'कम्पासविनाको युद्ध'को संज्ञा दिँदै आएका छन् । उनले इजरायलले आफ्नो सैन्य उद्देश्यहरूको पुनः मूल्याङ्कन गर्न आवश्यक भएको जोड दिँदै आएका छन् ।

निरन्तरको आलोचनापछि नेतन्याहुले ग्यालेन्टलाई अपदस्थ गरेर आफूप्रति बफादार सहयोगी तथा विदेशमन्त्री इजरायल काट्जलाई रक्षा मन्त्रालयको जिम्मेवारी दिएका छन् । काट्ज सैन्य अनुभव नभएको राजनीतिज्ञ हुन् । ग्यालेन्ट र नेतन्याहुबिचको तिक्तताको इतिहासका पछाडि के छ ?

हुन त ग्यालेन्ट र नेतन्याहुको सम्बन्ध अक्टोबर ७ भन्दा पहिले नै कटुतापूर्ण थियो । गत वर्ष मार्चमा, नेतन्याहुले



न्यायपालिकालाई कमजोर बनाउने विधेयक संसद्मा ल्याएपछि उनको ठुलो विरोध भएको थियो । त्यस समयमा, गैलेन्ट पनि नेतन्याहुको आलोचनामा उत्रिएका थिए । एक टेलिभिजन सम्बोधनका क्रममा उनले प्रस्तावित न्यायिक सुधारहरूले देशभित्र व्यापक राजनीतिक ध्रुवीकरण गर्ने र देशको राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने तर्क दिए ।

अक्टोबर ७ को आक्रमणबारे बोल्ने क्रममा ग्यालेन्टले यस वर्ष जुलाईमा हमासको नेतृत्वमा भएको आक्रमण र त्यस दिनको सुरक्षा विफलताको छानबिन गर्न स्वतन्त्र छानबिनको स्थापना गर्न आह्वान गरे । उनले आक्रमण रोक्न नसेकेकामा रक्षामन्त्रीको भूमिका, इजरायली सेना तथा नेतन्याहुको असफलता साथै आन्तरिक गुप्तचर निकाय सिन बेटको अपराधमाथि छानबिन गर्नुपर्ने माग राखे । तर, यस मागबाट नेतन्याहु चिढिए । यस्तो आयोगले प्यालेस्टिनी प्राधिकरण (पिए) लाई कमजोर बनाउन हमासलाई बलियो बनाउने कार्यमा आफ्नो भूमिका खुल्ने डरमा नेतन्याहु रहेको आलोचकहरू बताउँछन् । सन् १९९३ मा प्यालेस्टिनी र इजरायली नेताबिच भएको ओस्लो सम्झौताअन्तर्गत पिए गठन गरिएको थियो ।

गैलेन्ट र नेतन्याहुबिचको सबैभन्दा ठुलो विवाद हमासको कब्जामा रहेका बाँकी बन्धक फिर्ता लिन गाजामा स्थायी युद्धविराम सम्झौताको विषयमा थियो । नेतन्याहुले पछिल्लोपटक नोभेम्बर २०२३ मा एक अस्थायी युद्धविराम सम्झौतालाई अनुमोदन गरेका थिए । त्यस समय इजरायली जेलमा रहेका २४० प्यालेस्टिनी बन्दीलाई रिहा गरेबापत १०५ इजरायली बन्दक फिर्ता गरिएका थिए ।

त्यसवेलादेखि, नेतन्याहुले गाजाको युद्ध र आफ्नो राजनीतिक करिअरलाई लम्ब्याउन प्रत्येक युद्धविराम प्रस्तावलाई प्रभावकारी रूपमा निस्तेज बनाउँदै आएको आलोचकहरूको आरोप छ । जुलाई ३१ मा हमासका राजनीतिक प्रमुख र प्रमुख वार्ताकार इस्माइल हनियेको हत्या भयो । तेहरानमा नवनिर्वाचित इरानी राष्ट्रपति मसुद पेजेस्कियनको शपथग्रहण समारोहमा भाग लिन जाँदा हानियेको हत्या भएको थियो । गैलेन्टले हत्याको निन्दा नगरे पनि इजरायली बन्दकहरूको फिर्तीका लागि सम्झौता गर्नुपर्ने पटक-पटक आह्वान गरेका थिए । इजरायली बन्दकहरूको परिवारले ग्यालेन्टको बर्खास्तीलाई युद्धविराम प्रयास कमजोर पार्ने नेतन्याहुको प्रयासका रूपमा हेरेका छन् ।

एजेन्सी

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २२ कार्तिक ०८१

पोखरामा सिचुवानले १३४ यात्रुसहित आज दोस्रो चार्टर्ड उडान गर्दै

कास्कीमा **रोहितराज पराजुली**

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (पिआइए)मा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको चीनको सिचुवान एयरलाइन्सले १७ महिनापछि पुनः दोस्रो उडान गर्ने भएको छ। विमानस्थल सञ्चालनमा आएको १७२औँ दिनमा (६ असार ०८० मा) सिचुवानले पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको थियो। चीनको छेन्दु विमानस्थलबाट आएको सिचुवान एयरलाइन्सको न्यारोबडी ए ३१९ विमानले चार्टर्ड उडानमार्फत पोखरामा अवतरण गरेको थियो।

१७ महिनापछि कुनमिङ विमानस्थलबाट आउने एयर बस ३१९ विमान बिहीबार दिउँसो १४:४० मा पोखरामा अवतरण गर्नेछ। सो विमान दिउँसो १६:१५ बजे काठमाडौंका लागि उड्ने विमानस्थलकी सूचना अधिकारी जसोदा सुवेदीले जानकारी दिइन्।

नेपाल र चीनबिचको पर्यटन र मित्रतालाई थप सुदृढ बनाउने उद्देश्यसहित २४ कात्तिकमा पोखरामा हुने तेस्रो संस्करणको 'पोखरा अन्तर्राष्ट्रिय पर्वतीय क्रसकन्ट्री दौड प्रतियोगिता'मा सहभागी हुन आउने चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र अन्य व्यक्तिहरू चार्टर्ड उडानमार्फत पोखरा आउन लागेका हुन्। प्रतियोगिताका आयोजकमध्येको एक हिमालयन टुरिजम फोरमका अध्यक्ष विश्व शंकर पालिखेले विमानबाट एक सय ३४ जना यात्रु पोखरा आउने जानकारी दिए। प्रतियोगितामा नेपाल र चीनका खेलाडीहरूले प्रतिस्पर्धा गर्ने उनको भनाइ छ। यसअघि ८ र ९ असार ०८० मा पोखराको फेवातालमा सम्पन्न दक्षिण एसियामै पहिलोपटक नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३ मा सहभागी हुन चिनियाँ टोली आएका थिए। यो नै पोखरामा भएको पहिलो अन्तर्राष्ट्रिय उडान हो।

१७ पुसमा ०७९ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको विमानस्थल ११ फागुन ०८० मा इन्स्ट्रुमेन्ट फ्लाइट रुल्स (आइएफआर) लागू भएपछि अन्तर्राष्ट्रिय उडान र रात्रिकालीन उडानका लागि तयार भएको थियो। १८ फागुन ०७९ देखि रात्रिकालीन उडान सुरु भएको विमानस्थलमा चार्टर्ड उडान भए पनि नियमित अन्तर्राष्ट्रिय उडान कहिलेबाट हुन्छ भन्नेमा हालसम्म कुनै अत्तोपत्तो छैन।

■ २२ महिनामा पाँच चार्टर्ड र एक व्यावसायिक उडान

अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको २२ महिना पोखरामा चारपटक गरी पाँच चार्टर्ड र एक व्यावसायिक उडान भएका छन्। ६ असार ०८० मा सिचुवानले पोखरामा चार्टर्ड उडानमार्फत पहिलो अन्तर्राष्ट्रिय उडान भरेको थियो।

त्यसपछि विमानस्थल सञ्चालनमा आएको आठ महिना सात दिन अर्थात् २३ भदौ ०८० मा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टर्ड उडानसँगै पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान भरेको थियो। पोखराबाट भएको यो पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडानबाट विमानस्थलले करिब तीन लाख आम्दानी गरेको थियो।

२२ कात्तिक ०८० मा चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमानले पोखरामा क्रमशः तेस्रो र चौथो चार्टर्ड उडान गरेका थिए। यसैगरी, ७ मंसिर ०८० मा चीनको कुनमिङ सहरबाट हिमालय एयरलाइन्सले पोखरामा चार्टर्ड उडान गरेको थियो।

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक राख्न प्रधानमन्त्री उदासीन

प्रधानमन्त्रीको अध्यक्षतामा सबै मन्त्री, योजना आयोगका उपाध्यक्ष, मुख्यसचिव र सचिवहरू सम्मिलित बैठक प्रत्येक तीन महिनामा बस्नुपर्ने प्रावधान छ, तर सात महिना बितिसक्दा पनि बैठक बस्न सकेको छैन


कृष्ण रिजाल/नयाँ पत्रिका

प्रधानमन्त्री अध्यक्ष रहने 'राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)'को बैठक ६ महिनादेखि बस्न सकेको छैन। देशको समग्र विकास निर्माणको प्रगति र आगामी कार्ययोजना निर्माणबारे गहन छलफल हुने बैठक प्रत्येक तीन-तीन महिनामा बस्नुपर्ने प्रावधान छ, तर प्रधानमन्त्री केपी ओलीले ६ महिनामा बितिसक्दा पनि बैठक नडाकेर विकास निर्माणको प्रगति लिन उदासीनता देखाएका छन्।

७ महिनाअघि १५ चैतमा समितिको ५२औँ बैठक बसेको थियो। त्यसैले, ५३औँ बैठक असारमा बस्नुपर्ने थियो। तर, कात्तिक सकिनै लाग्दासमेत बैठककको तयारी गरिएको छैन। 'समितिको बैठकले विकासको गाँठो फुकाउनुपर्ने हो, तर यो आफैँ अलपत्रजस्तै बनेको छ' एक सचिवले भने, 'राजनीतिक नेतृत्वले यसतर्फ ध्यान नै दिएको देखिँदैन।' समितिको ५२औँ बैठकको प्रतिवेदन हालसम्म पनि सार्वजनिक नहुनु तथा ५३औँ बैठकको तयारी नगरिनुलाई विकासप्रतिको उदासीनताका रूपमा बुझ्न सकिने उनको भनाइ छ।

असोज दोस्रो साता आएको बाढीपहिरोका कारण ठूलो जनधनको क्षति भयो। बाढीपहिरोले गरेको क्षतिपछि पुनर्निर्माण तथा पुनर्स्थापनामा अलमल भइरहेको छ। पुँजीगत खर्च लक्ष्यअनुसार हुन सकेको छैन। आर्थिक गतिविधिले अपेक्षित गति लिन सकेको छैन। खासगरी निर्माण र उत्पादन क्षेत्र सुस्त छ। 'यस्तो वेला एनडेकको बैठक बसेर विकासमा देखिएका समस्या समाधानको प्रयास गर्नुपर्ने हो। तर, यसतर्फ योजना आयोगले ध्यान दिएको देखिँदैन' ती सचिवले भने। विकास कार्यका लागि अन्तर सरकारी निकाय तथा केन्द्र-प्रदेश-स्थानीय तहबिच समन्वयका लागि निर्देशन दिने कार्यसमेत एनडेकले गर्दै आए पनि लामो समयसम्म बैठक नबस्दा विकासका मुद्दा ओझेलमा परेका छन्।





प्रधानमन्त्री ओलीले विकासलाई मुख्य प्राथमिकता दिएको घोषणा गरेका थिए, तर विकास-निर्माणबारे चिन्तन गर्ने निकायको बैठकै राख्न देखाएनन् चासो

■ विकास खर्चमा छैन सुधार

पुँजीगत खर्च सुधारमा सरकारले कुनै प्रयास गरेको छैन। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार मंगलबारसम्म ९.२७ प्रतिशत मात्रै प्रगति भएको छ। चालू आव ०८१/८२ का लाग तीन खर्ब ५२ अर्ब रुपैयाँ विकास बजेट विनियोजन भएकोमा मंगलबारसम्म ३२ अर्ब ६६ करोड रुपैयाँ भुक्तानी भएको कार्यालयले जनाएको छ। चालू खर्चतर्फ भने २३.३२ प्रतिशत प्रगति भइसकेको छ।

■ चाँडै बैठक बस्ने योजना आयोगको दाबी

बैठकको समन्वयकारी निकाय योजना आयोगका सहप्रवक्ता डा.दिवाकर लुइँटेलले दसैँअघि नै एनडेकको बैठक राख्ने तयारी भएपनि बाढी पहिरोलगायत विभिन्न कारण रोकिएको बताए। उनले तिहारलगत्तै बैठक बस्ने तयारी भइरहेको जानकारी दिए। 'प्राविधिक तहमा बैठकहरू भइरहेकै छन्, मन्त्रालयस्तरबाट समस्या समाधानका काम भइरहेकै छन्,' उनले भने, 'एनडेकको बैठक बस्न ढिलाइ भएको हो, तर छिट्टै बस्छ।'



डा. दिवाकर लुइँटेल
सहप्रवक्ता, योजना आयोग

विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रगति समीक्षा र समस्याको समाधानलगायत काम गर्नका लागि अनुगमन तथा मूल्यांकनसम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा समिति रहने व्यवस्था रहेको छ।

'राष्ट्रिय अनुगमन तथा मूल्यांकन दिग्दर्शन २०७५' ले समितिको बैठक प्रत्येक चौमासिकमा एकपटक बस्ने गरी एक वर्षमा कम्तीमा तीनपटक बस्नुपर्ने व्यवस्था गरेको थियो। तर, यो व्यवस्थालाई संशोधन गरेर त्रैमासिक रूपमा बैठक बस्ने व्यवस्था गरिएको छ। तर, चालू आर्थिक वर्षमा समितिको बैठक बसेको छैन। विकासका नीतिगत, कानुनी तथा प्रक्रियागत बाधा फुकाउने काम एनडेकले गर्ने गर्छ।

विश्व बैंकले लगानी गरेका आयोजनाको तयारी फास्ट ट्र्याकमा



आयोजनाको पूर्वतयारीमा विशेष ध्यान दिन र आयोजना स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्नुपर्छ। नेपालले आफ्नो आवश्यकताअनुसार सहयोग लिने र अधिकतम प्रतिफल दिने ठाउँमा लगानी गर्छ : **विष्णुप्रसाद पौडेल, अर्थमन्त्री**

काठमाडौं/ विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालन गरिने करिब ७२ अर्बबराबरका पाँचवटा आयोजनाको तयारी 'फास्ट ट्र्याक'मा गरिने भएको छ।

अर्थ मन्त्रालयमा बसेको बैठकले पूर्व-पश्चिम राजमार्गको बागमती-पथलैया खण्ड विस्तार, तेस्रो पुल तथा सुधार तथा सम्भार, विद्युत् वितरण प्रणाली आधुनिकीकरण तथा सुधारको आयोजनाको पूर्वतयारी छिटो सम्पन्न गर्ने निर्णय गरेको हो।

यसैगरी, तेस्रो चरणको रानीजमरा-कुलरिया सिँचाइ र पहुँच तथा उत्थानशीलताका लागि डिजिटल सेवा रूपान्तरणसम्बन्धी आयोजनाको तयारी पनि फास्ट ट्र्याकमा गर्ने निर्णय भएको छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको पूर्वतयारीमा विशेष ध्यान दिन र आयोजना स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्न निर्देशन दिए। उनले नेपालले आफ्नो आवश्यकताअनुसार सहयोग लिने र प्रतिफल दिने ठाउँमा लगानी गर्ने बताए।

विश्व बैंकको सहुलियतपूर्ण ऋण लगानीमा सञ्चालन हुने आयोजनाको सम्बन्धित मन्त्रालयले सरोकारवालासँग छलफल गरी पूर्वतयारी गर्नेछन्।

राजस्व र खर्च दुवैमा बागमती कमजोर

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकार चालू आर्थिक वर्षको तीन महिनामा अनुदान प्राप्ति र राजस्व संकलन तथा बजेट परिचालनमा कमजोर देखिएको छ। आव ०८१/८२ को पहिलो तीन महिनामा प्रदेश सरकारले जम्मा १०.६३ प्रतिशत आय गर्दा ६.८८ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

चालू आवमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र आन्तरिक राजस्व संकलनबाट ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखेको प्रदेश सरकारले पहिलो तीन महिनामै न्यून आम्दानी गरेको छ। प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकबाट १३.२३ प्रतिशत अर्थात् दुई अर्ब ६ करोड आठ लाख ५० हजार अनुदान प्राप्त भएको छ। प्रदेश सरकारले चालू आवमा संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेको थियो। यस्तै, प्रदेश सरकारले राजस्व बाँडफाँटबाट चालू आवमा २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ आम्दानी गर्ने अनुमान गरेकोमा जम्मा १२.९५ प्रतिशत अर्थात् तीन अर्ब ८२ करोड ८५ लाख ५६ हजार रुपैयाँ मात्रै प्राप्त भएको छ। प्रदेश सरकारको आन्तरिक स्रोतबाट चालू आवमा चार अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य राखेकोमा यस अवधिमा १९.८० प्रतिशत अर्थात् ८९ करोड ८४ लाख दुई हजार रुपैयाँ प्राप्त भएको छ। यसैगरी, प्रदेश सरकारले बेरुजु तथा गत वर्षको नगद मौज्दातबाट १४ अर्ब ८६ करोड ७४ लाख ५१ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएकोमा अहिलेसम्म जम्मा ०.४९ प्रतिशत अर्थात् सात करोड २९ लाख २८ हजार रुपैयाँ मात्रै प्राप्त गरेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ।

प्रदेश सरकारको तीन महिनामा आम्दानीजस्तै खर्च पनि कमजोर देखिएको छ। प्रदेश सरकारले चालू आर्थिक वर्षको तीन महिनामा कुल विनियोजित बजेटको जम्मा ६.८८ प्रतिशत अर्थात् चार अर्ब ४४ करोड एक लाख २४ हजार ७८ रुपैयाँ खर्च गरेको छ। चालू आवका लागि ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार रुपैयाँबराबरको बजेट सार्वजनिक गरेको प्रदेश सरकारले चालू आवको पहिलो तीन महिनामा प्रदेशका विभिन्न मन्त्रालय, कार्यालय, निकाय र आयोगका लागि विनियोजित बजेटको ६.८८ प्रतिशत मात्रै खर्च गरेको हो।

मन्त्रालयका अनुसार यस अवधिमा विनियोजित बजेटको चालूको तुलनामा पुँजीगततर्फको बजेट कम प्रतिशत खर्च भएको छ। चालूतर्फ तीन अर्ब ३७ करोड ६१ लाख १७ हजार ४२ रुपैयाँ विनियोजन गरिएको १२.९३ प्रतिशत मात्रै खर्च भएको छ। यस्तै, पुँजीगततर्फ एक अर्ब ६ करोड ४० लाख सात हजार ३६ रुपैयाँ बजेट विनियोजन भएकोमा २८ प्रतिशत खर्च भएको छ।

चालू आवका लागि वित्तीय व्यवस्था तथा सेयर लगानीका लागि एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएकोमा हालसम्म खर्च भएको छैन।

नेप्सेमा झिनो अंकको गिरावट

काठमाडौं/ धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक झिनो अंकले घटेको छ। बुधबार नेप्से परिसूचक १.८८ अंकले ओरालो लागेर दुई हजार ६७५.५१ विन्दुमा बन्द भएको छ।

सो दिन कुल एक करोड १६ लाख ८६९ कित्ता सेयर पाँच अर्ब २२ करोड २४ लाख ८६ हजार ८५१ मा कारोबार भएको छ।

सो दिनको कारोबारमा सेन्सेटिभ परिसूचक ०.८१ अंकले घटेर ४७७.१८ मा सीमित भएको छ। त्यस्तै, कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक उकालो लाग्दा आठ उपसमूहको ओरालो लागेको छ।

नेप्सेका अनुसार नारायणी डेभलपमेन्ट बैंकको सेयर मूल्य १० प्रतिशतले बढेको छ। त्यस्तै, बलेफी हाइड्रोपावर ९.९८, पिपुल्स हाइड्रोपावर कम्पनीको ९.१२, समृद्धि फाइनान्स कम्पनीको ८.७९ र राप्ती हाइड्रोका लगानीकर्ताले ७.८० प्रतिशतले कमाएका छन्।

बुधबारको कारोबारमा नेपाल फाइनान्स ८.२६ प्रतिशतले, कुथेली बुखरी हाइड्रोपावर ८.२३, समाज लघुवित्त वित्तीय संस्था ६.२१, युनाइटेड मोदी हाइड्रोपावर ४.०३ र सुपर मादी हाइड्रोपावरको सेयर मूल्य ३.५७ प्रतिशतले घटेको छ।

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना !

(दोस्रो पटक प्रकाशित मिति २०८१/०७/२१ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ११ को उपदफा २ (घ) ६ र यस चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०८१ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चौरजहारी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

ठेक्का नं.	खण्ड	सङ्कलन र उत्खनन गरिने क्षेत्र	वडा नं.	अधिकतम उत्खनन् परिमाण (घन फिट)	न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.कर बाहेक)	धरौटी रकम	बोलपत्र दस्तुर (रु.)
CJM/RIVERBED /NCB/03/081/082	क	चौरजहारी नगरपालिका स्थित भेरी नदीको बाँस खोला, रानीसागर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् कार्य।	वडा नं. १ र २	६७०८९०।००	रु. ३३५४४५०।००	कबोल अङ्को पाँच प्रतिशत	३०००.००
CJM/RIVERBED /NCB/03/081/082	ख	चौरजहारी नगरपालिका स्थित भेरी नदी लामाबगर घाटबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् कार्य।	वडा नं. ३	१३७७०९०।००	रु. ६८८५४५०।००	कबोल अङ्को पाँच प्रतिशत	३०००.००
CJM/RIVERBED /NCB/03/081/082	ग	चौरजहारी नगरपालिका स्थित जहारीखोला, खहरेखोला, टोटाखोला, कालीगारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् कार्य।	वडा नं. ६, ७	८१२१३०।००	रु. ४०६०६५०।००	कबोल अङ्को पाँच प्रतिशत	३०००.००

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website www.chaurjaharimun.gov.np र www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ।

Request for Proposals – Insurance of Office vehicle and Group Personal Accidental Insurance for staffs

First Published Date: 7 November, 2024

Nabil Bank Ltd. invites sealed proposals from interested firms/companies for insurance services for Group Personal Accidental Insurance and insurance of two-wheeler and four wheeler office vehicle.

The requirement for Group Personal Accidental Insurance is as:

1. Group Life
2. Loss of Accident indemnity
3. Dismemberment, Loss of Sight, Hearing Speech Indemnity
4. Total and Permanent Disability
5. Weekly Accidental Indemnity
6. Accidental Medical Expenses Reimbursement

Terms and Conditions

1. Bidders must submit following documents:
   a) Notarized PAN/VAT Certificate.
   b) Audited Balance Sheet of Last Two years.
   c) List of Prime Customers.
   d) Notarized Firm/Company Registration (renewed).
   e) Notarized Tax Clearance certificate of last two years.
   f) Company profile with brief introduction of promoters and key management team.
2. The details of the insurance limit and number of staffs for Group Personal Accidental Insurance shall be provided to the interested party upon submission of Formal Request Letter.
3. For Office vehicle, a formal request letter is to be submitted and upon receiving the same, we shall provide the details of the vehicles.
4. The sealed quotation should be submitted in an envelope addressing to Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than 4:00 PM, 21 November 2024 (Mangsir 6, 2081). Bid documents received after this deadline will not be accepted.
5. In case the last day of submission of bid falls on government holiday, then submission can be done as on the next working day.
6. The received Bids shall be opened at Administration Department, Nabil Bank Ltd, Ghantaghar Building, Kathmandu, Nepal on 22 November, 2024 at 11.00 AM in the presence/absence of the bidder's representatives.
7. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu Contact No:- 01-5971871

बर्दियामा ४५ सय क्विन्टल धान खरिद

गत वर्ष १६ हजार क्विन्टल धान खरिद गरेको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले यो वर्ष एक लाखको लक्ष्य बनायो

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय राजापुरले हालसम्म चार हजार पाँच सय क्विन्टल धान खरिद गरेको छ। यस सिजनमा एक लाख क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको छ।

सरकारले निर्धारण गरेको समर्थन मूल्यमा कम्पनीले किसानबाट धान खरिद गरिरहेको छ। हरेक वर्ष विभिन्न पालिकाबाट धान खरिद गर्दै आएको कम्पनीका मुख्य शाखा प्रमुख केशवराज बुढाले बताए। गत वर्ष १६ हजार क्विन्टल मात्र धान खरिद गरेको बताउँदै यस वर्ष दीपावलीभन्दा अगावै धान खरिद सुरु गरिएको हुनाले लक्ष्यअनुसार धान खरिद हुने उनको भनाइ छ।

सरकारले आर्थिक वर्ष ०८१/८२ का लागि मोटा धानको प्रतिक्विन्टल तीन हजार चार सय १० रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल तीन हजार पाँच सय ८० रुपैयाँ मूल्य निर्धारण गरेको छ। गत वर्ष मध्यम



धानको प्रतिक्विन्टल तीन हजार ६२ र मोटा धानको तीन हजार एक सय ९८ रुपैयाँ निर्धारण गरेको थियो। यस वर्ष गत वर्षको तुलनामा धानको समर्थन मूल्य वृद्धि भएको छ। कम्पनीले धान खरिदका लागि धानको गुणस्तर पनि तोकेको छ। धान सफा र राम्रो हुनुका साथै धानको मोइस्चर १८ प्रतिशत, अपरिपक्व दाना ५ प्रतिशत र बाह्य पदार्थ २ प्रतिशतभन्दा बढी हुन नहुने गरी तोकिएको छ।

यस वर्ष धान खरिदका लागि कार्यालयपरिसर, गेरुवा गाउँपालिकाको शान्तिबजार र मनाउँ, राजापुर नगरपालिकाको बालाबजार र मानपुर टपरामा धान खरिद केन्द्र राख्ने योजना रहेको प्रमुख बुढाले बताए। गत वर्ष बारबर्दिया नगरपालिकामा समेत धान खरिद केन्द्र राखेको थियो। स्थानीय तहले माग गरेमा अरू पालिकामा समेत अस्थायी धान खरिद केन्द्र राख्न सकिने उनको भनाइ छ। यस वर्ष सहकारीमार्फत पनि धान खरिद गर्ने भनी केन्द्रले पत्राचार गरेको हुनाले केही समयमा सहकारीबाट समेत धान खरिद गर्न सकिने उनले बताए।

व्यापारीले सस्तो मूल्यमा किसानबाट धान खरिद गर्दा मारमा पर्ने भएकाले किसानलाई राहत दिनका लागि सरकारले समर्थन मूल्य निर्धारण गर्ने गर्छ। गत वर्ष समयमा खरिद प्रक्रिया अगाडि नबढ्दा धान नपाउँदा लक्ष्यअनुसार धान खरिद गर्न सकेको थिएन।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड राजापुर कार्यालयले धान खरिद सुरु नगर्दासम्म राजापुरका किसानहरूले तीन हजार रुपैयाँ प्रतिक्विन्टलका दरले धान बिक्री गर्न बाध्य थिए। हाल राजापुरमा स्थानीय व्यापारीहरूले मोटा धान नै तीन हजार तीन सयभन्दा बढी मूल्यमा खरिद गरिरहेका छन्।

ग्लोबल आइएमईका ग्राहकलाई यती एयरलाइन्सको टिकट खरिदमा क्यासब्याक

काठमाडौं/ ग्लोबल आइएमई बैंकका ग्राहकले यती एयरलाइन्सको टिकट खरिदमा क्यासब्याक पाउने भएका छन्। बैंकले ल्याएको क्यासब्याक अफर योजनाअनुसार बैंकको मोबाइल बैंकिङ यती एयरलाइन्स टिकटको खरिदमा निश्चित ५०० रुपैयाँ क्यासब्याक पाउनेछन्। क्यासब्याक प्राप्त गर्न बैंकका ग्राहक तथा ग्राहक परिवारका सदस्यले ग्लोबल स्मार्ट प्लसबाट यतीको टिकट बुक गर्दा 'फ्लाई यती' प्रोमो कोड प्रयोग गर्नुपर्नेछ। ग्राहकहरूले यो प्रोमो कोड तीनपटकसम्म प्रयोग गर्न सक्नेछन्। यो क्यासब्याक योजना नोभेम्बर २९ सम्म रहने बैंकले जनाएको छ। ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो। साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरक-फरक विधामा सम्मानित भएको छ।

७२ अर्बबराबरका पाँच आयोजनाको तयारी फास्ट ट्र्याकमा गरिने

काठमाडौं/ विश्व बैंकको सहयोगमा नेपालमा सञ्चालन गरिने करिब ७२ अर्ब रुपैयाँ बराबरका पाँचवटा आयोजनाको तयारी फास्ट ट्र्याकमा गरिने भएको छ। अर्थ मन्त्रालयमा बसेको बैठकले पूर्व-पश्चिम राजमार्गको बागमती-पथलैया खण्ड विस्तार, तेस्रो पुल तथा सुधार तथा सम्भार, विद्युत् वितरण प्रणाली आधुनिकीकरण तथा सुधारको आयोजनाको पूर्वतयारी छिटो सम्पन्न गर्ने निर्णय गरेको हो।

यसैगरी, तेस्रो चरणको रानीजमरा कुलरिया सिँचाइ र पहुँच तथा उत्थानशीलताका लागि डिजिटल सेवा रूपान्तरणसम्बन्धी आयोजनाको तयारी पनि फास्ट ट्र्याकमा गर्ने निर्णय भएको छ। विश्व बैंकको सहुलियतपूर्ण ऋण लगानीमा सञ्चालित हुने आयोजनाको सम्बन्धित मन्त्रालयले सरोकारवालासँग छलफल गरी पूर्वतयारी गर्नेछन्, भने आवश्यकताअनुसार अर्थ मन्त्रालयले सहजीकरण गर्नेछ।

बैठकले सन् २०२५ को फेब्रुअरीसम्ममा आयोजनासँग सम्बन्धित सबै विषयको टुंगो लगाई पूर्वतयारीको काम सक्ने निर्णय भएको छ। तयारी पूरा भएपछि सन् २०२५ को मार्चमा बस्ने विश्व बैंकको बोर्ड बैठकमा ती आयोजनाका प्रस्ताव पेस गरिने योजना छ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोजनाको पूर्वतयारीमा विशेष ध्यान दिन र आयोजना स्वीकृत भएपछि कार्यान्वयनमा तदारुकताका साथ लाग्न निर्देशन दिए। उनले नेपालले आफ्नो आवश्यकताअनुसार सहयोग लिने र अधिकतम प्रतिफल दिने ठाउँमा लगानी गर्ने बताए। बैठकमा अर्थ मन्त्रालय, भौतिक तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रतिनिधि र सम्बद्ध पदाधिकारीको उपस्थिति थियो।

नेपालमा 'टिकटक' आधिकारिक रूपमा सूचीकृत

काठमाडौं/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मंगलबारदेखि आधिकारिक रूपमा सामाजिक सञ्चाल 'टिकटक' सूचीकरण भएको छ। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका- २०८० को दफा ३ को उपदफा १ मा सामाजिक सञ्जाल प्लाटफर्म सञ्चालन गर्न चाहने, व्यक्ति, कम्पनी वा संस्थाले सो निर्देशिकाबमोजिम मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था रहेको छ। सोही निर्देशिकाको दफा ३ को उपदफा ४ मा अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित व्यक्ति, कम्पनी वा संस्थाले अनुसूची १ मा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनुपर्ने व्यवस्था छ।

मन्त्रिपरिषद्को यही कात्तिक ८ गतेको बैठकले टिकटक सूचीकरणको निर्णय गरेको थियो। दसैं, तिहार पर्वका कारण केही ढिला भएको उल्लेख गर्दै मन्त्रालयका सूचना अधिकारी एवं उपसचिव ममता बास्तोलाले मंगलबार टिकटक प्लाटफर्म विधिवत रूपमा मन्त्रालयमा सूचीकरण गरिएको जानकारी दिइन्। सामाजिक सञ्जाल व्यवस्थापन निर्देशिकाअन्तर्गत नेपालभित्र सञ्चालित अन्य सामाजिक सञ्जाललाई समेत यथाशीघ्र सूचीकरण गराउन मन्त्रालयले विज्ञप्ति जारी गरेको छ।

साथै, हालसम्म 'टिकटक'सँगै, 'भाइबर' र 'वी टक'लगायतका सामाजिक सञ्जाल प्लाटफर्म मन्त्रालयमा सूचीकरण भइसकेको छ। 'अरू सामाजिक सञ्जाल सूचीकरणको प्रक्रियामा छन्,' उपसचिव बास्तोलाले भनिन्।

अस्पताल निर्माण गर्न जग्गाकै अभाव

कास्की/ प्रदेश गौरवको आयोजनामा समेटिएको क्यान्सर, मुटु, मिर्गौला र बालरोगसम्बन्धी एकीकृत सेवासहितको विशिष्टीकृत अस्पताल निर्माणका लागि गण्डकी प्रदेश सरकारले संघीय सरकारसँग जग्गा माग गरेको छ। प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले हालै प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट गरेर कास्कीको पोखरा महानगरपालिका- १६ स्थित जौबारी सिँचाइ विभागको दुई सय रोपनी जग्गा प्रदेश सरकारलाई उपलब्ध गराइदिन माग गरिएको जानकारी दिए।

प्रदेश स्थापनापछि गठित पहिलो सरकारले प्रदेश राजधानी पोखरामा उक्त विशिष्टीकृत अस्पताल स्थापना गर्ने निर्णय गरे पनि जग्गा व्यवस्थापनको जटिलतालगायत कारणले कार्यान्वयन हुन सकेको छैन। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा पनि उक्त योजना समेटिँदै आएको स्वास्थ्यमन्त्री पाठकले बताए। 'प्रधानमन्त्रीसमक्ष जग्गा व्यवस्थापनलगायत विभिन्न १२ माग मन्त्रालयका तर्फबाट पेस गरिएको छ, प्रधानमन्त्रीले आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता जनाउनुभएको छ,' उनले भने। मन्त्री पाठकले अन्तरङ्ग सेवासहित २५ शय्याको गण्डकी आयुर्वेद अस्पताल र धवलागिरि आयुर्वेद अस्पतालको स्तरवृद्धिका लागि आवश्यक बजेटको प्रबन्ध गरिदिन संघ सरकारसँग माग गरिएको बताए।

जंगली हात्तीले गच्यो धान र केराखेती नष्ट

रौतहट/ जिल्लाका विभिन्न गाउँमा जंगली हात्ती पस्न थालेपछि स्थानीय त्रसित भएका छन्। जंगली हात्ती गाउँ छिरेपछि अहिले जिल्लाको गुजरा, वृन्दावन र चन्द्रपुर नगरपालिकाका स्थानीय त्रसित बनेका हुन्। हात्तीले भित्र्याउने वेलाको धान नष्ट गर्न थालेपछि किसान चिन्तित छन्। गत आइतबार मात्रै रौतहटको गुजरा नगरपालिका- २ को चोचा, मैरालगायत गाउँमा हात्तीले भित्र्याउने वेला भएको धानबाली नष्ट गरेको थियो।

करिब पाँच बिघाभन्दा बढी खेतमा लगाइएको धानबाली हात्तीले नष्ट गरेको गुजरा- २ का वडाध्यक्ष अशोककुमार चौधरीले जानकारी दिए। हात्तीले लक्ष्मी चौधरी, रामविश्वास चौधरी, जगदिश माझी, खहेरु साहलगायत स्थानीयको धान नष्ट गरेको उनले बताए। केही दिनअघि मात्रै चन्द्रपुर नगरपालिका- २ वनटोलमा जंगली हात्ती पसेर धान तथा उखुबाली नष्ट गरेको थियो। बिहानै धानबारीमा हात्ती देखेपछि स्थानीय त्रसित भएका थिए।

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.
रजिष्टर्ड कार्यालय : कालिकास्थान-२९, काठमाडौं, फोन नं: ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

को

कम्पनीका सञ्चालक लगायत आधारभूत शेयरधनीहरूलाई हकप्रद बापतको रकम जम्मा गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०७/२२ गते)

यस कम्पनीको हाल कायम चुक्ता पूँजी रु.१,५०,००,००,०००/- को १:०.५० को अनुपातमा रु.७५,००,००,०००/- रकम बराबरको विद्यमान शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्विकृत प्राप्त भएकोले सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर आवेदन खुल्ला गर्नु पुर्व धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १२ (४) बमोजिम संचालक लगायत आधारभूत (चुक्ता पूँजीको १ प्रतिशत र सो भन्दा बढी शेयर धारण गर्ने) शेयरधनीहरुले आफुले लिनुपर्ने हकप्रद शेयर बापतको रकम बुझाउनु पर्ने व्यवस्था रहेको हुनाले आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयर बापतको प्रति शेयर रु.१००/- को दरले हुन आउने रकम **मिति २०८१/०७/२९ गते** बैकिङ्ग समयभित्र यस कम्पनीमा सम्पर्क गरी जम्मा गरिदिनुहुन अनुरोध गर्दछौं। यदि कुनै सञ्चालक लगायत आधारभुत शेयरधनीहरुबाट हकप्रद शेयरको लागि आवेदन सहितको रकम प्राप्त नभएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
काठमाण्डौ चक्रपथ सुधार योजना
बबरमहल, काठमाण्डौ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/०७/२२

यस योजनाको मिति २०८१।०५।११ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०१/०८१/८२ अनुसार प्राप्त बोलपत्रको प्राविधिक प्रस्तावबाट सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मुल्यांकन हुदाँ तपशिल अनुसारको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भै छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

सि. न	ठेक्का नं	छनोट भएको बोलपत्र दाता	कबोल अंक (मु.अ.कर सहित)
1	KRIP/33701134/081/82 -01	M/S Shanti Infrastructure Pvt.Ltd., Godawari	46,106,665.88

योजना प्रमुख

पुतली सहयोग योजना
का.जि.का.म.न.पा. वडा नं. ६, बौद्ध
बागमती प्रदेश, नेपाल

कार्यक्रमको प्रस्तावना आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२२ गते

यस पुतली सहयोग योजना संस्थाको संस्थागत विकाश गर्नको लागि आफ्नै भवनसहितको जग्गा चाहिने भएकाले सो कार्यक्रम सञ्चालनका लागि प्रस्तावना यस संस्थाले समाज कल्याण परिषद्मा पेश गरी समाज कल्याण परिषदबाट मिति २०८१।०७।१३ गते प्राप्त स्वीकृत-पत्र अनुसार यस पुतली सहयोग योजना संस्थाको कार्यक्रम क्षेत्र काठमाण्डौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. २ नयाँपाटी चोक सुन्दरिजल जाने मुख्य सडक देखि दायाँ बायाँ १००० मिटरको आसपासमा दुई तल्ले घरसहितको चार सुर मिलेको एक रोपनी वा १६ आना जग्गा खरिद गरिने भएकोले ईच्छुक घरजग्गा व्यवसायी कम्पनी, फर्म वा व्यक्तिगत जग्गाधनीहरूले सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थाको ईमेल butterflyhelpproject2016@gmail.com वा कार्यालयमा आई प्रस्तावना पेश गर्न आह्वान गरिएको छ।

१. परियोजना सञ्चालन गरिने क्षेत्र
- काठमाण्डौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. २ नयाँ पाटी आसपास

२. प्रस्ताव पेश गर्ने मापदण्डहरू
- मुख्य सडक देखि १००० मिटर उत्तर पुर्व हाउजिङ क्षेत्र भित्र (सो भन्दा बाहिर परेको जग्गा पनि यदि संस्थालाई उपयुक्त लागेमा खरिद गर्न सक्नेछ)
- २ वा ३ तल्ले घर सहितको १६ आना जग्गा
- प्रतिआना कम्तीमा २५,००,००० (पच्चिस लाख) देखि बढीमा ३०,००,००० (तिस लाख) सम्म।
- जग्गाको चार सुर मिलेको
- बिजुली बत्ती, पानी र ढलको सुनिश्चितता तथा व्यवस्था गरिएको
- कम्तिमा १२ फिटको बाटोले छोएको हुनुपर्ने
- ८०/८१ सम्मको तिरो र कर सबै चुक्ता भएको हुनुपर्ने
- कुनै मुद्दा मामिला नभएको रैकर जग्गा हुनु पर्ने
- घरको इन्जिनिएरिङ नक्सा र नक्सा नगरपालिकाबाट पारित गरी भवन निर्माण सम्पन्न प्राप्त गरेको हुनुपर्ने।
- व्यक्तिगत जग्गाधनी बाहेक कम्पनी वा फर्मको हकमा कम्पनी अद्यावधिक तथा करचुक्ता प्रमाणपत्र अनिवार्य संलग्न गर्नुपर्ने।

३. पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरू
- जग्गा धनीको नागरिकता
- जग्गाको लालपुर्जा ट्रेस प्रिन्ट र घरको नक्सा आवश्यक कागजातहरू सबै
- प्रस्ताव पेश गर्दा संस्थालाई निवेदन सहित दर पेश गर्नुपर्नेछ।

यस सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आएको प्रस्तावलाई मात्र मान्यता दिईनेछ।

विस्तृत जानकारीको लागि:
Address : Boudhha-6, Ramhiti, Kathmandu, Nepal
Email Address : butterflyhelpproject2016@gmail.com
Phone no. : 01-4813341, 9841138060

परामर्शदाता आवश्यकता सम्बन्धि सूचना

यस कम्पनीको लागि निम्न बमोजिमका दक्ष तथा अनुभवी परामर्शदाताहरु आवश्यक परेको हुंदा तपशिल बमोजिमको योग्यता र अनुभव भएका इच्छुक व्यक्ति तथा कम्पनीबाट आवेदन माग गरिएको छ।

बिज्ञापन नं.	पद	संख्या
०१/२०८१	Principal Architect	१
०२/२०८१	Interior Designer	१
०३/२०८१	EDGE Consultant	१

आवश्यक योग्यता तथा अनुभव:

बिज्ञापन नं. ०१/२०८१	➢ हस्पिटालिटि आर्किटेक्चर, ल्याण्डस्केप डिजाइन तथा प्लानिङ को क्षेत्रमा नेपाल तथा विदेशमा गरि अन्तराष्ट्रिय चेन होटलहरुमा कम्तिमा २० वर्षको कार्य गरेको अनुभव हुनु पर्ने छ। ➢ Marriott International संग आवद्ध भई सम्बन्धित हस्पिटालिटि आर्किटेकमा कम्तिमा १० वटा अन्तराष्ट्रिय चेन होटलहरुमा आर्किटेक्चर, ल्याण्डस्केप डिजाइन तथा प्लानिङ गरेको अनुभव हुनु पर्ने छ।
बिज्ञापन नं. ०२/२०८१	➢ लग्जरी होटल तथा रिसोर्टको इन्टेरियर डिजाइनमा कम्तिमा २० वर्षको कार्य अनुभव हुनु पर्ने छ। ➢ Marriott International संग आवद्ध भई सम्बन्धित क्षेत्रमा नेपाल तथा विदेशमा गरि कम्तिमा २० वटा अन्तराष्ट्रिय चेन होटलहरुमा इन्टेरियर डिजाइर्न गरेको अनुभव हुनु पर्ने छ।
बिज्ञापन नं. ०३/२०८१	➢ EDGE Certification को कार्य अनुभव हुनु पर्ने छ। ➢ International Finance Corporation (IFC) संग आवद्ध भइ नेपाल तथा विदेशमा गरि कम्तिमा १० वटा EDGE Certification को कार्य अनुभव हुनु पर्ने छ।

माथि उल्लेखित योग्यता तथा अनुभव भएका व्यक्ति तथा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शैक्षिक योग्ताको प्रमाणपत्र, (कम्पनीको हकमा कम्पनी दर्ता प्रमाण पत्र, VAT रजिष्ट्रेशन) कार्य अनुभवको प्रमाणपत्र तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि तल उल्लेखित ठेगानामा निवेदन दिन सक्नु हुनेछ।

आवेदन दिने ठेगाना :
गुड कर्मा हस्पीटालिटी प्रा.लि.
काठमाण्डौ महानगरपालिका वडा नं. ४ महाराजगंज काठमाण्डौ। इमेल : finance.goodkarma@gmail.com

धितो लिलाम सम्बन्धी ७ (सात) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मितिः २०८१।०७।२२ गते नयाँ पत्रिका दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस सहकारी संस्था लिमिटेडबाट लिएको ऋण कर्जाको समय अवधि गुज्रिसकेको र यस भन्दा अघि विभिन्न मितिमा कर्जा चुक्ता सम्बन्धी बारम्बार मौखिक तथा लिखित पत्रद्वारा तरताकेता र राष्ट्रिय दैनिक पत्रिकाहरूमा सार्वजनिक सूचनाहरु प्रकाशन गर्दा समेत अटेर गरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको हुंदा यो ७ दिने लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ। अतः यो सूचनाको ७ दिनभित्र ऋणीले उपभोग गरेको व्यक्तिगत कर्जा शीर्षक अन्तर्गत कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर चुक्ता नगरेमा ८औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रि गरी संस्थाको लेना रकम साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर असूल उपर गरिनुका साथै नाम सहित कालो सुचीमा प्रकाशन गरिनेछ। यसरी सुरक्षणमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्दा पनि सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित सहकारी ऐन, सहकारी नियमावली तथा संस्थाको विनियम अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुको अन्य चल अचल सम्पतिबाट समेत असुल उपर गरिने छ।

ऋणीको विवरण	सुरक्षणको विवरण	धनजमानीकर्ताहरूको विवरण
नाम : **पातली कुमाल** (ना.नं. २२८३ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. : सुन्दरबजार-७ पिता : टीका बहादुर कुमाल बाजे : गंगे	जिल्ला : लमजुङ्ग गा.वि.स./न.पा. : सुन्दरबजार वडा नं./निस्सा सिट नं. ४/४ कित्ता नं. २७४६ र २७१० को क्रमशः क्षेत्रफल : ०-१०-०-० र ०-१३-२-० को जग्गा	नाम : **बिक्रम कुमाल** (ना.नं. ३७७२२ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. सुन्दरबजार-४ पिता : गोपाल बहादुर कुमाल बाजे : सम्सेर बहादुर कुमाल
नाम : **बिष्णु माया अधिकारी** (ना.नं. १९६ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. : परेवाडांडा-२ पति : हरि बहादुर अधिकारी ससुरा : लोकबहादुर	१)जिल्ला : लमजुङ्ग गा.वि.स./न.पा. : परेवाडांडा वडा नं./निस्सा सिट नं. : २/२ कित्ता नं. ८२९, ६९० र ६८९ को क्रमशः क्षेत्रफल : १-११-१-२, ०-७-१-० र २-२-३-३ को जग्गा	नाम : **बम बहादुर अधिकारी** (ना.नं. २५२४६ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. परेवाडांडा-२ पिता : हरि बहादुर अधिकारी बाजे : लोक बहादुर
नाम : **पार्वती भण्डारी** (ना.नं. ४५३०३२/४६ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. : घुसेनी-८ पति : सुधन भण्डारी ससुरा : सुरेन्द्र भण्डारी	जिल्ला : लमजुङ्ग गा.वि.स./न.पा. : सुन्दरबजार वडा नं./निस्सा सिट नं. : ९/९ कित्ता नं. २०३९ छेत्रफल : ०-५-०-०	नाम : **सुधन भण्डारी** (ना.नं. २७९४८ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. घुसेनी-८ पिता : सुरेन्द्र भण्डारी
नाम : **जुना थापा** (ना.नं. ५५३०४ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. जिता-८ पति : कृष्ण बहादुर ससुरा : चित्र बहादुर	जिल्ला : लमजुङ्ग गा.वि.स./न.पा. तान्द्रुड टक्सार वडा नं./निस्सा सिट नं. : ८/८ कित्ता नं. १०८४ छेत्रफल : ०-५-३-०	नाम : **दिल माया गुरुङ्ग** (ना.नं. ४३-०१-७२-०१०५८ तनहुं) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा. तान्द्रुड टक्सार-१ पिता : सुन बहादुर भने सोर बहादुर बाजे : मन बहादुर गुरुङ्ग नाम : **कृष्ण बहादुर थापा** (ना.नं ३९२२२ लमजुङ्ग) ठेगाना : जिल्ला लमजुङ्ग गा.वि.स./न.पा जिता-८ पिता : चित्र बहादुर थापा

लिलाम बिक्रि तथा बोलपत्र सम्बन्धि अन्य शर्त बन्देजहरु ::

१. यो सूचना प्रकाशित भएको मिति देखी ७औं दिन दिनको १५:०० बजे सम्म पनि सम्पूर्ण कर्जा चुक्ता गर्न नआएमा ८औं दिन संस्थाको कार्यालय सुन्दर बजार, लमजुङ्गमा विहान १०:०० देखी १६:०० बजे सम्ममा डाँक बढाबढगरी सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्रि स्वीकृति गरिने छ।
२. लिलाम बिक्रि हुने दिन सार्वजनिक बिदा परेमा बिदाको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम बिक्रि हुनेछ।
३. लिलाम बिक्रि स्वीकृत भए लगतै लिलाम स्वीकार्ने व्यक्तिले सकार गरेको मूल्यको १०(दश) प्रतिशत रकम सोही दिन धरौटीको रुपमा संस्थामा बुझाउनु पर्नेछ। लिलाम सकार्ने व्यक्तिले सोही दिन धरौटी बापत बुझाउनु पर्ने रकम नबुझाएमा निजपछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम स्विकृत हुनेछ।
४. डाँक बोल कबोल स्विकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
५. लिलाम सकार गर्ने व्यक्तिले पूरा रकम बुझाईसके पछि संस्थाले आवश्यक प्रकृया पूरागरी उक्त सम्पति लिलाम सकार गर्ने व्यक्तिको नाममा रजिष्ट्रेशन पासगरि दिनेछ। यसरी दाखिल खारेज गरी रजिष्ट्रेशन पास गर्दा लाग्ने सम्पूर्ण शुल्क खर्च लिलाम सकार्ने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।
६. लिलाम बिक्री हुने भनिएको उल्लेखित सम्पति कसैले सकार नगरेमा संस्थाले उक्त सम्पतिको स्वामित्व आफै सकार गरी लिन वा अन्य व्यवस्था गर्न सक्नेछ।
७. लिलाम बिक्रि हुने दिन समयभित्र नै सरोकारवाला व्यक्तिहरु सबैलाई उपस्थित हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ। निजहरुको उपस्थित नभएमा पनि लिलाम बिक्रि कार्य रोकिने छैन।
८. बोलपत्र खोलिनु अगावै ऋणीको तर्फबाट संस्थाको नियमानुसार संस्थालाई भुक्तानी गनुपर्ने सम्पूर्ण साँवा ब्याज बुझाएमा संस्थाले सो लिलाम बिक्रि रद्द गर्न सकिने छ।
९. लिलाम बिक्रि हुने सम्पतिको विस्तृत जानकारीको लागि संस्थामा सम्पर्क गर्न सक्नु हुनेछ।

श्री सुन्दरबजार बहुउद्देशीय सहकारी संस्था लि.
सुन्दर बजार न. पा.-७, लमजुङ्ग

■ यू-१९ विश्वकप एसिया छनोट-२०२४

थाइल्यान्डमाथि नेपालको सहज जित

नयाँ पत्रिका

नेपाली महिला क्रिकेट टोलीले आइसिसी यू-१९ विश्वकपअन्तर्गत बुधबार एसियन छनोटमा थाइल्यान्डलाई ६७ रनले हराएको छ। युएईको अजमान मैदानमा भएको छनोट प्रतियोगितामा नेपालले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाएर १०२ रनको योगफल बनाएको थियो। प्रत्युत्तरमा थाइल्यान्डले ११.४ ओभरमा सबै विकेट गुमाएर ३५ रन मात्र बनाएको थियो। थाइल्यान्डमाथिको सहज जितसँगै नेपालले सन् २०२२ मा यू-१९ विश्वकपकै छनोटमा व्यहोरेको हारको बदला लिएको छ। गत संस्करणमा नेपाल एसियन छनोटमा तेस्रो भएको थियो।

नेपालको जितमा पूजा महतोले ब्याटिङ र बलिङमा अलराउन्ड प्रदर्शन गरिन्। उनले ब्याटिङमा सर्वाधिक ३५ रन बनाइन्। उनले ४० बलमा तीन चौका र एक छक्का प्रहार गरेकी थिइन्। उनी साइमाको ओभरमा बोल्ड भइन्। बलिङमा पूजाले तीन ओभर बलिङ गरेकी थिइन्। उनले एक मेडन राखी ३ रन खर्चेर दुई विकेट लिइन्। पूजाले थाइल्यान्डविरुद्ध प्रतिओभर १ रनरेटमा बलिङ गरेकी थिइन्। उनी १४.४ ओभरमा आउट हुँदा नेपालले स्कोर बोर्डमा ७२ रन जोडेको थियो। पूजाले सोनी पाख्रिनसँग तेस्रो विकेटका लागि ५२ रनको साझेदारी गर्दै नेपालको स्कोरलाई सुधार गरिन्। दुवैले साझेदारी गर्नुअघि नेपाल ५.४ ओभरमा १९-२ को कमजोर अवस्थामा थियो। नेपालको जितमा महत्त्वपूर्ण योगदान दिएकी पूजा खेलकै म्यान अफ दी म्याच भइन्।



थाइल्यान्डविरुद्ध रन लिने प्रयासमा नेपालकी खेलाडी

■ चलेन शीर्ष र मध्यक्रम ब्याटिङ

टस हारी ब्याटिङ गरेको नेपालको ब्याटिङमा शीर्ष र मध्यक्रम खासै चल्न सकेनन्। ओपनरद्वय साना प्रवीण र सवित्री धामीबिचको पहिलो विकेट इनिङ्सकै पाँचौँ बलमा गएको थियो। सानाले चार बल सामना गरी एक चौकाको सहयोगमा ५ रनको योगदान दिइन्। सवित्रीले १७ बलमा ७ रन बनाइन्। ओपनरद्वय छिट्टै आउट भएको नेपालको इनिङ्सलाई पूजा र सानाले सम्हाले। यी दुवै खेलाडी पेभेलियन फर्कंदा नेपालको ब्याटिङ पुनः कमजोर देखियो। ज्योत्स्निका मरासनीले रनआउट हुनुअघि आठ बलमा ४ तथा अलिशाकुमारी यादवले सात बलमा ७ रनको योगदान दिए। सीमा केसीले नटआउट १९ रन बनाइन्। उनले १९ बलमा दुई चौका प्रहार गरेकी थिइन्। थाइल्यान्डकी सइमाले दुई तथा सुनिसाले एक विकेट लिइन्।

■ रचनाले लिइन् चार विकेट

नेपालले लक्ष्य रक्षा गर्ने क्रममा बलर रचनाकुमारी चौधरीको प्रदर्शन अब्बल रह्यो। उनले बलिङका क्रममा चार विकेट लिइन्। रचनाले तीन ओभरमा १२ रन खर्चेदै थाइल्यान्डका चार खेलाडीलाई आउट गरिन्। उनले नै नेपाललाई पहिलो सफलता दिलाइन्। ओपनर अफिसरालाई उनले १३ रनमा बोल्ड गरिन्। थाइल्यान्डको बलियो मध्यक्रम ब्याटिङका तीन खेलाडीलाई सस्तैमा आउट गर्दै रचनाले खेल नेपालको पक्षमा ल्याइन्। उनले चनोनानलाई ६, फिचामोनलाई शून्य तथा कौरैन्टलाई ३ रनमा आउट गरिन्। नेपालको बलिङमा कृष्मा गुरुङले एक र मनीषाकुमारी उपाध्यायले एक विकेट लिए। रिया शर्माले ०.४ ओभरमा दुई विकेट हात पारिन्।

नेपालको अतिरिक्त रन शून्य

थाइल्यान्डविरुद्ध नेपालका बलरले निकै कसिलो बलिङ प्रस्तुत गरेका छन्। ११.४ ओभरमा नेपालले थाइल्यान्डलाई ३५ रनमा आउट पारेको थियो। यस क्रममा नेपालबाट पाँच बलरले बलिङ गरेका थिए। उनीहरूले थाइल्यान्डविरुद्ध एक अतिरिक्त रन पनि दिएनन्। थाइल्यान्डका फितलो ब्याटिङमा चार खेलाडीले रन नै बनाउन सकेनन्। फिचमोन, चारुकान, केवारिन तथा केसिनेले रन नै बनाउन सकेनन्। थाइल्यान्डका १० खेलाडीले दोहोरो अंकमा रन नै बनाएनन्।

■ उमेर समूहमा सिनियर खेलाडीको साथ

एसियन छनोट खेल्न युएईमा रहेको नेपाली टोलीमा युवा तथा सिनियर खेलाडीको मिश्रण देख्न सकिन्छ। यसपटकको टोलीमा अनुभवी खेलाडी छन्। थाइल्यान्डविरुद्धको जितमा महत्त्वपूर्ण योगदान दिएकी पूजासँग सिनियर टोलीबाट टी-२० आई खेलेको अनुभव छ। उनको मुख्य भूमिका नै अलराउन्ड प्रदर्शन गर्नु हो। उनी पछिल्लो सिनियर टोलीकै नियमित खेलाडी हुन्। यू-१९ टोलीमा सिनियर टोलीमा स्थान बनाइसकेकी सोनी पाख्रिन पनि एक महत्त्वपूर्ण सदस्य हुन्। उनले राष्ट्रिय टोलीबाट दुईपटक टी-२० आई खेलेकी थिइन्। सिनियरका साथै उमेर समूहमा अन्तर्राष्ट्रिय खेल खेलिसकेका खेलाडी छन्। गत संस्करणको विश्वकप छनोट खेलेकी एलिसा यादव, साना प्रवीण र स्नेहा टोलीमा छन्।

गत संस्करणमा निराशजनक प्रदर्शन गरेको नेपाल यसपटक एसियन छनोटमा पुग्ने लक्ष्यका साथ दुई महिना प्रशिक्षण गर्दै युएईमा पुगेको हो। महिला यू-१९ टोलीलाई महेशप्रसाद रिजालले प्रशिक्षण दिइरहेका छन्। उनले दाङमा दुई महिना क्लोज क्याम्प राखेका थिए। खेलाडीलाई युएईमा खेल्न सहज बनाउन मुख्य प्रशिक्षक रिजालले भारतको नयाँदिल्लीमा प्रशिक्षण राखेका थिए। दिल्लीको प्रशिक्षणमा नेपालले स्थानीय क्लबसँग अभ्यास खेल खेलेको थियो। क्लोज क्याम्प र अभ्यास खेलमा राम्रो प्रदर्शन गरेका खेलाडीले नै आफ्नो पहिलो बलियो प्रतिद्वन्द्वी थाइल्यान्डलाई हराउन सफल भएका हुन्।

■ चार राष्ट्रबिच प्रतिस्पर्धा

विश्वकप छनोटमा चार राष्ट्रबिच प्रतिस्पर्धा भइरहेको छ। नेपाल, युएई, कुवेत र थाइल्यान्डले एकआपसमा डबल राउन्ड रोबिन खेल खेल्नेछन्। सहभागी हरेक टोलीले अर्को टोलीसँग दुई-दुई खेल खेल्नेछन्। डबल राउन्ड रोबिन खेलमा सर्वाधिक अंक बटुल्ने एक राष्ट्र अर्को वर्ष मलेसियामा हुने आइसिसी यू-१९ विश्वकपमा छनोट हुनेछ। अहिलेसम्म मलेसियामा विश्वकप खेल्ने १६ मध्ये १५ टोलीले स्थान पक्का गरेका छन्। यही एसियन छनोटबाट एक राष्ट्र अन्तिम टोलीका रूपमा रहनेछ। गत संस्करणको शीर्ष १० टोली, आयोजक मलेसिया क्षेत्रीय छनोट जितेका नाइजेरिया, सामोअ, स्कटल्यान्ड र अमेरिकाले स्थान सुरक्षित गरेका छन्। अमेरिका क्षेत्रमा अन्य टोली नहुँदा अमेरिकाले सीधै विश्वकपमा स्थान बनायो।

■ नेपाल प्रिमियर लिग

विश्व च्याम्पियन कप्तान चन्द लुम्बिनीमा आबद्ध

नयाँ पत्रिका

सन् २०१२ मा भारतलाई आइसिसी यू-१९ विश्वकप च्याम्पियन बनाएका कप्तान उन्मुक्त चन्दले नेपाल प्रिमियर लिग (एनपिएल) खेल्ने भएका छन्। लुम्बिनी लायन्सले इन्डियन प्रिमियरि लिग (आइपिए)का चर्चित खेलाडी चन्दलाई बुधबार अनुबन्ध गरेको हो। विश्वकप तथा आइपिएलका अनुभवी खेलाडीको आगमनले लुम्बिनी बलियो रूपमा प्रस्तुत हुने अपेक्षा गरिएको छ।

सन् २०१२ मा भारतलाई यू-१९ विश्वकप दिलाउँदा उत्कृष्ट प्रदर्शन गरेका कप्तान उन्मुक्त चन्दले लुम्बिनीबाट प्रतिस्पर्धा गर्ने

सन् २०१२ को यू-१९ विश्वकपमा चन्दको कप्तानीमा भारतले अस्ट्रेलियालाई फाइनलमा ६ विकेटले पराजित गरेको थियो। अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी ५० ओभरमा आठ विकेट गुमाएर २२५ रन बनाएको थियो। कप्तान चन्दको शतकीय इनिङ्सको मद्दतमा भारतले अस्ट्रेलियामाथि चार विकेटको सनसनी जित निकालेको थियो। उपाधि भिडन्तमा चन्दले १३० बलमा सात चौका र ६ छक्का प्रहार गरेका थिए।



● उन्मुक्त चन्द

विश्वचर्चित तथा महँगो आइपिएलमा उनले दिल्ली डेयरडेभिल्स र मुम्बई इन्डियन्सबाट प्रतिस्पर्धा गरेका छन्। उनले आइपिएलमा २१ खेलमा २० इनिङ्स खेल्दै तीन सय रन बनाएका छन्, जसमा एक अर्धशतक बनाए। उनले लिस्ट 'ए'मा १२० खेलमा चार हजार ५०५ रन बनाएका छन्। जसमा सात शतक तथा ३२ अर्धशतक समावेश छ। यसैगरी, पहिलो श्रेणीमा चन्दले ६७ खेलमा आठ शतकको सहयोगमा ३ हजार ३७९ रन जोडेका छन्।

चन्द अहिले अमेरिकाको मेजर लिग क्रिकेटमा आबद्ध छन्। जहाँ उनले उत्कृष्ट प्रदर्शन गरिरहेका छन्। पहिलो सिजनको एनपिएलमा राम्रो प्रदर्शन गर्ने उनले बताए। 'नेपाल प्रिमियर लिगको पहिलो सिजनमा लुम्बिनीबाट मैदानमा उत्रिन आतुर छु,' उनले भने, 'अहिलेसम्म प्राप्त गरेको क्रिकेटको अनुभव एनपिएलमा भरपुर प्रयोग गर्न चाहन्छु।' लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले विश्वस्तरीय खेलाडीलाई आबद्ध गर्न पाउँदा खुसी लागेको बताए। त्रिवि क्रिकेट मैदानमा एनपिएल १५ मंसिरदेखि ६ पुसम्म चल्नेछ। जसमा आठ फ्रेन्चाइज टोली छन्।

'फेस अफ कर्णाली याक्स'मा खड्का

हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णाली याक्सले कलाकार स्वस्तिमा खड्कालाई 'फेस अफ कर्णाली याक्स'का रूपमा भित्र्याएको छ। कर्णालीले एनपिएलका लागि खड्कालाई आबद्ध गरेको बुधबार पत्रकार सम्मेलनमा जानकारी दिएको हो। 'अहिले खेलकुदको माध्यमबाट हरेक राष्ट्रले आफूलाई चिनाउँदै गएका छन्। नेपालमा क्रिकेटको प्रभाव बढ्दै गएको छ,' खड्काले भनिन्, 'कर्णालीले नेपाली क्रिकेटलाई विश्वमाझ पुऱ्याउने योजना ल्याएको छ। यसैको प्रभावले कर्णालीसँग जोडिन पुगेकी हुँ।'

उनले स्ट्राइकर सावित्रा भण्डारी फ्रान्समा खेलिरहेको र उनकै प्रभावले पनि खेलकुदमा लाग्न प्रेरित गरेको प्रसंग सुनाइन्। 'नेपालकी सावित्राले फ्रान्समा व्यावसायिक फुटबल खेलिरहनुभएको छ। उहाँले पनि फ्रान्समा नेपाल र नेपालीलाई चिनाउनुभएको छ,' खड्काले भनिन्, 'त्यसैले पनि खेलकुदले मलाई प्रभावित पाऱ्यो।'

यसैबिच, कर्णालीले आफ्नो गीत सार्वजनिक गरेको छ। गीतमा हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सका उपाध्यक्ष सुनील खनालको स्वर, संगीत र शब्द छ। टोलीका मुख्य प्रशिक्षक ज्ञानेन्द्र मल्लले कलाकार क्रिकेटमा जोडिनु सुखद रहेको र क्रिकेट विकासमा टेवा पुग्ने विश्वास गरे।

कर्णाली याक्सको मार्की खेलाडीमा राष्ट्रिय टिमका तीव्र गतिका बलर सोमपाल कामी छन्। अक्सनबाट 'ए' श्रेणीमा राष्ट्रिय टोलीका गुल्सन झा, देव खनाल र नन्दन यादवलाई समावेश गरेको छ। त्यस्तै, 'बी' श्रेणीमा अर्जुन घर्तीसहित ऋत गौतम, मौसम ढकाल र भुवन कार्की छन्। 'सी' श्रेणीबाट दीपेन्द्र रावत र युनिशविक्रमसिंह ठकुरीसँगै दीपक डुम्रे छन्।

सुदूरपश्चिमले जित्यो यू-१९ क्रिकेट उपाधि



नयाँ पत्रिका

सुदूरपश्चिम प्रदेशले नरेश श्रेष्ठ स्मृति यू-१९ क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। विराटनगरमा बुधबार भएको उपाधि भिडन्तमा सुदूरपश्चिमले लुम्बिनी प्रदेशलाई ८ रनले हराउँदै उपाधि हात पारेको हो। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले ३७.३ ओभरमा सबै विकेट गुमाएर १२७ रनको योगफल खडा गरेको थियो। सहज लक्ष्य पछ्याएको लुम्बिनी खराब ब्याटिङ गर्दा ४३.१ ओभरमा ११९ रनमै समेटियो। लिग चरणमा सुदूरपश्चिम शीर्ष र लुम्बिनी उपविजेता हुँदै फाइनलमा पुगेका हुन्।

सुदूरपश्चिमलाई च्याम्पियन बनाउन बलर हेमन्त धामीले कसिलो बलिङ गरेका थिए। उनले १० ओभरमा दुई मेडन राखी चार विकेट विकेट लिए। यस क्रममा उनले २५ रन मात्र खर्चे। यसैगरी सचिन भट्ट र नरेन साउदले समान दुई विकेट लिए। नरेनले नौ ओभरमा १० रन खर्चे। सचिनले १० ओभरमा ३२ रन दिएका थिए। प्रतियोगितामा उत्कृष्ट खेलाडी र बलर लुम्बिनीका सन्तोष यादव घोषित भए। कोशीका सोनु अन्सारी उत्कृष्ट ब्याट्सम्यान भए। उत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ पाए। उत्कृष्ट ब्याट्सम्यान र बलरले समान २५ हजार रुपैयाँ हात पारे। फाइनलका म्यान अफ दी म्याच हेमन्त धामीले तीन हजार रुपैयाँ पाए।

लुम्बिनी प्रदेशलाई ८ रनले हराउँदा सुदूरपश्चिमका बलर हेमन्त धामीले १० ओभरमा दुई मेडन राखी चार विकेट विकेट लिए

सन्तोष लिए पाँच विकेट

लिग चरणमा उत्कृष्ट प्रदर्शन गरेका लुम्बिनीका सन्तोष यादवले फाइनलमा समेत सुदूरपश्चिमका खेलाडीलाई खुलेर स्ट्रोक लगाउन दिएनन्। उनले १० ओभरमा २८ रन खर्चेर पाँच विकेट लिएपछि सुदूरपश्चिमले उपाधि भिडन्तमा मध्यम योगफल खडा गरेको हो। सन्तोषले आफ्नो स्पेलमा दुई मेडन पनि फ्याँके। उनले सुदूरपश्चिमका ओपनर राजेश आयेरलाई १४ तथा अर्का ओपनर अभिषेक थापालाई २९ रनमा आउट पारे। अभिषेकले २७ बलमा पाँच चौका प्रहार गरेका थिए। सन्तोषले विकेटकिपर आशिष लुहारलाई २, अशोक धामीलाई ८ र युवराज खत्रीलाई शून्यमा पेभेलियन पठाए।

लुम्बिनीको कमजोर ब्याटिङ

लक्ष्य पछ्याएको इनिङ्समा लुम्बिनीका दोस्रा ओपनर सम्राट भुसाल शून्यमा आउट भए। ओपनर आकाश त्रिपाठीले सर्वाधिक २२ रन जोड्न ४४ बलको सामना गरे। अलराउन्डर प्रदर्शन गरेका सन्तोषले ३५ बलमा १२ रन जोडे। यसैगरी, विजय कोहारले १९ र समीर अलीले ३२ बलमा १८ रन बनाए। सो इनिङ्समा चार खेलाडीले रन नै बनाएनन्। दर्शौं क्रमका खेलाडी शिव कुँवरले ४६ बलमा २० रन बनाए। लुम्बिनीले २० अतिरिक्त रन पाएको थियो।

खेल संक्षेप

साफ महिला फुटबल विजेता बंगलादेशी प्रशिक्षकले दिए राजीनामा

काठमाडौं/ सातौं दक्षिण एसियाली साफ महिला फुटबलमा लगातार दुईपटक उपाधि दिलाएका बंगलादेशी प्रशिक्षक पिटर बटलरले राजीनामा दिएका छन्। गत साता काठमाडौंको दशरथ रंगशालामा बंगलादेशले घरेलु टोली नेपाललाई २-१ ले स्तब्ध पारेको थियो। पिटरले तीन महिनाको तलब नपाएको तथा तलब पनि नियमित नभएको भन्दै बुधबार राजीनामा दिएको जनाएका छन्। बेलायती नागरिक पिटरले उपाधि जितेको भोलिपल्ट तीन महिनादेखि तलब नपाएको खुलासा गरेका थिए। 'कोचिङ करिअरमा यति धेरै चुनौती भोगेको थिइनँ। तीन महिनासम्म पनि पारिश्रमिक दिइएको छैन,' उनले भने। बंगलादेश फुटबल संघसँग सम्झौता सकिन दुई महिना बाँकी छँदै उनले राजीनामा दिएका हुन्।

स्पोर्टिङलाई परोपकार गोल्डकप उपाधि

माइजोगमाई/ दोस्रो सामुदायिक परोपकार गोल्डकप उपाधि ज्योति स्पोर्टिङ क्लबले जितेको छ। प्रतियोगिताको फाइनलमा सुनौलो फुटबल क्लब माइजोगमाई- ४ लाई ६-२ ले पराजित गर्दै ज्योति स्पोर्टिङले उपाधि जितेको हो। ज्योतिले पहिलो र दोस्रो हाफमा समान तीन गोल गरेको थियो। ज्योतिको जितमा लवकुशले ह्याट्रिक गरेका थिए। कप्तान जुयल राईले दुई र सचिन राईले एक गोल गरे। विजयी टोलीले ६१ हजार र उपविजेता सुनौलो फुटबललले ४१ हजार रुपैयाँ पाएका छन्। उदीयमान खेलाडी सुनौलो फुटबलका बेनुप देवान, उत्कृष्ट डिफेन्स ज्योतिका सागर न्यौपाने, उत्कृष्ट गोलरक्षक ज्योतिका रोजन राई र सर्वाधिक गोलकर्ता ज्योतिका जुयल राई घोषित भएका छन्।

■ चर्चित क्रिकेटर जोन्टी रोड्स नेपालमा



कास्की/ दक्षिण अफ्रिकाका पूर्वअलराउन्डर तथा प्रशिक्षक जोन्टी रोड्स नेपाल प्रिमियर लिगमा जोडिएका छन्। सन् १९९२ देखि २००३ सम्म उनी दक्षिण अफ्रिकाकै प्रमुख खेलाडी तथा अलराउन्डर थिए। उनी फ्रेन्चाइज टोली पोखरा एभेन्जर्सको सल्लाहकारका रूपमा नेपाल आएका हुन्। पोखरामा उनलाई भित्र्याएकमा नौ संघसंस्थाले संयुक्त रूपमा 'राइड विथ जोन्टी रोड्स' मोटरसाइकल च्याली आयोजना गर्नेछन्। रोड्सले दक्षिण अफ्रिकाका लागि ५२ टेस्ट र २४५ एकदिवसीय खेलमा थिए। उनले दक्षिण अफ्रिकाबाट टेस्टमा तीन शतक र १७ अर्धशतक प्रहार गरेका छन्। एकदिवसीयमा दुई शतकीय इनिङ्ससँगै ३३ अर्धशतक प्रहार गरेका उनले नेपालको सिनियर उमेर समूहको टोलीलाई छोटो समय प्रशिक्षणसमेत दिएका थिए। आइपिएलमा लखनउ सुपर जायन्ट्ससँग आबद्ध उनले मुम्बई इन्डियन्समा समेत काम गरेका थिए।

साबिक विजेता रियल म्याड्रिड घरमै पराजित

एजेन्सी

युरोपियन च्याम्पियन्स लिगको सर्वाधिक विजेता रियल म्याड्रिड बुधबार बिहान घरेलु मैदान सान्टियागो बर्नाबेउमा पूर्वविजेता एसी मिलानसँग ३-१ ले स्तब्ध भएको छ। च्याम्पियन्स लिगमा चार खेल खेल्दा रियलले दोस्रो हार सामना गरेको छ। दुई जित निकालेको रियल ६ अंकका साथ १७औँ स्थानमा छ। साबिक विजेतामाथि सानदार जित निकालेको एसी मिलान १८औँ स्थानमा छ। एसी मिलानले खेलको १२औँ मिनेटमा अग्रता लिएको थियो। मलिक थियले पाहुना टोलीलाई १-० को अग्रता दिलाए।

खेलमा भिनिसियस जुनियरले रियललाई १-१ को बराबरीमा ल्याए। खेलको ३९औँ मिनेटमा अल्भारो मोराटाले एसी मिलानलाई २-१ को स्थितिमा राखे। रेइन्डर्सले ७३औँ मिनेट गोल गरेपछि एसी मिलान ३-१ ले विजयी भयो। अर्को खेलमा पोर्चुगिज क्लब स्पोर्टिङले इंग्लिस क्लब म्यानचेस्टर सिटीलाई ४-१ ले पाखा लगायो। प्रतिस्पर्धामा सिटीले अग्रता गोल गरेको थियो। तर, सिटीले आफ्नो दमदार प्रदर्शनलाई जारी राख्न सकेन। खेलको चौथो मिनेटमै फिल फोडेनले सिटीलाई १-० को अग्रता दिलाएका थिए। घरेलु मैदानमा सिटीलाई हराउन भिक्टर ग्योकेरेसले ह्याट्रिक गरेका थिए।

भिक्टरले खेलको ३८औँ मिनेटमा १-१ को बराबरी गोल गरे। खेलको ४६औँ मिनेटमा म्याक्सिमिलियानोले गोल गर्दै स्पोर्टिङले २-१ को अग्रता लियो। खेलको ४९औँ मिनेटमा भिक्टरले पेनाल्टी गोल गरे। खेलको ८०औँ मिनेटमा उनले पुनः पेनाल्टीमा गोल गर्दै सिटीमाथि सानदार जित दिलाए। चार खेलबाट स्पोर्टिङले १० अंक जोडेर दोस्रो स्थान बलियो बनाएको छ। इंग्लिस क्लब सिटी छैटौँ स्थानमा छ।

■ लिभरपुलको शतप्रतिशत जित

युरोपियन च्याम्पियन्स लिगमा लिभरपुलले शतप्रतिशत जित निकालेको छ। लुइस डियाजको ह्याट्रिकको सहयोगमा लिभरपुलले जर्मन क्लब बायर लेभरकुजनलाई ४-० ले हरायो। जितपछि लिभरपुलले चारवटै खेलमा जित निकालेर सर्वाधिक १२ अंक जोडेको छ। लेभरकुजन ७ अंकका साथ १२औँ स्थानमा छ। घरेलु मैदान एनफिल्डमा लिभरपुलले सबै गोल मध्यान्तरपछि गरेको हो। डियाजले खेलको ६१औँ, ८३औँ र खेलको इन्जुरी टाइममा ह्याट्रिक पूरा गरेका थिए। नयाँ प्रशिक्षक अर्ने स्लटको प्रशिक्षणमा लिभरपुलले यस सिजन गजबको प्रदर्शन गरिरहेको छ।

अर्को खेलमा जर्मन क्लब बोरुसिया डर्टमन्डले स्टर्म ग्राजलाई १-० ले हरायो। आरबी लाइपजिग भने स्कटिस क्लब सेल्टिकसँग ३-१ ले पराजित भयो। मोनाकोले इटालियन क्लब बोलोग्नालाई १-० ले हरायो। फ्रेन्च क्लब लिलले युभेन्ट्ससँग १-१ को बराबरी खेल्यो।



भूपेन्द्रले अमेरिकामा गोल्डेन ड्रागन खेल्ने

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङले अमेरिकामा हुने १५औँ गोल्डेन ड्रागन च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन्। प्रतियोगितामा सहभागी हुन गुरुङ बुधबार अमेरिकाको क्यालिफोर्निया प्रस्थान गरेका छन्। क्यालिफोर्नियास्थित आर्काडिया हाई स्कुल जिम्नाजियममा हुने प्रतियोगितामा भूपेन्द्रले दुई स्पर्धामा भाग लिनेछन्। उनले ३६ वर्षमाथि उमेर समूहमा ताइची र ट्रेडिसनल चाइनिज फम्समा आफ्नो कौशल प्रस्तुत गर्नेछन्। ट्रेडिसनल चाइनिज मार्सल आर्ट्स् फेडरेसन, युएसएको आयोजनामा हुने प्रतियोगितामा विभिन्न ३० राष्ट्रका २५० जनाभन्दा बढी खेलाडीको सहभागिता रहनेछ।

भूपेन्द्रले अहिलेसमम तीन अन्तर्राष्ट्रिय प्रतियोगितामा राष्ट्रलाई स्वर्ण दिलाएका छन्। उनले सन् २०१८ मा जर्मनीमा भएको विश्व च्याम्पियनसिप, सन् २०१९ मा थाइल्यान्डमा भएको सातौं विश्व कुङ्फु च्याम्पियनसिप र सन् २०२२ मा युकेमा भएको युरोपियन च्याम्पियनसिपमा स्वर्ण जितेका थिए। उनले सन् २०२२ मा भारतको लखनउमा भएको १४औँ राष्ट्रिय कुङ्फू च्याम्पियनसिपमा निर्णायकको भूमिका पनि निर्वाह गरेका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com